# नेपालमा व्यवस्थापन परीक्षणलाई प्रभावकारी बनाउने उपायसम्बन्धी

# अध्ययनको प्रतिवेदन -२०७१

## विषयसूची


| क्र.सं. | विषय | पृष्ठसंख्या |
|---|---|---|
| १. | **अध्ययन प्रतिवेदनको कार्यकारी सारांश** | २ |
| २. | **अध्ययनको परिचय** | |
| | अध्ययनको पृष्ठभूमि | १५ |
| | अध्यायनको कार्यक्षेत्र | १७ |
| | अध्ययनबाट अपेक्षित उपलव्धी र नतिजा एवं सो को उपयोग | १७ |
| ३. | **अध्ययनको विधि** | १८ |
| ४. | **अध्ययनबाट प्राप्त तथ्य र जानकारीको प्रस्तुत, तिनको विश्लेषण तथा समीक्षा** | |
| | व्यवस्थापन परीक्षण व्यवस्थाको शुरुआत तथा यसको परिचय | २० |
| | व्यवस्थापन परीक्षणका विभिन्न दृष्टिकोण, मान्यता र स्तर | २२ |
| | नेपालमा व्यवस्थापन परीक्षणसम्बन्धी वर्तमान अवस्था र अधिकारक्षेत्रको समीक्षा | २८ |
| | व्यवस्थापन परीक्षण निर्देशिकाको उपयुक्तता, स्तरीयता र कार्यान्वयनयोग्यता | ३५ |
| | व्यवस्थापन परीक्षण प्रतिवेदन व्यवस्थाको समीक्षा | ४१ |
| | व्यवस्थापन परीक्षणका लागि जनशक्ति क्षमताको लेखाजोखा तथा मूल्यांकन | ४६ |
| | व्यवस्थापन परीक्षणको प्रतिवेदनको प्रस्तुती तथा प्रतिवेदनमा उल्लिखित बेरुजु फर्स्यौटसम्बन्धी अवस्थाको मूल्यांकन | ४८ |
| ५. | **अध्ययनको निष्कर्ष तथा व्यवस्थापन परीक्षण पद्धतिमा सुधारका लागि सुझाव र सिफारिश** | |
| | अध्ययनको निष्कर्ष | ५१ |
| | व्यवस्थापन परीक्षण पद्धतिलाई प्रभावकारी बनाउन अवलम्वन गर्नुपर्ने उपायसम्बन्धी सुझाव र सिफारिश | ५४ |
| | व्यवस्थापन परीक्षण व्यवस्थामा गरिने सुधारको कार्यान्वयनको कार्ययोजना | ६२ |
| ७. | **मुख्य सन्दर्भ सामाग्री** | ७० |



# नेपालमा व्यवस्थापन परीक्षणलाई प्रभावकारी बनाउने उपायसम्बन्धी

# अध्ययनको प्रतिवेदन -२०७१

## अध्ययन प्रतिवेदनको कार्यकारी सारांश

१. सार्वजनिक क्षेत्रमा विधिको शासन संचालनमा सहयोग गरी सुशासन अभिवृद्धि गर्ने ध्येयका साथ कानुनी राज्यको अवधारणा अनुसार नेपालको निजामती प्रशासन संचालन भए नभएको विषयमा स्वतन्त्र र विशेषज्ञतामा आधारित व्यवस्थापन परीक्षण विधिको प्रयोग गरी परीक्षण गर्ने मुख्य उद्देश्यका साथ वि.सं. २०५५ साल देखि निजामती सेवा ऐन, २०४९ मा गरिएको संशोधनले व्यवस्था गरे बमोजिम सरकारी संगठनहरुको व्यवस्थापन परीक्षणको शुरुआत भै यसको व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी केन्द्रिय कर्मचारी निकायका रुपमा सामान्य प्रशासन मन्त्रालयलाई दिइएको छ।

२. व्यवस्थापन परीक्षणको कार्यलाई नियमित र व्यवस्थित तुल्याई सरकारी संगठनहरुको व्यवस्थापनमा सुधारको कार्यलाई निरन्तरता दिनका लागि नेपाल सरकारले सर्वप्रथम वि.सं. २०६३ सालमा व्यवस्थापन परीक्षण निर्देशिका लागू गरी उक्त निर्देशिकामा समयानुकूल सुधारसहित वि.सं. २०६७ साल देखि परिमार्जित निर्देशिका कार्यान्वयनमा ल्याइएको छ।

३. व्यवस्थापन परीक्षणसम्बन्धी हालको व्यवस्थाको कार्यान्वयन भएको १५ बर्षभन्दा बढीको अनुभव हासिल गरिसकिएको हालको अवस्थामा यस व्यवस्थाको कार्यान्वयनस्तरीयता कस्तो रहेको छ? सरकारी निकायको व्यवस्थापकीय सुधारमा यसको भूमिका र योगदान को अवस्था के छ ? यस व्यवस्थाको औचित्य र आवश्यकता के कस्तो रहेको छ? कार्यान्वयनमा देखिएका समस्या र कमिकमजोरी के कस्ता रहेका छन्? यस व्यवस्थाको प्रभावकारिता अभिवृद्धि गरी नतिजामूलक र गुणात्मक तुल्याई यसको वैधता र कार्यान्वयनयोग्यताको सम्वर्द्धन गर्न के कस्ता सुधारका क्षेत्र हुन सक्छन्? प्राथमिकता तथा कार्यान्वयनको व्यवहारिकताका दृष्टिमा सुधारका लागि उपयुक्त सुझाव र सिफारिश के के हुन्? आदि विषयमा स्वतन्त्र रुपमा समीक्षा हुनु आवश्यक देखिएको सन्दर्भमा नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालयले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा संचालन गरेको “Project to Prepare the Public Administration for State Reforms (PREPARE)” नामक परियोजना अन्तरगत व्यवस्थापन परीक्षण व्यवस्थाको समीक्षा गरी सुधारका लागि उपयुक्त उपाय अवलम्वन गर्न सघाउने अभिप्रायका साथ प्रस्तुत समीक्षात्मक अध्ययन सम्पन्न गरिएको छ।

४. प्रस्तुत अध्ययनको प्रमुख उद्देश्य र कार्यक्षेत्रमा (क) नेपाल तथा विश्वस्तरमा सार्वजनिक क्षेत्र तथा निजी क्षेत्रमा अवलम्वन गरिएका व्यवस्थापन परीक्षणका सिद्धान्त र व्यवहारको परिप्रेक्ष्यमा नेपालको व्यवस्थापन परीक्षणसम्बन्धी वर्तमान व्यवस्था र अधिकारक्षेत्रको समीक्षा गर्ने, (ख) निजामती सेवा ऐन,

२०४९ मा गरिएको व्यवस्थापन परीक्षणसम्बन्धी प्रावधान अन्तरगत कार्यान्वयनमा ल्याइएको व्यवस्थापन परीक्षण निर्देशिकाको उपयुक्तता, स्तरीयता र कार्यान्वयनयोग्यताको समीक्षा गर्ने, (ग) व्यवस्थापन परीक्षणका हालसम्मका प्रतिवेदनहरुको स्तर, समेटेका क्षेत्र, विश्लेषणका विधि र तरिका तथा दिइएका सुझाव र सिफारिशको समीक्षा गर्ने, (घ) व्यवस्थापन परीक्षणका लागि प्रदत्त जिम्मेवारी वहन गर्नका लागि व्यवस्थापन परीक्षण शाखामा कार्यरत कर्मचारीहरुको क्षमताको लेखाजोखा तथा मूल्यांकन गर्ने, तथा (ङ) व्यवस्थापन परीक्षणको प्रतिवेदन तयारी तथा प्रस्तुती, प्रतिवेदनमा उल्लिखित विषयका उपर प्रतिक्रिया प्राप्त गर्ने तथा परीक्षणबाट देखिएका बेरुजु उपर स्पष्टीकरण तथा फर्स्यौटको अवस्थाको मूल्यांकन  गर्ने रहेका छन् ।

५. व्यवस्थापन परीक्षणको अध्ययन समीक्षाबाट प्राप्त नतिजाले आगामी दिनमा व्यवस्थापन परीक्षण व्यवस्थामा सार्थक सुधारका लागि रणनीति निर्माण गर्न, कानुनी व्यवस्थालाई उपयुक्तता र पर्याप्तताका आधारमा सुधार गर्न, संस्थागत क्षमता विकास गर्न तथा कार्यमूलक र नतिजामूलक पद्धति निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने सक्षमता हासिल गर्न सहयोग र योगदान पुग्ने अपेक्षा गरिएको छ ।

६. अध्ययनको विधि र प्रक्रियाका रुपमा प्रस्तुत अध्ययन नेपालमा व्यवस्थापन परीक्षण व्यवस्था र सो को कार्यान्वयन प्रतिको छाप र प्रभावका वारेमा केन्द्रित भएको र यस पद्धतिका कमीकमजोरी हटाई वर्तमान तथा भविष्यमा प्रभावकारी व्यवस्था गर्न सकिने गरी सारभूत सुधारका लागि मार्गप्रशस्त हुने गरी यस अध्ययनलाई गुणात्मक अनुसन्धान विधिमा आधारित तुल्याइएको छ र विवरणात्मक तथा विश्लेषणात्मक तरिका अवलम्वन गरिएको छ । साथै व्यवस्थापन परीक्षणको प्रभावकारी कार्यान्वयनका चुनौती र समस्याको विश्लेषण गरी अनुभवजन्य सिकाइसमेतका आधारमा यस व्यवस्थामा सुधारका लागि व्यावहारिक उपायका लागि सुझाव र सिफारिश प्रस्तुत गरिएका छन् ।

७. प्रस्तुत अध्ययनले लिएका उद्देश्य प्राप्तीका लागि आवश्यक तथ्य र सूचना तथा जानकारी हासिल गर्नका लागि प्राथमिक स्रोत र माध्यमिक स्रोतका साथै संस्थागत तथा मानवीय स्रोतलाई प्रयोग गरेको छ । नेपालमा व्यवस्थापन परीक्षणको कार्यमा संलग्न कर्मचारी, व्यवस्थापन परीक्षण गरिएका कार्यालयका कर्मचारी, व्यवस्थापन परीक्षणसम्बन्धी ज्ञान र सीप भएका व्यक्तिसंगको अन्तरक्रिया र छलफल तथा अवलोकन विधिलाई सहभागितात्मक तथ्य संकलनको मुख्य तरिका र स्रोतका रुपमा लिइएको छ । अध्ययनको प्रारम्भिक मस्यौदालाई नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायका जिम्मेवार अधिकारीहरुको परामर्श गोष्ठीमा प्रस्तुत गरी अन्तरक्रियाका माध्यमबाट सुझाव तथा अनुपोषण प्राप्त भए बमोजिम परिमार्जन र सुधार गरी प्रस्तुत गरिएको छ ।

८. संगठनको लेखापरीक्षणको आधुनिक अवधारणाका व्यवस्थापन परीक्षण पद्धति निजी तथा व्यावसायिक संगठनको व्यवस्थापकीय क्षमताको विकास गर्ने तथा आन्तरिक व्यवस्थापन नियन्त्रण गर्ने परिपाटीका

रुपमा सन् १९३२ देखि शुरु गरिएको हो । व्यवस्थापनमा गुणात्मकता, प्रतिस्पर्धात्मकता, नाफामा बढोत्तरी, साधनस्रोत तथा जनशक्तिको दक्ष उपयोग, व्यवस्थापकीय नीतिनिर्माण तथा निर्णय प्रक्रियामा सक्षमता हासिल गर्न सघाउने, व्यवस्थापकीय जोखिमको पूर्वानुमान गरी समयमै समाधानको तत्परताको विकास गर्ने, तथा संगठनात्मक नियम, प्रक्रिया तथा उत्पादनको स्तर कायम गर्न परिपालना भए नभएको परीक्षण गर्ने व्यवस्थापन नियन्त्रण व्यवस्थालगायतका सुधारात्मक उपायका रुपमा यस पद्धतिको प्रयोग भएको हो ।

९. व्यवस्थापन परीक्षणलाई संस्थागत सुशासन कायम गर्ने मुल ध्येयका साथ व्यवस्थापनलाई सक्षम, प्रतिस्पर्धात्मक, मितव्ययी र बजारउन्मुख तुल्याई उत्पादकत्व र नाफामा बढोत्तरी गर्ने मुख्य आधारका रुपमा निजी क्षेत्रले प्रयोग गरेको पाइएको छ । व्यवस्थापनमा नयां नयां विधि, प्रविधि र पद्धतिको विकास गर्ने, गुणस्तरसम्बन्धी समस्याको पहिचान गरी सुधारात्मक उपाय अवलम्वन गर्ने, नीति निर्माण र निर्णय पद्धतिलाई सक्षम तुल्याई सेवाप्रवाहलाई प्रभावकारी तुल्याउने, सेवाग्राही तथा बजारको सन्तुष्टी हासिल गर्ने, जस्ता पक्षलाई निजी क्षेत्रले व्यवस्थापन परीक्षण गरी हासिल गरेको पाइन्छ । नेपालमा समेत निजी क्षेत्र तथा व्यावसायिक क्षेत्रको विकाससंगै खासगरी ठूला प्रतिष्ठानहरुले यस पद्धतिको गुणात्मक अनुशरण गर्ने गरेका छन् ।

१०. प्रभावकारी व्यवस्थापन परीक्षणका लागि रणनीतिक व्यवस्थापन क्षमता, कार्यमूलक तथा व्यावसायिक रुपमा सक्षम संस्थागत व्यवस्था, नतिजामूलक र कार्यदक्षतामा आधारित पद्धति तथा कार्यविधि, सकारात्मक मनोविज्ञान एवं सहकार्य र साझेदारीको आवश्यकता पर्दछ ।

११. व्यवस्थापन परीक्षणका विभिन्न सैद्धान्तिक पक्ष र अवधारणा एवं व्यवस्थापन परीक्षणसम्बन्धी अन्तरराष्ट्रिय प्रचलन र व्यवहारको विश्लेषण बाट व्यवस्थापन परीक्षणका विशेषता तथा शर्तलाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छः

(क) सम्पूर्णताका दृष्टिले व्यवस्थापन परीक्षण भनेको कार्यालयको निरीक्षण वा परिपालनाको परीक्षण मात्र होइन । यसले व्यवस्थापकीय कार्यको हालको उपलब्धी, नतिजा र प्रभावकारिता तथा सो हासिल गर्न गर्नु पर्ने सुधारका वारेमा स्वतन्त्र र विशेषज्ञ रुपमा मार्गदर्शन गर्दछ र कार्यप्रगतिको अनुगमन र मूल्यांकनसमेत गर्दछ ।

(ख) स्वतन्त्र, पेशागत रुपमा दक्ष, एकीकृत अधिकारक्षेत्रसहितको स्तरीकृत व्यवस्था प्रभावकारी व्यवस्थापन परीक्षणले चाहेको हुन्छ ।

(ग) कार्यक्षेत्रगत जिम्मेवारीका दृष्टिकोणले व्यवस्थापन परीक्षणको कार्यक्षेत्र र जिम्मेवारी व्यापक हुन्छ न कि सीमित । यसले संगठनात्मक र सामूहिक क्रियाकलापको वारेमा लेखाजोखा र परीक्षण गर्दछ न कि कुनै व्यवस्थापक वा कर्मचारीविशेषको कार्यसम्पादनलाई मात्र सीमित गर्दछ ।

(घ) व्यवस्थापन परीक्षण वाह्य क्षमतामा भन्दा आन्तरिक रुपमा सुदृढ क्षमताका आधारमा सम्पादन गरिन्छ । त्यसर्थ यसको प्रभावकारिताका लागि संगठनले आन्तरिक नीति, संस्थागत व्यवस्था, विधि र पद्धति तथा मनोवैज्ञानिक सुदृढतामा विशेष जोड दिनु पर्दछ ।

(ङ) संगठनात्मक व्यवहारका दृष्टिले व्यवस्थापन परीक्षण सहभागितामूलक, नतिजामा आधारित एवं कर्मचारीतन्त्रीय वा प्रशासनिक व्यवस्था भन्दा व्यवस्थापकीय अवधारणामा आधारित हुन्छ ।

(च) व्यवस्थापन परीक्षणको प्रमुख आधार भनेको नै संगठनात्मक नीति, संरचनात्मक व्यवस्था, कार्यसम्पादन पद्धति एवं सेवा प्रवाह तथा नतिजामूलक प्रभावकारितासम्बन्धी आधारभूत सूचना र प्रमाण हुन् जसको लेखाजोखा, विश्लेषण तथा मूल्यांकनका आधारमा व्यस्थापकीय कार्यका वारेमा परीक्षण गर्न सकिन्छ ।

१२. हाल कार्यान्वयनमा रहेको व्यवस्थापन परीक्षण निर्देशिकाले सामान्य प्रशासन मन्त्रालयलाई अनुसन्धानात्मक अधिकारक्षेत्र, सुधारात्मक र सुझावात्मक अधिकारक्षेत्र, विकासात्मक तथा प्रवर्द्धनात्मक अधिकारक्षेत्र, प्रशासकीय अधिकारक्षेत्र र दण्डात्मक अधिकारक्षेत्रका साथै अधिकार प्रत्यायोजन गरी अन्य निकाय मार्फत व्यवस्थापन परीक्षण गराउन सक्ने अधिकारक्षेत्रसमेत प्रदान गरेको छ । तापनि हालको सम्बैधानिक व्यवस्था, विशेषीकृत कानुनी व्यवस्था तथा संगठनात्मक व्यवस्थाले नेपालको व्यवस्थापन परीक्षणलाई खण्डीकृत र विभाजित तुल्याएको छ ।

१३. सामान्य प्रशासन मन्त्रालयले व्यवस्थापन परीक्षणका लागि कार्यालय छनौटका आधारमा व्यापक र सीमित कार्यक्षेत्र भएका कार्यालयहरु, आमजनतासंग प्रत्यक्ष रुपमा सरोकार राख्ने र सेवा प्रवाहमा सघनता भएका कार्यालय, अघिल्लो आर्थिक बर्षमा  छनौटमा नपरेका कार्यालय, विकासात्मक गतिविधिसंग सम्बन्धित कार्यालय, संचार माध्यममा चर्चामा आइरहने कार्यालयहरु लाई समावेश गर्ने गरिएको पाइएको छ । यस अनुसार सरकारी संगठनमा व्यवस्थापन परीक्षण शुरु गरेको आर्थिक बर्ष २०५६।६७ मा जम्मा ९० वटा कार्यालयको परीक्षण सम्पन्न गरेको देखिन्छ भने आर्थिक बर्ष ०७०।७१ मा जम्मा ३७ वटा कार्यालयको परीक्षण गरिएको छ । यस विवरणका आधारमा नेपाल सरकारका  झण्डै पांच हजार कार्यालय रहेकोमा आर्थिक बर्ष ०७०। ७१ सम्म जम्माजम्मी ५ सयको हाराहारीमा मात्र व्यवस्थापन परीक्षणका लागि कार्यालय समेट्न सकिएको देखिन्छ । यसका आधारमा विश्लेषण गर्दा हालको व्यवस्थापन परीक्षण क्षमता र व्यवस्थापन परीक्षण गर्नु पर्ने आवश्यकताबीच निकै ठूलो खाडल देखिएको छ ।

१४. व्यवस्थापन परीक्षणसम्बन्धी विभिन्न कार्यक्रम संचालनका लागि सामान्य प्रशासन मन्त्रालयलाई प्राप्त कुल बार्षिक बजेटको १ प्रतिशतभन्दा कम बजेट विनियोजन भएको, आर्थिक बर्ष ०६८।६९ मा सामान्य प्रशासन मन्त्रालयको कुल बजेट रकम रु १७,९८,९८ हजार रहेको थियो भने व्यवस्थापन परीक्षण कार्यक्रमका लागि रु १३,०० हजार छुट्याइएको, आर्थिक बर्ष ०७०।७१ मा मन्त्रालयको कुल बजेट रु २७,०७,०८ हजार रहेकोमा व्यवस्थापन परीक्षण कार्यक्रमका लागि रु २५,०५ हजार व्यवस्था गरिएको, तथा चालु आर्थिक बर्ष ०७१।७२ का लागि मन्त्रालयलाई प्राप्त बजेट रु २०,५५,०९ हजार मध्ये व्यवस्थापन परीक्षणका लागि जम्मा रु ९,०० हजार व्यवस्था गरिएको देखिन्छ । यसका आधारमा मूल्यांकन गर्दा सामान्य प्रशासन मन्त्रालयको कुल बार्षिक बजेटको १ प्रतिशत भन्दा कम बजेट विनियोजन गरिएको देखिन्छ । यस अनुसार व्यवस्थापन परीक्षणका लागि कार्यक्रम संकुचित र बजेट रकम घट्दो अवस्थामा रहेको पाइन्छ । व्यवस्थापन परीक्षणसम्बन्धी रणनीतिक योजना नभएकाले बार्षिक कार्यक्रम र बजेटमा प्राथमिकता पाउन नसकेको देखिन्छ ।

१५. व्यवस्थापन परीक्षण व्यवस्थालाई सरकारी व्यवस्थापनमा व्यवस्थित रुपमा कार्यान्वयन गर्नका लागि लागू गरिएको व्यवस्थापन परीक्षण निर्देशिकाको उपयुक्तता, कार्यान्वयनयोग्यता र स्तरीयताको समीक्षा गर्दा यसले नेपालको सार्वजनिक निकायमा व्यवस्थापन परीक्षणका लागि आधार तथा मार्गदर्शन गरेको छ र यसलाई सचेतना अभिवृद्धि गर्ने तथा प्रशिक्षण दिने दस्तावेजका रुपमा समेत उपयोग गर्न सकिने देखिन्छ । व्यवस्थापन परीक्षणलाई राजनीतिक नेतृत्वदेखि कार्यान्वयन तह र सरोकारवालालाई सुसूचित गर्ने र पैरवी तथा सचेतना बढाउनसमेत यस निर्देशिकाको योगदानको प्रशस्त संभावना रहेको छ ।

१६. निर्देशिकाले व्यवस्थापन परीक्षणको कार्य योजना निर्माण गरी कार्यसंचालन गर्ने देखि अनुगमन र मूल्यांकन तथा संस्थागत व्यवस्थापनमा सुधार गर्न सामान्य प्रशासन मन्त्रालयलगायत सबै सरकारी निकायलाई यस निर्देशिकाले मार्गदर्शन गरेको छ । यो आफैमा एक सार्थक शुरुआत हो । त्यसैगरी निर्देशिकाले व्यवस्थापन परीक्षणसम्बन्धी जिम्मेवारीलाई तार्किक तथा विवेकशील तरिकाले कार्यसम्पादन गर्ने गरी कार्यविधिगत स्पष्टता कायम गरेको छ । यसले प्रक्रियामा एकरुपता, पारदर्शिता र कार्यान्वयनमा सहजता प्रदान गरेको छ । साथै व्यवस्थापन परीक्षणका महत्वपूर्ण तरिकामा निरीक्षण तथा सुपरीवेक्षण, छानवीन, परीक्षण तथा जांचबूझ, महत्वपूर्ण तथा सान्दर्भिक पक्षको अवलोकन, सूचना र तथ्यको अन्तरसम्बन्धको सुनिश्चितता एवं तथ्यगत परीक्षण जस्ता तरिकालाई निर्देशिकाले आत्मसात गरेको छ ।

१७. व्यवस्थापन परीक्षणसम्बन्धी विश्वव्यापी मान्यता र सिद्धान्तका दृष्टिले हालको व्यवस्थापन परीक्षण निर्देशिका लाई मूल्यांकन गर्दा उपयुक्तता, स्तरीयता र कार्यान्वयनयोग्यताका दृष्टिले देहाय बमोजिम समीक्षा गरिएको छ :

(क) व्यवस्थापन परीक्षण निर्देशिकाले रणनीतिक दिशावोध गर्न सकेको छैन । व्यवस्थापन परीक्षणलाई सार्वजनिक व्यवस्थापनको राष्ट्रिय प्राथमिकताका रुपमा स्थापित गर्न स्पष्ट रणनीति, सक्षम संस्थागत व्यवस्था, योजना र कार्यक्रम एवं साधनस्रोत परिचालनका दृष्टिले हालको व्यवस्था सक्षम रहेको देखिन्न ।

(ख) प्रभावकारी व्यवस्थापन परीक्षणका लागि सार्वजनिक व्यवस्थापनसंग सम्बन्धित सबै पक्षको परीक्षण गर्ने अधिकारक्षेत्र र जिम्मेवारी एकीकृत रुपमा कार्यान्वयन गर्न सक्ने गरी कानुनी तथा पद्धतिगत व्यवस्था आवश्यक पर्दछ । तर हालको व्यवस्था खण्डित र सीमित अधिकार र जिम्मेवारीमा रहेको हुंदा कार्य प्रभावकारिताका दृष्टिमा उपयुक्त मान्न सकिन्न ।

(ग) व्यवस्थापन परीक्षण भनेको कार्यालयको निरीक्षण गर्ने प्रकृतिको वा प्रक्रियागत परिपालनाको परीक्षण मात्र नभई यसले व्यवस्थापकीय कार्यको हालको उपलव्धी, नतिजा र प्रभावकारिता तथा सो हासिल गर्न गर्नु पने सुधारका वारेमा स्वतन्त्र र विशेषज्ञ रुपमा मार्गदर्शन गर्दछ । तर हालको निर्देशिकाले निरीक्षण वा परिपालनाको परीक्षण गर्ने दृष्टिकोण राखेको हुंदा सैद्धान्तिक आधार कमजोर रहेको छ ।

(घ) स्वतन्त्र, पेशागत रुपमा दक्ष, एकीकृत अधिकारक्षेत्रसहितको स्तरीकृत संस्थागत तथा पद्धतिगत व्यवस्था व्यवस्थापन परीक्षणले चाहेको हुन्छ तर निर्देशिकाले स्वतन्त्र र व्यावसायिक रुपमा सक्षम भन्दा मन्त्रालयको आंगिक जिम्मेवारीका रुपमा तथा परावलम्वनमा आधारित संस्थागत व्यवस्था कायम गर्न खोजेको देखिन्छ ।

(ङ) कार्यक्षेत्रगत जिम्मेवारीका दृष्टिकोणले व्यवस्थापन परीक्षणको कार्यक्षेत्र र जिम्मेवारी व्यापक हुन्छ न कि सीमित । यसले संगठनात्मक र सामूहिक क्रियाकलापको वारेमा लेखाजोखा र परीक्षण गर्दछ न कि कुनै व्यवस्थापक वा कर्मचारी विशेषको कार्यसम्पादनमा सीमित गर्दछ । निर्देशिकाले आत्मसात गरेको परीक्षणको केन्द्रविन्दु समष्टीगत व्यवस्थापन भन्दा पनि निजामती कर्मचारी विशेषले गरेको कार्यको परीक्षणमा सीमित भएको देखिंदा सैद्धान्तिक उपयुक्तता र स्तरीयताका दृष्टिले सकारात्मक मान्न सकिन्न ।

(च) व्यवस्थापन परीक्षण वाह्य क्षमतामा भन्दा आन्तरिक रुपमा सुदृढ क्षमताका आधारमा गरिन्छ । त्यसर्थ यसको प्रभावकारिताका लागि संगठनले आन्तरिक नीति, संस्थागत व्यवस्था, विधि र पद्धति तथा मनोवैज्ञानिक सुदृढतामा विशेष जोड दिनु आवश्यक हने मा हालको व्यवस्थापन परीक्षणसम्बन्धी सामान्य प्रशासन मन्त्रालयमा रहेको व्यवस्थापन परीक्षण शाखा र विभिन्न केन्द्रिय निकाय र मन्त्रालयमा रहेका व्यवस्थापन परीक्षणको जिम्मेवारी वहन गर्ने संयन्त्र सुदृढ र सक्षम

रहेका देखिन्नन् । यसले व्यवस्थापन परीक्षण पद्धतिको कार्यान्वयनयोग्यतामा प्रश्नचिन्ह खडा गरेको छ ।

(छ) संगठनात्मक व्यवहारका दृष्टिले व्यवस्थापन परीक्षण सहभागितामूलक, नतिजामा आधारित, कर्मचारीतन्त्रीय वा प्रशासनिक व्यवस्थाभन्दा व्यवस्थापनवादमा आधारित हुनेमा निर्देशिकाले व्यवस्थापन परीक्षणको कार्यलाई व्यवस्थापनवाद भन्दा कर्मचारीतन्त्रीय पद्धति र व्यवहारबाट कार्यान्वयन गर्न खोजेको देखिन्छ ।

(ज) व्यवस्थापन परीक्षणको प्रभावकारी कार्यान्वयनका लागि सवल वातावरण, सक्षम कार्यान्वयन व्यवस्था, प्रभावकारी अनुगमन तथा व्यापक र सार्थक सहकार्य र साझेदारीको आवश्यकता पर्दछ । यी सबै पक्षमा हालको निर्देशिकाले गतिशीलता ल्याउन सक्ने देखिन्न । यसका लागि रणनीतिक स्पष्टता, सक्षम र समर्पित संस्थागत व्यवस्था, पेशागत रुपमा सक्षम जनशक्ति व्यवस्था, स्रोत परिचालनको सुनिश्चितता, आदि आवश्यक पर्नेमा निर्देशिकाले ती कुराको स्पष्टता सुनिश्चितता गर्न सकेको छैन ।

(झ) व्यवस्थापन परीक्षणको स्तरीयताका लागि सूचना व्यवस्थापन, प्रमाणमा आधारित परीक्षण, व्यावसायिक तथा पेशागत आचारसंहिता, स्वार्थको द्वन्द्वको व्यवस्थापन, कार्यसम्पादन व्यवस्थापन पद्धति एवं कार्यसम्पादन सूचक र मापदण्डको व्यवस्था, परीक्षणको नतिजा मापन तथा मूल्यांकनका वस्तगत आधारसमेतको दिग्दर्शन आवश्यक पर्नेमा निर्देशिकाको उद्देश्यपरक तथा वस्तुगत कार्यान्वयनका लागि यी आवश्यकताको परिपूर्ति हुन नसक्नाले निर्देशिका अपूरो र स्तरीयता तथा कार्यान्वयनयोग्यताका दृष्टिले उपयुक्त देखिएको छैन ।

१८. व्यवस्थापन परीक्षणको स्तरीयता र गुणात्मकताका लागि प्रमाणमा आधारिता, पर्याप्त र सान्दर्भिक सूचना र तथ्यांकको संकलन र विश्लेषण, परीक्षणका नतिजाको स्पष्ट रुपमा पर्याप्त संचार गरी प्रतिक्रिया लिने, निश्पक्षता र उत्तरदायित्व वहन गर्ने, व्यवस्थापनमा सुधारका लागि आधार तयार गर्ने र निर्देशन गर्ने, सम्बन्धित सबै पक्षको सक्रिय सहभागिता जस्ता पक्ष महत्वपूर्ण हुन्छन् । त्यसैगरी व्यवस्थापन परीक्षणमा प्रयोग गरिने सूचना र जानकारी पहुंचका दृष्टिमा सहज, स्पष्ट र सही, सान्दर्भिक र पर्याप्त तथा अद्यावधिक हुनु पर्दछ । यसका आधारमा नेपालको सरकारी संगठनहरुमा हालसम्म गरिएका व्यवस्थापन परीक्षणका प्रतिवेदनहरुको स्तरीयता, समेटिएका क्षेत्र, विश्लेषणका विधि र तरिका तथा दिइएका सुझाव र सिफारिशको समीक्षा देहाय बमोजिम प्रस्तुत गरिएका छन्:

(क) व्यवस्थापन परीक्षण प्रतिवेदनको उपयक्तता र स्तरीयताका लागि व्यवस्थापन परीक्षणका क्रममा अवलम्वन गरिएका विधि, संकलित प्रमाण तथा सूचनाको स्तर, विश्लेषणको तरिका, प्रतिवेदन

तयारीका क्रममा गरिएका सहभागितात्मक पद्धति र प्रतिवेदनले निर्देशित गर्ने सुधारात्मकता प्रमुख रुपमा उल्लेख्य छन् ।

(ख) व्यवस्थापन परीक्षणका सिलसिलामा अवलम्वन गरिएका विधि तथा प्रतिवेदन तयारीका क्रममा सम्पादन गरिएका कार्य प्रारम्भिक तथ्यांकको संकलन, पूर्व जानकारीको आदान प्रदान, अन्तरक्रिया र छलफल तथा अनुपोषणका आधारमा गर्ने गरिएको देखिन्छ । परीक्षणको प्रतिवेदन तयारीका क्रममा व्यवस्थापन परीक्षणबाट देखिएका विषय, व्यवस्थापकीय त्रुटी र अनियमितताका वारेमा पर्याप्त संचार र प्रतिक्रिया लिने व्यवस्था, अन्तिम प्रतिवेदन तयार भएपछि सो को जानकारी सम्बन्धित निकायलाई दिने व्यवस्थाले हालको प्रतिवेदन व्यवस्थालाई विद्यमान क्षमता र साधनस्रोतका आधारमा सन्तोषजनक नै मान्नु पर्ने हुन्छ ।

(ग) हालसम्मका व्यवस्थापन परीक्षणका कार्यालयगत तथा समष्टीगत प्रतिवेदनहरुको मूल्यांकन गर्दा सरकारी संगठनको व्यवस्थापनका सारभूत पक्षलाई भन्दा प्रक्रियागत पक्षमा केन्द्रित गरेको देखिएको छ । व्यवस्थापन परीक्षणको कार्यक्षेत्रमा संगठनात्मक नीति र व्यवहारको परीक्षण गर्ने जिम्मेवारी लिएको देखिएतापनि नीतिगत परीक्षण र संगठनात्मक व्यवहारको परीक्षण गरेको पाइएन । नियम र प्रक्रियाको पालनाको विषयमा प्रतिवेदन केन्द्रित रहेको देखिन्छ । संगठनात्मक व्यवस्थापनको प्रभावकारिताका लागि नीतिगत र व्यवहारगत प्रभावकारिता महत्वपूर्ण हुने आधारमा प्रतिवेदनलाई स्तरीय र उपयुक्त मान्न सक्ने अवस्था देखिएन ।

(घ) नेपालको सार्वजनिक व्यवस्थापनमा कार्यसम्पादन व्यवस्थापन पद्धति लागू नभएको तथा कार्यसम्पादनसम्बन्धी व्यवस्थापन सचना प्रणालीको संचालन नभएको अवस्थामा कार्यसम्पादन सूचक, कार्यदक्षता र मितव्ययिताका आधार, कार्यनतिजाको स्तरनिर्धारण, वस्तुगत मापदण्डको आधारको अभावमा व्यवस्थापन परीक्षण वस्तुगत हुन सक्ने कुर भएन ।

(ङ) परीक्षणका क्रममा प्राप्त तथ्य र सूचनाको विश्लेषणका लागि सूचना र तथ्यको परीक्षण, वर्गीकरण, लेखाजोखा तथा नतिजा हासिल गर्ने र निष्कर्षमा पुग्ने क्षमताको उपयोग भएको पाइएन । विश्लेषण विधिमा प्रक्रियाको पालनाको विषयले बढी महत्व पाएको र नतिजामूलक क्षमताको विश्लेषण गर्ने कुनै परिपाटीको उपयोग नभएको प्रतिवेदनहरुको अध्ययनबाट देखियो । प्रतिवेदनमा उल्लिखित विषय विश्लेषात्मक भन्दा विवरणात्मक प्रस्तुतीमा आधारित रहेको पाइयो ।

(च) व्यवस्थापन परीक्षणको प्रतिवेदनमा दिइएका सुझाव र सिफारिश कार्यालय निरीक्षणका क्रममा देखिएका कुरालाई आधार मानी तयार गरिएको देखिन्छ । सुझाव र सिफारिशको कार्यान्वयनयोग्यता र व्यावहारिकताको लेखाजोखा गरेको देखिन्न । ज्यादाजसो सुझाव र सिफारिश

सामान्य किसिमको भनाइमा आधारित तथा औपचारिक मात्र रहेको पाइएको छ र तिनको कार्यान्वयनका लागि पर्ने कानुनी तथा वित्तीय असरका वारेमा स्पष्ट व्याख्या भएको पाइएन ।

(छ) सरकारी निकायको संगठनात्मक पक्ष कमजोर रहेको, निजामती सेवा ऐन तथा नियमावली र अन्य प्रशासकीय कानुन र कार्यविधिको पालना नभएको, साधनस्रोतको व्यवस्थापन, समन्वय व्यवस्था, प्रशासनिक अनियमितता दोहोरिएको, यस अघिका परीक्षणबाट देखिएका त्रुटी नसच्याइएको र सुधार नगरिएको, जिन्सी निरीक्षण नगरिएको, कर्मचारीको काजसम्बन्धी विषयले प्रतिवेदनहरुमा प्राथमिकता पाएको देखिन्छ । प्रतिवेदनमा नीतिगत प्रभावकारिता, व्यवस्थापकीय कार्यदक्षता, वित्तीय प्रभावकारिता, सेवाप्रवाहको प्रभावकारिताजस्ता विषयले कम प्राथमिकता पाएको देखिन्छ । सुझाव र सिफारिशको वर्गीकरण गरी तत्काल कार्यान्वयन गर्नु पर्ने र गर्न सकिने, योजना र कार्यक्रम बनाएर गर्न सकिने तथा दीर्घकालीन सक्षमताका आधारमा गर्न सकिने, जस्ता आधारभूत पक्षमा ध्यान दिइएको पाइएन ।

(ज) व्यवस्थापन परीक्षणबाट दिइएका सुझाव र सिफारिशप्रति संगठनको नेतृत्व तह र उच्च व्यवस्थापन तहले संवेदनशील रुपमा लिने नगरेको तथा ती सुझाव र सिफारिशलाई मन्त्रालय वा केन्द्रिय निकायले संगठन र व्यवस्थापन सुधारको प्राथमिकताको कार्यसूचीमा समावेश गरेको पाइएन र संगनको नीति निर्माण तथा विकास कार्यक्रम तथा बजेट तर्जुमाका बखत ती सुझावको कार्यान्वयनले स्थान पाएको देखिएन ।

(झ) व्यवस्थापन परीक्षणमा खटिने कर्मचारीहरुको क्षमताको विश्लेषण गर्दा व्यवस्थापन परीक्षणसम्बन्धी आधारभूत तालिम नलिएका, सीप र दक्षता अपेक्षित रुपमा नभएका, अनभवको अपर्याप्तता, संगठनात्मक निर्देशन व्यवस्था कमजोर भएको, प्रतिवेदन तयारीका क्रममा विशेषज्ञ सल्लाह र सुझाव पाउन नसकेको कारणले व्यवस्थापन परीक्षणको प्रतिवेदनको स्तरीयता हासिल गर्न नसकिएको देखिएको छ ।

१९. व्यवस्थापन परीक्षणका लागि व्यवस्था गरिएको जनशक्ति क्षमताको लेखाजोखा गर्दा व्यवस्थापन परीक्षण कार्यको नियमन, समन्वय, संचालन, अनुगमन र मूल्यांकनको जिम्मेवारी भएको यस शाखामा हाल कार्यरत कर्मचारीमा पेशागत क्षमता, अनुभव र विशेषज्ञताका आधारमा सक्षमता हासिल भएको नपाइनुका साथै सरकारी संगठनको व्यवस्थापन परीक्षण बढी जटील र चुनौतीपूर्ण हुँदै गएको, कार्यक्षेत्र व्यापक र विस्तृत हुंदै गएको अवस्थामा हालको जनशक्ति क्षमताले बढ्दो आवश्यकता पूरा गर्न सक्ने देखिंदैन । साथै व्यवस्थापन परीक्षणको कार्यलाई प्रभावकारी तुल्याउनका लागि खास जनशक्ति योजना र प्रशिक्षण व्यवस्था गरिएको पाइन्न । व्यवस्थापन परीक्षणसम्बन्धी कार्यसम्पादन व्यवस्थापन पद्धति, कार्यसम्पादनमा आधारित प्रोत्साहन व्यवस्था, सक्षम कर्मचारीको परिचालन योजनासम्बन्धी कुनै व्यवस्था रहेको देखिएन । त्यसैगरी व्यवस्थापन परीक्षणको कार्यमा संलग्न भै लामो अनुभव हासिल गरेका र

योगदान गर्न सक्षम कर्मचारीको पहिचान गरी त्यस्ता कर्मचारीको समूह निर्माण र संजाल बनाउने कुनै व्यवस्था रहेको पाइन्न । त्यसर्थ हालसम्मका व्यवस्थापन परीक्षणको कार्यको प्रभावकारिता अध्ययन गरी कार्यमूलक अनुसन्धानसमेत गर्नु पर्ने आवश्यकतालाई दृष्टिगत गर्दा जनशक्ति व्यवस्थामा फड्को मार्नु पर्ने आवश्यकता देखिन्छ ।

२०. व्यवस्थापन परीक्षणका हालसम्मका प्रतिवेदनहरुमा उल्लिखित अनियमितता, त्रुटी वा बेरुजुको फस्यौटसम्बन्धी व्यवस्थाको समीक्षा देहाय बमोजिम गरिएको छ :

(क) व्यवस्थापन परीक्षणको विषयले क्रमशः मान्यता पाउदै जाने अवस्थाको सृजना हुंदै गरेको भएतापनि व्यवस्थापन परीक्षणका समग्र पक्ष र यसको प्रतिवेदनमा उल्लिखित विषयका सम्बन्धमा मन्त्रालय तथा केन्द्रिय निकायका उच्च व्यवस्थापन तथा कर्मचारीहरुमा आवश्यक ज्ञान र सम्बेदनशीलता अपेक्षित स्तरमा भएको पाइएन जसका कारण व्यवस्थापन परीक्षणका लागि संस्थागत तत्परता रहेको पाइएन ।

(ख) व्यवस्थापन परीक्षणको विषयलाई मन्त्रालय । केन्द्रिय निकायहरुले आफ्नो संगठन र व्यवस्थापनमा गरिने सुधारका साथै रणनीति निर्माण र विकास आयोजना, कार्यक्रम र बजेट तर्जुमाका साथै कानुनी व्यवस्थामा गरिने सुधारका प्रयासमा आत्मसात गर्ने, एकाकार गर्ने वा प्राथमिकतामा समावेश गर्ने कुरामा खासै चासो राखेको देखिएन ।

(ग) मन्त्रालय । केन्द्रिय निकायमा गरिने विकास कार्यक्रमको चौमासिक समीक्षा वा द्वैमासिक समस्या समाधान समितिको बैठकमा महालेखा परीक्षकको कार्यालयबाट औंल्याएका बेरुजु फर्स्यौटका लागि छलफल गरी फर्स्यौटका लागि कार्ययोजना बनाई कार्यान्वयन तथा सुधार गर्ने प्रयास गर्ने गरेको तर व्यवस्थापन परीक्षणका विषयमा छलफलको कार्यसूचीमा नै नपर्ने यथार्थ अध्ययनका क्रममा जानकारी हुन आएको छ । यसका कारण व्यवस्थापन परीक्षणबाट देखिएका प्रशासनिक बेरुजू फर्स्यौटका लागि स्पष्टीकरण माग गर्ने, विश्लेषण गर्ने, फरफारख गर्ने, कानुनी कारवाही गर्ने, पुरस्कृत गर्ने, सुधार गर्ने जस्ता परीक्षणपश्चातका कार्यको प्रभावकारिता देखिएन ।

(घ) केन्द्रिय निकायका साथै कार्यालयहरुले व्यवस्थापन बेरुजुलाई फर्स्यौट गर्नु पर्ने गरी मन्त्रालय । केन्द्रिय निकायको कार्यविधि, कार्यसंचालन प्रणालीमा व्यवस्था गरेको पाइएन र यस विषयमा पर्याप्त रुपमा गम्भीर भएको पनि देखिएन । संस्थागत अनुगमन पद्धतिमा व्यवस्थापन परीक्षणको विषयले महत्व पाएको देखिएन ।

(ङ) व्यवस्थापन परीक्षणको प्रतिवेदनले औंल्याएका विषयको कार्यान्वयन तथा अनुगमनका लागि संस्थागत रुपमा कानुनी तथा नैतिक जवाफदेहिता सुनिश्चित गरी कार्यसन्चालन गर्ने तरिका अवलम्वन गरेको देखिएन ।

(च) मन्त्रालय । निकायको व्यवस्थापन परीक्षणको प्रतिवेदनलाई संगठनभित्र र सम्वद्ध सरोकारवालालाई जानकारी गराई छलफल तथा अन्तरक्रिया गर्ने संस्कार र परिपाटीसमेत देखिएन । यससम्बन्धी अभिलेख व्यवस्थापन र सूचना व्यवस्थापन पद्धतिसमेत कमजोर स्थितिमा रहेको पाइयो । कतिपय अवस्थामा त यससम्बन्धी संस्थागत स्मरण प्रणाली नै रहेको देखिएन ।

२१. निजामती प्रशासनलाई उद्देश्यपरक र कार्यसम्पादनयुक्त बनाउन व्यवस्थापन परीक्षणको आवश्यकता र औचित्यका सम्बन्धमा कुनै अन्यौल र द्विविधा रहेन । व्यवस्थापन परीक्षणसम्बन्धी नेपालको विद्यमान व्यवस्थाको विश्लेषणबाट प्राप्त नतिजा, सरोकारवालाको चाहना, व्यवस्थापन परीक्षणको कार्यमा संलग्न निकाय र कर्मचारी तथा यसको कार्यान्वयनसंग सम्बन्धित पक्षको भावना र अनुपोषणसमेतका आधारमा व्यवस्थापन परीक्षणको व्यवस्थालाई सुदृढ गर्नु पर्ने आवश्यकता र औचित्य टडकारो देखिएको छ । सुशासन प्रवर्द्धन र सार्वजनिक क्षेत्र सुधारको प्रमुख आधारका रुपमा उपयोगी संयन्त्रका रुपमा रहेको व्यवस्थापन परीक्षण पद्धतिको विकल्प भनेको नै अझ सशक्त र सक्षम व्यवस्थापन परीक्षण पद्धतिको विकास गर्नु नै हो भन्ने मूलभूत मान्यता तथा यथार्थलाई आत्मसात गर्दै यस पद्धतिलाई रणनीतिक उपयुक्तता, संरचनागत सक्षमता, पद्धतिगत कार्यदक्षता, प्रभावकारी कार्यान्वयन र सार्थक सहकार्य र साझेदारीमा आधारित तुल्याउन देहायको सुधारको प्राथमिकताका क्षेत्रमा देहाय बमोजिमको सुधारका उपाय अवलम्वन गर्न सुझाव तथा सिफारिश गरिएको छ ।

२२. व्यवस्थापन परीक्षण व्यवस्थामा रणनीतिक सुधारका लागि सहभागितात्मक रुपमा यससम्बन्धी राष्ट्रिय रणनीतिको तर्जुमा गर्ने, राजनीतिक नेतृत्व तह तथा उच्च प्रशासनिक तहमा सचेतना र संवेदनशीलता अभिवृद्धि गर्ने सुझाव दिइएको छ ।

२३. व्यवस्थापन परीक्षणको संरचनागत सुधारमा एक सक्षम र एकीकृत अधिकारक्षेत्र तथा स्वायत्ततासहितको समर्पित केन्द्रिय निकायको स्थापना गर्ने, व्यवस्थापन परीक्षण राष्ट्रिय निर्देशन तथा समन्वय समिति गठन गर्ने, सबै केन्द्रिय निकाय तथा मन्त्रालयमा व्यवस्थापन परीक्षणसम्बन्धी सम्पर्क तथा कार्यसंचालनको जिम्मेवारी भएको व्यवस्थापन परीक्षण समितिका रुपमा छुट्टै संरचना निर्माण गर्ने, व्यवस्थापन परीक्षणका विभिन्न विशेषीकृत जिम्मेवारी भएका संस्थाबीचको संयुक्त परामर्श र समन्वयको संयन्त्र निर्माण गर्ने, व्यवस्थापन परीक्षणसम्बन्धी विज्ञहरुको कार्यमूलक संजाल निर्माण गरी परिचालन गर्ने, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सचिवको नेतृत्वमा व्यवस्थापन परीक्षण वेरुजु फर्स्यौट

समितिको गठन गर्ने तथा व्यवस्थापन परीक्षण प्रलेख स्रोत तथा सचना केन्द्रको स्थापना गर्ने जस्ता सिफारिश प्रस्तुत गरिएका छन् ।

२४. व्यवस्थापन परीक्षणमा पद्धतिगत तथा कार्यविधिगत सुधारका लागि हालको निजामती सेवा ऐनमा व्यवस्थापन परीक्षणसम्बन्धी छुट्टै विस्तृत तथा फराकिलो प्रावधानसहितको कानुनी व्यवस्था गर्ने वा विद्यमान सुशासनसम्बन्धी कानुनमा  व्यवस्थापन परीक्षणसम्बन्धी छुट्टै परिच्छेद समावेश गर्ने गरी कानुनी सुधार गर्ने, अधिकारक्षेत्र कानुनी रुपमा नै फरक हुने गरी निर्धारण भएको तर व्यवस्थापन परीक्षणको जिम्मेवारीभित्र पर्ने भएमा सहकार्यात्मक रुपमा कार्यसन्चालन गर्ने, केन्द्रिय व्यवस्थापन परीक्षण निकायलाई पर्याप्त अधिकार र जिम्मेवारी दिने, वाह्य क्षेत्रको क्षमतालाई उपयोग गर्न सक्नेगरी कानुनी रुपमा फराकिलो बनाउने, अनुगमन र कार्यान्वयनको अधिकार र क्षमतालाई स्पष्ट र व्यापक तुल्याउने, व्यवस्थापकीय कार्यसम्पादनको गुणात्मकता र नतिजामा आधारित लेखाजोखा तथा परीक्षण गर्न सक्षम हुने गरी हालको व्यवस्थापन परीक्षण निर्देशिकाको सैद्धान्तिक तथा कार्यमूलक आधारलाई परिमार्जन गर्ने, व्यवस्थापन परीक्षणलाई वस्तुगत मापनका लागि कार्यसम्पादन सूचक, मापदण्ड तथा तरिकासहितको स्पष्टताका लागि व्यवस्थापन परीक्षण दिग्दर्शन तयार गरी लागू गर्ने, सबै सरकारी निकायमा व्यवस्थापन कार्यसम्पादन सूचकको विकास गर्ने, व्यवस्थापन परीक्षणको गुणात्मक कार्यान्वयन सुनिश्चित गर्न अनुगमन तथा मूल्यांकन कार्यविधि दिग्दर्शन कार्यान्वयनमा ल्याउने, सूचना व्यवस्थापन प्रणाली तथा सूचना प्रविधिको प्रयोगलाई व्यापक तुल्याउने, अधिकार प्रत्यायोजन गरी व्यवस्थापन परीक्षणका लागि अन्य निकायलाई परिचालन गर्ने, व्यवस्थापन परीक्षणको विषयलाई आवधिक विकास समीक्षाको अभिन्न विषयका रुपमा आत्मसात गर्ने, जस्ता पक्ष समेटिने गरी सुझाव तथा सिफारिश गरिएका छन् ।

२५. व्यवस्थापन परीक्षणका लागि जनशक्ति व्यवस्थामा सुधार तथा मनोव्यवहारिक सक्षमताका लागि जनशक्ति योजना तयार गर्ने, सक्षम जनशक्तिका लागि तालिमको आवश्यकता पहिचान तथा प्रशिक्षणको व्यवस्था गर्ने, प्रमाणित र मान्य व्यवस्थापन परीक्षकको विशेषज्ञ समूह तथा संजाल निर्माण गर्ने, कार्यसम्पादनमा आधारित प्रोत्साहन व्यवस्था लागू गर्ने, सूचना, शिक्षा र संचारको कार्यनीति बनाई अधिवाचन र पैरवीलाई सशक्त तुल्याउने, व्यवस्थापन परीक्षणसम्बन्धी कार्यमूलक ज्ञान र सीप तथा सक्षमता हासिल गर्न अन्य मुलुकको अध्ययन भ्रमण गराउने, जस्ता विषयमा सिफारिश गरिएको छ ।

२६. व्यवस्थापन परीक्षणको हालको व्यवस्थामा सुधारका लागि प्रस्ताव गरिएको सुझाव र सिफारिशको प्रभावकारी कार्यान्वयनका लागि उच्च राजनीतिक तहको प्रतिवद्धता र समर्थनका साथै सरोकारवालाको सार्थक सहभागिता र सहयोगका आधारमा सवल वातवरणको निर्माण गर्नु आवश्यक हुन्छ । त्यसैगरी व्यवस्थापन परीक्षण पद्धतिको सुधारको कार्ययोजनाको सक्षम कार्यान्वयन व्यवस्थाका लागि रणनीतिक

व्यवस्थापन, पर्याप्त र उपयुक्त कानुनी व्यवस्था, सक्षम र उत्प्रेरित जनशक्ति, समन्वय व्यवस्था, विकास कार्यक्रम र पर्याप्त बजेट व्यवस्थाको सुनिश्चितता गर्नु जरुरी देखिन्छ । व्यवस्थापन परीक्षण व्यवस्थामा सुधारको कार्यलाई नतिजामूलक र गुणात्मक तुल्याउन प्रभावकारी रुपमा अनुगमन र मूल्यांकनको व्यवस्था त्यत्तिकै महत्वपूर्ण हुन्छ । साथै सुधारका सम्पूर्ण कार्यमा सरोकारवालाको सहभागिता हासिल गरी साझेदारी, स्वामित्व, योगदान र सामूहिक उत्तरदायित्व सुनिश्चित गर्नका लागि सार्थक सहकार्य र साझेदारीको आवश्यकता पर्दछ ।

# नेपालमा व्यवस्थापन परीक्षणलाई प्रभावकारी बनाउने उपायसम्बन्धी अध्ययनको प्रतिवेदन -२०७१

## १. अध्ययनको परिचय

### अध्ययनको पृष्ठभूमि

१. कानुनी राज्यको अवधारणा अनुसार नेपालको निजामती प्रशासन संचालन भए नभएको विषयमा स्वतन्त्र र विशेषज्ञतामा आधारित व्यवस्थापन परीक्षण विधिको प्रयोग गरी परीक्षण गर्ने मुख्य उद्देश्यका साथ वि.सं. २०५५ साल देखि निजामती सेवा ऐन, २०४९ मा गरिएको संशोधनले व्यवस्था गरे बमोजिम सरकारी संगठनहरुको व्यवस्थापन परीक्षणको शुरुआत गरिएको हो । यस व्यवस्था अनुसार केन्द्रीय कर्मचारी निकायका रुपमा सामान्य प्रशासन मन्त्रालयले लोक सेवा आयोगको कार्यक्षेत्र भित्रका विषयबाहेक नेपाल सरकारका विभिन्न निकायहरुमा कार्यरत निजामती कर्मचारीले प्रचलित कानुन तथा अन्य प्रशासकीय नियम र कार्यविधिहरु पालना गरेनगरेको सम्बन्धमा सुपरीवेक्षण, अनुगमन र मूल्यांकन

गरी निर्देशन दिन र त्यसरी सुपरीवेक्षण गर्दा कुनै निजामती कर्मचारी उपर विभागीय कारवाही गर्नु पर्ने देखिएमा सोसमेत सिफारिश गर्न सक्नेछ र सो को वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेश गर्नु पर्ने प्रावधान रहेको छ ।

२. निजामती सेवा ऐन, २०४९ ले दिएको सरकारी निकायका संगठनहरुको व्यवस्थापन परीक्षण गर्ने जिम्मेवारी तथा कार्यलाई योजनावद्ध, व्यवस्थित तथा कार्यमूलक तुल्याउन नेपाल सरकारले सर्वप्रथम वि.सं. २०६३ सालमा व्यवस्थापन परीक्षण निर्देशिका लागू गरेको हो । यस निर्देशिकामा समयानुकूल सुधारसहित वि.सं. २०६७ सालमा परिमार्जन गरी व्यवस्थापन परीक्षण निर्देशिका, २०६७ जारी गरी कार्यान्वयनमा ल्याइएको छ । सार्वजनिक क्षेत्रमा विधिको शासन संचालनमा सहयोग गरी सुशासन अभिवृद्धि गर्ने ध्येयका साथ निर्देशिकाले व्यवस्थापन परीक्षणका प्रमुख उद्देश्यमा नेपाल सरकारका विभिन्न निकायहरुको व्यवस्थापनसम्बन्धी कार्यमा एकरुपता कायम गर्न सहयोग गर्ने, निजामती कर्मचारीहरुबाट गरिने कामकारवाही प्रचलित नीति र कानुन बमोजिम भएनभएको परीक्षण गरी देखिएका कमीकमजोरी, त्रुटी र अनियमिततालाई उजागर गरी समाधान र सुधारका लागि सुझाव र सिफारिस प्रस्तुत गर्ने, सरकारी संगठन र व्यवस्थापनका सवल र दुर्वल पक्षहरुको पहिचान गरी सवल पक्षको सम्वर्द्धन गर्न र दुर्वल पक्षको निराकरण गर्नका लागि आवश्यक उपायको सिफारिश प्रस्तुत गर्ने, उपलव्ध स्रोतसाधनको उच्चतम प्रयोग गरी सरकारी संगठनको कार्यमूलक गतिशीलता र प्रभावकारिता वृद्धि गन सहयोग गर्ने, व्यवस्थापनलाई जोखिमको पूर्वानुमान गरी रोकथाम गर्न सक्षम तुल्याउनुका साथै जवाफदेहिताको निर्माण र पारदर्शिता प्रवर्द्धन गर्न सघाउने, संगठनात्मक व्यवस्थापन पद्धतिका सम्पूर्ण तहको कार्यक्षमताको परीक्षण गरी कार्यान्वयन तहका समस्या र कमिकमजोरी पत्ता लगाई समाधान र सुधारका लागि व्यवहारिक सुझावको सिफारिश गर्ने, जस्ता पक्ष समावेश गरिएका छन् । त्यसैगरी व्यवस्थापन परीक्षणको कार्यक्षेत्रगत जिम्मेवारीका रुपमा संगठनात्मक नीति र व्यवहार, संगठनात्मक संरचना, कार्यपद्धति र कार्यप्रक्रिया, कार्यालयको भौतिक वातावरण र पूर्वाधारको व्यवस्था, कर्मचारी व्यवस्थापन र अभिलेख व्यवस्था, आर्थिक प्रशासन र जिन्सी व्यवस्थापन, नागरिकमा प्रवाह गरिने सेवाको व्यवस्थापन, पारदर्शिता र जवाफदेहितासम्बन्धी व्यवस्था, सूचना प्रविधिको प्रयोगको अवस्था, कर्मचारीको गुनासो व्यवस्थापनलगायतका विषय समावेश गरिएका छन् ।

३. हालको व्यवस्थापन परीक्षण व्यवस्थाको विकल्प भनेको अहिलेको भन्दा सुदृढ व्यवस्थापन परीक्षण व्यवस्था नै हो भन्ने यथार्थलाई आत्मसात गर्दै नेपालमा सरकारी निकायको व्यवस्थापन परीक्षणको १५ बर्षभन्दा बढीको अनुभव हासिल गरिसकिएको हालको अवस्थामा यस व्यवस्थाको उपयुक्तता कस्तो रहेको छ? सरकारी निकायको व्यवस्थापकीय सुधारमा यसको भूमिका र योगदानको अवस्था के छ ? यस व्यवस्थाको औचित्य र आवश्यकता के कस्तो रहेको छ? कार्यान्वयनमा देखिएका समस्या र कमिकमजोरी के कस्ता रहेका छन्? यस व्यवस्थाको प्रभावकारिता अभिवृद्धि गरी नतिजामूलक र गुणात्मक तुल्याई

यसको वैधता र कार्यान्वयनयोग्यताको सम्वर्द्धन गर्न के कस्ता सुधारका क्षेत्र हुन सक्छन्? प्राथमिकता तथा कार्यान्वयनको व्यवहारिकताका दृष्टिमा सुधारका लागि उपयुक्त सुझाव र सिफारिश के के हुन्? आदि विषयमा स्वतन्त्र रुपमा समीक्षा हुनु आवश्यक देखिएको सन्दर्भमा नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालयले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा संचालन गरेको "Project to Prepare the Public Administration for State Reforms (PREPARE)" नामक परियोजना अन्तरगत व्यवस्थापन परीक्षण व्यवस्थाको समीक्षा गरी सुधारका लागि उपयुक्त उपाय अवलम्वन गर्न मार्गप्रशस्त गर्ने अभिप्रायका साथ प्रस्तुत समीक्षात्मक अध्ययन गराउने उद्देश्य राखेको छ । परियोजनाले राखेका उद्देश्य पूरा गर्ने र अपेक्षा गरेको उपलव्धी हासिल गर्नका लागि देहायका कार्यक्षेत्रमा आधारित रही प्रस्तुत समीक्षात्मक अध्ययन सम्पन्न गरिएको छ ।

## अध्ययनको कार्यक्षेत्र

४. नेपालको निजामती प्रशासनमा हाल कार्यान्वयनमा रहेको व्यवस्थापन परीक्षणको वर्तमान स्थितिको समीक्षा तथा यस पद्धतिको प्रभावकारिता बढाउन अवलम्वन गर्नुपर्ने उपायका वारेमा सुझाव र सिफारिश प्रस्तुत गर्ने प्रमुख उद्देश्य रहेको प्रस्तुत अध्ययनको कार्यक्षेत्र देहाय बमोजिम रहेको छ:

(क) नेपाल तथा विश्वस्तरमा सार्वजनिक क्षेत्र तथा निजी क्षेत्रमा अवलम्वन गरिएका व्यवस्थापन परीक्षणका सिद्धान्त र व्यवहारको परिप्रेक्ष्यमा नेपालको व्यवस्थापन परीक्षणसम्बन्धी वर्तमान व्यवस्था र अधिकारक्षेत्रको समीक्षा गर्ने,

(ख) निजामती सेवा ऐन, २०४९ मा गरिएको व्यवस्थापन परीक्षणसम्बन्धी प्रावधान अन्तरगत कार्यान्वयनमा ल्याइएको व्यवस्थापन परीक्षण निर्देशिकाको उपयुक्तता, स्तरीयता र कार्यान्वयनयोग्यताको समीक्षा गर्ने,

(ग) व्यवस्थापन परीक्षणका हालसम्मका प्रतिवेदनहरुको स्तर, समेटेका क्षेत्र, विश्लेषणका विधि र तरिका तथा दिइएका सुझाव र सिफारिशको समीक्षा गर्ने,

(घ) व्यवस्थापन परीक्षणका लागि प्रदत्त जिम्मेवारी वहन गर्नका लागि व्यवस्थापन परीक्षण शाखामा कार्यरत कर्मचारीहरुको क्षमताको लेखाजोखा तथा मूल्यांकन गर्ने, तथा

(ङ) व्यवस्थापन परीक्षणको प्रतिवेदन तयारी तथा प्रस्तुती, प्रतिवेदनमा उल्लिखित विषयका उपर प्रतिक्रिया प्राप्त गर्ने तथा परीक्षणबाट देखिएका बेरुजु उपर स्पष्टीकरण तथा फर्स्यौटको अवस्थाको मूल्यांकन गर्ने ।

## अध्ययनको औचित्य तथा अध्ययनबाट अपेक्षित उपलव्धी र नतिजा एवं सो को उपयोग

५. नेपालमा सरकारी निकायको व्यवस्थापन परीक्षणको १५ बर्षभन्दा बढीको अनुभव हासिल गरिसकिएको हालको अवस्थामा यस व्यवस्थाको उपयुक्तता, स्तरीयता तथा कार्यान्वयनयोग्यताको स्वतन्त्र रुपमा समीक्षा गरी आगामी दिनमा यस पद्धतिमा गर्नु पर्ने सुधारका वारेमा रणनीतिगत, संरचनागत, पद्धतिगत तथा मनोव्यवहारिक दृष्टिकोणले उपाय अवलम्वन गर्न सैद्धान्तिक तथा कार्यगत आधार स्पष्ट गर्नु पर्ने आवश्यकता देखिएको सन्दर्भमा प्राथमिकता तथा कार्यान्वयनको व्यवहारिकताका दृष्टिमा सुधारका लागि उपयुक्त सुझाव र सिफारिश के के हुन्? आदि विषयमा स्वतन्त्र रुपमा समीक्षात्मक अध्ययन हुनु आवश्यक देखिएको छ । सरकारी संगठनहरुमा कार्यान्वयनमा ल्याइएको व्यवस्थापन परीक्षण पद्धतिका सम्बन्धमा हालसम्म कुनै पनि अध्ययन अनुसन्धान हुन नसकेको अवस्थामा यस अध्ययन तथा समीक्षाबाट प्राप्त नतिजाले आगामी दिनमा व्यवस्थापन परीक्षण व्यवस्थामा सार्थक सुधारका लागि रणनीति निर्माण गर्न, कानुनी व्यवस्थालाई उपयुक्तता र पर्याप्तताका आधारमा सुधार गर्न, संस्थागत क्षमता विकास गर्न तथा कार्यमूलक र नतिजामूलक पद्धति निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने सक्षमता हासिल गर्न सहयोग र योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# २. अध्ययनको विधि

६. प्रस्तुत अध्ययन नेपालमा व्यवस्थापन परीक्षण व्यवस्था र सो को कार्यान्वयन प्रतिको छाप र प्रभावका वारेमा केन्द्रित भएको र यस पद्धतिका कमीकमजोरी हटाई वर्तमान तथा भविष्यमा प्रभावकारी व्यवस्था गर्न सकिने गरी सारभूत सुधारका लागि मार्गप्रशस्त हुने गरी यस अध्ययनलाई गुणात्मक अनुसन्धान विधिमा आधारित तुल्याइएको छ र विवरणात्मक तथा विश्लेषणात्मक तरिका अवलम्वन गरिएको छ। यो अध्ययनले व्यवस्थापन परीक्षणको क्षेत्रमा स्थापित सिद्धान्तलाई नै आधारका रुपमा लिएको छ र Inductive Reanoning मा आधारित विधि अवलम्वन गरेको छ। यस अनुसार प्रस्तुत अध्ययनले हालको व्यवस्था र कार्यान्वयनको अवलोकन र प्रभावकारिताको समीक्षाका आधारमा यसमा गरिनु पर्ने सुधारको चित्रण गर्ने तरिकालाई आत्मसात गरेको छ।

७. यस अध्ययनले व्यवस्थापन परीक्षणसम्बन्धी सैद्धान्तिक आधार र नेपालमा यससम्बन्धी व्यवहारबीचको तुलनात्मक विश्लेषण गरेको छ । व्यवस्थापन परीक्षणसंग सम्बन्धित नीतिगत तथा प्रशासनिक व्यवहारको वोध र व्याख्याका लागि सामाजिक अध्ययन अनुसन्धानको Engaged Theory लाई आधार मानिएको छ। यसमा व्यवस्थापन परीक्षणको पद्धति कस्तो रहेको छ ? यसको कार्यान्वयन कसरी भैरहेको छ ? यसमा सम्बन्धित पक्षबीचको अन्तरसम्बन्ध कस्तो रहेको छ ? प्रभावकारी व्यवस्थाका लागि के कस्तो सुधारको आवश्यकता देखिन्छ ? जस्ता पक्षमा अध्ययन केन्द्रित रहेको छ । यस अन्तरगत अध्ययनले व्यवस्थापन परीक्षणसम्बन्धी व्यवस्थासंग सम्बन्धित वास्तविकताको लेखाजोखा तथा यसमा सकारात्मक सुधारका लागि आलोचनात्मक विश्लेषण तथा समीक्षा गर्ने प्रयास गरेको छ।

८. प्रस्तुत अध्ययनले लिएका उद्देश्य प्राप्तीका लागि आवश्यक तथ्य तथा जानकारी हासिल गर्नका लागि प्राथमिक स्रोत र माध्यमिक स्रोत लाई प्रयोग गरेको छ। यस अन्तरगत व्यक्ति स्रोत र संस्थागत स्रोत लगायत सम्वद्ध दस्तावेजको अध्ययन तथा सम्वद्ध सामाग्रीको समीक्षालाई प्रमुख स्रोत तथा विधिका रुपमा उपयोग गरेको छ। यस अन्तरगत व्यवस्थापन परीक्षणको नीतिगत पक्ष, संरचनागत क्षमता, विधि र पद्धतिगत पक्ष र यससंग सम्वद्ध मनोव्यावहारिक पक्षसमेतको लेखाजोखा गरिएको छ । साथै विभिन्न मन्त्रालय तथा केन्द्रीय निकायका व्यवस्थापन परीक्षणका लागि जिम्मेवार अधिकारीसंगको छलफल र अन्तरक्रिया गरी वास्तविक स्थितिको पहिचान गरिएको छ । त्यसैगरी व्यवस्थापन परीक्षणसम्बन्धी ज्ञान र सीप भएका व्यक्तिसंगको अन्तरक्रिया र छलफल तथा अवलोकन विधिलाई सहभागितात्मक तथ्य संकलनको मुख्य तरिका र स्रोतका रुपमा लिइएको छ।

९. व्यवस्थापन परीक्षणको रणनीति निर्माण, योजना तथा कार्यक्रमको कार्यान्वयन, अनुगमन र मूल्यांकन एवं यसको सुधार गर्ने जिम्मेवारी लिएको संस्थागत संयन्त्र र व्यवस्थापन परीक्षणबाट फाइदा पाउने कार्यालय

एवं यस व्यवस्थामा सरोकार राख्ने संयन्त्रको संस्थागत क्षमताको विश्लेषण यस अध्ययनमा गरिएको छ। नेपालमा व्यवस्थापन परीक्षण व्यवस्थाको प्रभावकारिता र दिगोपनाका लागि अवलम्वन गर्नु पर्ने उपायका सम्बन्धमा विश्लेषण र निष्कर्ष प्राप्त गर्ने तरिका अवलम्वन गरिएको छ। साथै व्यवस्थापन परीक्षणको प्रभावकारी कार्यान्वयनका चुनौती र समस्याको विश्लेषण गरी अनुभवजन्य सिकाइसमेतका आधारमा यस व्यवस्थामा सुधारका लागि व्यावहारिक उपायका लागि सुझाव र सिफारिशसम्बन्धी निष्कर्ष निकालिएको छ।

१०. यस अध्ययनको प्रारम्भिक मस्यौदालाई नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायका जिम्मेवार अधिकारीहरुको परामर्श गोष्ठीमा प्रस्तुत गरी अन्तरक्रियाका माध्यमबाट सुझाव तथा अनुपोषण प्राप्त भए बमोजिम परिमार्जन तथा सुधार गरी प्रस्तुत गरिएको छ।

## ३. अध्ययनबाट प्राप्त तथ्य र जानकारी र तिनको विश्लेषण तथा समीक्षा

११. प्रस्तुत अध्ययनले नेपाल तथा विश्वस्तरमा सार्वजनिक क्षेत्र तथा निजी क्षेत्रमा अवलम्वन गरिएका व्यवस्थापन परीक्षणका सिद्धान्त र व्यवहारको परिप्रेक्ष्यमा नेपालको व्यवस्थापन परीक्षणसम्बन्धी वर्तमान व्यवस्था र अधिकारक्षेत्रको समीक्षाका साथै निजामती सेवा ऐन, २०४९ मा गरिएको व्यवस्थापन परीक्षणसम्बन्धी प्रावधान अन्तरगत कार्यान्वयनमा ल्याइएको व्यवस्थापन परीक्षण निर्देशिकाको उपयुक्तता, स्तरीयता र कार्यान्वयनयोग्यताको समीक्षा गर्ने उद्देश्य राखेको हुंदा सोही अनुसार आवश्यक पर्ने तथ्य, सूचना र जानकारीको संकलन गरी विश्लेषण गरिएका छन् । साथै व्यवस्थापन परीक्षण निर्देशिका बमोजिम गरिएका व्यवस्थापन परीक्षणका हालसम्मका प्रतिवेदनहरुको स्तर, समेटेका क्षेत्र, विश्लेषणका विधि र तरिका तथा दिइएका सुझाव र सिफारिशको समीक्षा गर्ने, व्यवस्थापन परीक्षणका लागि प्रदत्त जिम्मेवारी वहन गर्नका लागि व्यवस्थापन परीक्षण शाखामा कार्यरत कर्मचारीहरुको क्षमताको लेखाजोखा तथा मूल्यांकन गर्ने, तथा व्यवस्थापन परीक्षणको प्रतिवेदन तयारी तथा प्रस्तुती, प्रतिवेदनमा उल्लिखित विषयका उपर प्रतिक्रिया प्राप्त गर्ने तथा परीक्षणबाट देखिएका बेरुजु उपर स्पष्टीकरण तथा फर्स्यौटको अवस्थाको मूल्यांकन गर्ने कार्यलाई गुणात्मक तथा नतिजामूलक तुल्याउन यस अध्ययनले विशेष जोड दिएको छ । यस अनुसार अध्ययनबाट प्राप्त तथ्य र जानकारीको अवस्था र सो को विश्लेषणात्मक समीक्षाको नतिजा देहाय बमोजिम प्रस्तुत गरिएका छन् :

### व्यवस्थापन परीक्षण व्यवस्थाको शुरुआत तथा यसको परिचय

१२. संगठनको लेखापरीक्षणको आधुनिक अवधारणाका रुपमा व्यवस्थापन परीक्षणको व्यवस्थाको अभ्यूदय भएको हो । व्यवस्थापन परीक्षणको अवधारणा निजी तथा व्यावसायिक संगठनको व्यवस्थापकीय क्षमताको विकास गर्ने परिपाटीबाट शुरु गरिएको हो । व्यवस्थापनमा गुणात्मकता, प्रतिस्पर्धात्मकता, नाफामा बढोत्तरी, साधनस्रोत तथा जनशक्तिको दक्ष उपयोग, व्यवस्थापकीय नीतिनिर्माण तथा निर्णय प्रक्रियामा सक्षमता हासिल गर्न सघाउने, व्यवस्थापकीय जोखिमको पूर्वानुमान गरी समयमै समाधानको तत्परताको विकास गर्ने, तथा संगठनात्मक नियम, प्रक्रिया तथा उत्पादनको स्तर कायम गर्न परिपालना भए नभएको परीक्षण गर्ने व्यवस्थापन नियन्त्रण व्यवस्थालगायतका सुधारात्मक उपायका रुपमा यस पद्धतिको प्रयोग भएको हो ।

१३. व्यावसायिक संगठनको क्षमता विकासका लागि व्यवस्थापकीय क्रियाकलापको अध्ययन गरी सक्षम तथा गुणात्मक व्यवस्थापन हासिल गर्ने विधिको शुरुआत फ्रेडरिक विन्स्लो टेलरले वैज्ञानिक व्यवस्थापन पद्धतिको अवधारणा ल्याएका थिए । सरकारी संगठनको क्रियाकलाप तथा तिनको गुणात्मकता, उपयुक्तता र नतिजा उन्मुखताको परीक्षणको स्वतन्त्र र विशेषीकृत विधिका रुपमा ढिलो शुरुआत भएको देखिएतापनि व्यावसायिक संगठनको व्यवस्थापकीय प्रभावकारिताको परीक्षण गर्ने विधि र पद्धतिका रुपमा

सन् १९३२ मा व्यवस्थापनका विद्वान टी. जी. रोज (१९४४) ले अवधारणा ल्याएका हुन । उनले व्यवस्थापन परीक्षणलाई व्यवस्थापन सुधारको औजारका रुपमा प्रस्तुत गरी बार्षिक रुपमा व्यवस्थापन परीक्षणको माध्यमद्वारा व्यवस्थापनसम्बन्धी समस्याको पहिचान र समाधानको उपायको खोजी तथा कार्यान्वयनका लागि स्वतन्त्र पद्धतिको अवलम्वन गर्नु पर्ने आवश्यकता माथि जोड् दिएका थिए । उनले सन् १९४४ मा प्रकाशित कृति "The Management Audit" को माध्यमबाट व्यवस्थापन परीक्षणलाई सैद्धान्तिक तथा व्यावहारिक प्रयोगको विधिका रुपमा स्थापित गरेका हुन ।

१४. आजभन्दा पांच दशक अगाडि नै व्यवस्थापन परीक्षणका पैरवीकर्ता विलियम पी. लियोनार्ड (१९६२) ले "The Management Audit: An Appraisal of Management Methods and Performance" नामक कृतिका रुपमा प्रकाशित गरी व्यवस्थापन परीक्षण पद्धतिलाई निजी तथा सार्वजनिक व्यवस्थापन पद्धतिको अभिन्न पक्षका रुपमा मान्यतासहित व्यापकता दिएको पाइन्छ । उनका अनुसार व्यवस्थापन परीक्षण भन्नाले "A comprehensive and constructive examination of an organizational structure of a company, institution or branch of government, or of any component thereof, such as a division or department and its use of human and physical facilities."

१५. व्यवस्थापकीय नियन्त्रण प्रणालीका रुपमा व्यवस्थापन परीक्षणले व्यवस्थापकीय निर्णय र कार्यप्रणालीको कार्यदक्षता, मितव्ययिता, औचित्य र कार्यप्रभावकारिता को परीक्षण गरी सो को नतिजा व्यवस्थापनसमक्ष प्रस्तुत गर्दछ । प्रशासकीय व्यवस्थापनलाई नतिजामूलक र उपलब्धीमूलक तुल्याउन संगठनको संरचना, कार्यपद्धति, कानूनको पालना, साधन स्रोतको उपयोग लगायतका विषयको स्वतन्त्र र विश्लेषणात्मक ढंगवाट गैरवित्तीय कार्यसम्पादन स्थितिको परीक्षण गर्ने प्रशासनिक पद्धति नै व्यवस्थापन परीक्षण हो ।

१६. व्यवस्थापन परीक्षणको मूल ध्येय नै प्रशासकीय संगठनलाई कार्यसम्पादन र सेवा प्रवाहका दृष्टिले सक्षम तुल्याउनु हो । यसलाई व्यवस्थापकीय नियन्त्रण प्रणालीको महत्वपूर्ण औजार पनि भनिन्छ । व्यवस्थापन परीक्षणले अवधारणागत रुपमा संगठनको नीतिको प्रभावकारी कार्यान्वयनका लागि संगठनात्मक व्यवस्था र व्यवस्थापन पद्धतिको उपयोग, उपयुक्त योजना र कार्यक्रमको कार्यान्वयन, कार्यदक्षतासहितको नतिजा हासिल गर्नका लागि कार्यप्रणालीको प्रयोग, नागरिकमा प्रवाह गरिने सेवाको प्रभावकारी व्यवस्थापन गरी नागरिकमा उच्च तहको सन्तुष्टी प्रदान गर्ने क्षमता, कार्यसम्पादनमा गुणात्मकता हासिल गर्नका लागि अनुगमन व्यवस्थाको स्थिति र निरन्तर सुधार गर्ने क्षमताको अवस्थाको परीक्षण गरी व्यवस्थापकीय सक्षमताका लागि सकारात्मक अनुपोषण, मार्गदर्शन र प्रोत्साहनात्मक तथा दण्डात्मक उपायसमेत गर्ने गरी सुझाव र सिफारिश गर्ने जिम्मेवारी वहन गरेको हुन्छ (Debra R. Sheldon, 1996) ।

१७.	त्यसैगरी Business Dictionary का अनुसार व्यवस्थापन परीक्षणलाई “A systematic assessment of methods and policies of an organization's management in the administration and the use of resources, tactical and strategic planning, and employee and organizational improvement” भनी व्याख्या गरिएको छ । साथै उक्त शब्दकोषका अनुसार व्यवस्थापरीक्षणका उद्देश्यमा व्यवस्थापनको वर्तमान प्रभावकारिताको लेखाजोखा गर्ने, कार्यसम्पादनमा देखिएका कमिकमजोरी तथा समस्याको पहिचान गर्ने, कार्यसम्पादनमा सुधारका लागि सुझाव दिने र मार्गदर्शन गर्ने तथा भविष्यका लागि कार्यसम्पादनको स्तर निर्धारण गर्ने जस्ता विषय समावेश गरिएको  पाइन्छ । यसका अनुसार व्यवस्थापन परीक्षणले व्यक्तिगत भन्दा समूह वा संगठनको समष्टीगत कार्यसम्पादनको मूल्यांकन गर्ने परिपाटीलाई अवलम्वन गर्दछ भनिएको छ ।

## व्यवस्थापन परीक्षणका विभिन्न दृष्टिकोण, मान्यता र स्तर

१८.	व्यवस्थापन परीक्षणको मूलभूत मान्यता भनेको नै पारदर्शिता, सहभागिता, गुणात्मकता र सुधारात्मकता प्रमुख हुन । विश्वमा अभ्यास गरिएका व्यवस्थापन परीक्षणको विश्लेषण गर्ने हो भने एक स्तरीकृत व्यवस्थापन परीक्षण स्वतन्त्र, वैधानिक र मान्य, सक्षम, सहभागितात्मकता र सहकार्यात्मकता, विकेन्द्रित र प्रत्यायोजित, प्रमाण र नतिजामा आधारित, पारदर्शिता र जवाफदेहिता, क्षमता विकास र निरन्तर तथा अर्थपूर्ण सुधार जस्ता पक्ष व्यवस्थापन परीक्षणले अंगालेको हुन्छ (Michael Craig-Cooper and Philippe De Backer, 1993) ।

१९.	व्यवस्थापन परीक्षणलाई विभिन्न प्रकृति र दृष्टिकोणबाट प्रयोगमा ल्याइएको पाइन्छ । कार्यक्षेत्रगत रुपमा यसलाई नीति व्यवस्थापन परीक्षण, संगठन र व्यवस्थापन पद्धतिको परीक्षण, कार्यक्रम र परियोजना व्यवस्थापन परीक्षण, साधनस्रोत व्यवस्थापन परीक्षण, कार्यसम्पादन र नतिजाको परीक्षण, नीति र कानुनको परिपालनाको परीक्षण, सेवाप्रवाहको प्रभावकारिता तथा सेवाग्राही सन्तुष्टी मापन तथा परीक्षण, आदि क्षेत्र समेटिएका हुन्छन । यसका प्रमुख दृष्टिकोणमा परिपालना परीक्षणको दृष्टिकोणले संगठनात्मक नीति, कानुन र प्रक्रियाको पालना भएनभएको परीक्षण गर्ने अवधारणा र तरिका अवलम्वन गरेको हुन्छ । त्यसैगरी व्यवस्थापकीय कार्यसम्पादन र सेवा प्रवाहको परीक्षणको दृष्टिकोणले सेवा र वस्तुको उत्पादन, बजारीकरण र सेवा प्रवाहको स्थितिको परीक्षण गर्दछ । व्यवस्थापन परीक्षणले व्यवस्थापकीय कार्यको नतिजा र सन्तुष्टीको परीक्षण गर्ने दृष्टिकोण राखेको हुन्छ जसलाई यसको नतिजा तथा सन्तुष्टीमा आधारित दृष्टिकोण भनिन्छ । त्यसैगरी व्यवस्थापकीय सुधारको दृष्टिकोणले व्यवस्थापन परीक्षणलाई व्यवस्थापनका समस्याको पहिचान र सुधारको कार्यमा केन्द्रित गर्दछ । प्रभावकारी व्यवस्थापन परीक्षण पद्धतिले यी माथिका सबै दृष्टिकोणबीच सामन्जस्य कायम गरेको हुन्छ  ।

२०. व्यवस्थापन परीक्षणका विज्ञ डेनिस आर्टर (Quality Digest, 2000) ले संगठन र व्यवस्थापनको मूल्यांकनका तीन विधि उल्लेख गरेका छन्: निरीक्षण, परिपालना परीक्षण तथा व्यवस्थापन परीक्षण । उनका अनुसार व्यवस्थापन परीक्षणले "...focuses on results evaluating the effectiveness of suitability of controls by challenging underlying rules, procedures and methods. Management audits, which are generally performed internally, are compliance audits plus cause-and-effect analysis" भनी व्याख्या गरेका छन् । उनले व्यवस्थापन परीक्षणलाई वित्तीय लेखापरीक्षण वा परिपालना परीक्षणबाट अलग गरेका छन । उनका अनुसार परिपालना परीक्षण विधि र व्यवस्थापन परीक्षण विधिका भिन्नतालाई देहाय बमोजिम प्रष्ट्याइएको छ :

| परिपालना परीक्षण विधि | व्यवस्थापन परीक्षण विधि |
|---|---|
| स्थापित पद्धति र आधारलाई नै स्वीकारिएको हुन्छ । | स्थापित पद्धति र आधारलाई चुनौती दिइन्छ । |
| विधि र पद्धति तथा कार्यान्वयनका आधारको परिपालना र कार्यान्वयन भएनभएको जांचिन्छ । | विधि र पद्धति तथा कार्यान्वयनका आधारको परिपालना र कार्यान्वयनका साथै तिनको प्रभावकारिता र उपयुक्ततासमेत जांचिन्छ । |
| भैरहेको व्यवस्थाको निरन्तरता र स्थायित्वको लेखाजोखामा जोड दिइन्छ । | हासिल गरिएका नतिजाको परख गरिन्छ । |
| बढी जोखिमयक्त क्षेत्रमा केन्द्रित हुनुका साथै वाह्य पक्षको उपयोगमा आधारित हुन्छ । | मुख्यतया आन्तरिक क्षमताको उपयोग र सो को प्रभावकारितामा जोड दिइन्छ । |

२१. डेनिस आर्टर (Quality Digest, 2000) ले दिएका व्याख्यात्मक प्रस्तावनासमेतका आधारमा व्यवस्थापन परीक्षणका आधारभूत नियमलाई देहाय बमोजिम व्याख्या गरिएको छ:

| नियम | व्याख्या |
|---|---|
| पहिलो नियमः सेवाग्राहीले प्राप्त गर्ने सेवा र सन्तुष्टीमा केन्द्रित | परीक्षणले संगठनका सेवाग्राहीलाई पुऱ्याएको सेवा र सेवाग्राहीको सन्तुष्टिलाई केन्द्रविन्दुका रुपमा राख्नु पर्दछ । |
| दोस्रो नियमः व्यवस्थापकीय कार्यसम्पादनको मानदण्डमा आधारित मापन | परीक्षणले व्यवस्थापकीय निर्णय र क्रियाहरुको नतिजाको पूर्वनिर्धारित मानदण्डका आधारमा मापन गर्न सक्नु पर्दछ । |
| तेस्रो नियमः प्रमाण र तथ्यमा | परीक्षणका क्रियाकलाप र प्रक्रिया प्रमाण, नतिजा र निश्कर्ष तथ्यमा |

| | |
|---|---|
| आधारित परीक्षण | आधारित हुनु पर्दछ । |
| चौथो नियमः परीक्षणको नतिजा र निष्कर्षको सार्वजनिकीकरण | परीक्षणका नतिजा र निश्कर्ष सार्वजनिक गरिनु पर्दछ र सार्वजनिक अनुपोषणको व्यवस्थासमेत समावेश भएको हुनु पर्दछ । |
| पांचौ नियमः परीक्षणमा योग्य र सक्षम परीक्षकको उपयोग | परीक्षणमा सक्षम र योग्य परीक्षकलाई जिम्मेवारी दिनु पर्दछ । |
| छैठौं नियमः भविष्यमा गरिनुपर्ने सुधारलाई प्रोत्साहन | परीक्षणले व्यवस्थापकीय प्रभावकारिताका लागि आगामि दिनमा गरिनुपर्ने सुधारलाई मार्गदर्शन गर्नु पर्दछ । |
| सातौं नियमः परीक्षणको सहभागितात्मकता | सरोकारवालाको अर्थपूर्ण सहभागिता परीक्षणको प्रत्येक चरणमा सुनिश्चित गरिनु पर्दछ । |

२२. व्यवस्थापन परीक्षणको कार्यमूलक अभ्यासको अध्ययनका आधारमा भन्ने हो भने यसका लागि विभिन्न कार्यात्मक ढांचाको प्रयोग भएको पाइन्छ । यिनमा रणनीतिक परीक्षणको ढांचा, पद्धतिगत तथा कार्यप्रक्रियागत परीक्षणका ढांचा, सहकार्यात्मक परीक्षणको ढांचा, वाह्य क्षमताको उपयोग गर्ने ढांचा, प्रत्यायोजनात्मक वा विकेन्द्रित परीक्षणको ढांचा, एकीकृत वा फरक फरक रुपमा व्यवस्थित ढांचा, गुणग्राही तर अदृष्य ढांचा, मूलप्रवाहीकरणको ढांचा, आदि मुख्य रुपमा देखिएका छन् ।

२३. अवधारणागत रुपमा व्यवस्थापन परीक्षणको तार्किक तथा विवेकयुक्त प्रक्रियाका रुपमा देहायका चरणमा व्यवस्थापन परीक्षण गरिन्छः

- रणनीतिक उद्देश्य तथा लक्ष्यको निर्धारण गर्ने ।
- कार्यसम्पादनस्तरका परिमाणात्मक लक्ष्य तथा उपलब्धीका सूचक तथा मापनका मापदण्ड निर्माण गर्ने ।
- व्यवस्थापनको परीक्षणका लागि विज्ञ समूह निमाण र जिम्मेवारी प्रदान गर्ने ।
- व्यवस्थापन परीक्षणको संचालन तथा निरन्तर सुपरीवेक्षणको व्यवस्था गर्ने ।
- व्यवस्थापकीय अनियमितता, त्रुटी तथा समस्याको पहिचान गर्ने ।
- संगठनको व्यवस्थापन समूहसंग छलफल, परामर्श तथा प्रतिक्रिया र अनुपोषण प्राप्त गर्ने ।
- व्यवस्थापन परीक्षणका निष्कर्षहरुलाई अन्तिम रुप दिई प्रतिवेदन तयारी तथा प्रस्तुती गर्ने ।
- प्रतिवेदन कार्यान्वयनको अनुगमन तथा मूल्यांकन गर्ने तथा र पद्धतिमा सुधारका लागि मार्गदर्शन गर्ने ।

२४. व्यवस्थापन परीक्षणको प्रभावकारिताका विभिन्न आयाम छन् । यिनमा नीतिगत प्रभावकारिता, व्यवस्थापकीय प्रभावकारिता, सेवाप्रवाह र सरोकारवालाको सन्तुष्टीको प्रभावकारिता तथा पद्धतिको गुणात्मक दिगोपना मुख्य आयामका रुपमा रहेका हुन्छन (Allab J. Sayle, 1997) । यसको प्रभावकारिताका लागि उपयुक्त रणनीतिगत व्यवस्था, सक्षम संस्थागत व्यवस्था र पद्धतिको क्षमता, कार्यान्वयन क्षमता र गुणात्मकता हासिल गर्ने नियन्त्रण प्रणाली एवं व्यापक तथा सार्थक सहभागिता र सहकार्य मुख्य रुपमा आवश्यक छन् । साथै व्यवस्थापन परीक्षणको तार्किक क्रमका रुपमा नीति अनुसारको संगठन, संगठनलाई प्रभावकारी बनाउने विधि र पद्धति, विधि र पद्धतिलाई नतिजामूलक तुल्याउने कार्यान्वयन व्यवस्था, यसको दिगोपनाका लागि आवश्यक पूर्वाधार तथा मनोव्यवहारिक क्षमता, आदि पर्दछन् । त्यसैगरी व्यवस्थापन परीक्षणको प्रभावकारिताका लागि परीक्षणका लागि साधनस्रोतको दक्षतापूर्ण उपयोग गर्ने, व्यवस्थापकीय जोखिम न्यूनीकरणमा परीक्षणको जोड् दिने, परीक्षणले संगठनका लागि मूल्य सृजना गर्ने विषय आत्मसात गर्ने, तथा परीक्षणले संगठनको सम्मानजनक हैसियत कायम राख्न गर्ने योगदान दिने जस्ता पक्षलाई विशेष रुपमा ख्याल राख्नु पर्दछ (Dorsey J. Talley), 1988) ।

२५. The Institute of Internal Auditors (2012) का अनुसार लेखापरीक्षणको प्रभावकारिताका लागि संगठनात्मक स्वतन्त्रता र स्वायत्तता, औपचारिक कार्यक्षेत्र तथा अधिकार, आवश्यकता अनुसारका सूचना र जानकारीमा निर्वाध पहुंच, वित्तीय साधनस्रोतको पर्याप्त व्यवस्था, सक्षम नेतृत्व, उद्देश्यपरक आधारमा सक्षम जनशक्तिको व्यवस्था, सरोकारवाला पक्षको सहयोग, परीक्षणको व्यावसायिक स्तर र मापदण्ड, आदि विषयको अनिवार्यतालाई स्पष्ट गरेको छ । यसका साथै प्रभावकारी व्यवस्थापन परीक्षणमा परीक्षणपश्चातको अनुगमन क्षमता र वाह्य परीक्षणको प्रावधानसमेत समावेश भएको हुनु पर्दछ ।

२६. त्यसैगरी व्यवस्थापन परीक्षण प्रमाणमा आधारित परीक्षणका रुपमा प्रयोग गरिएमा प्रभावकारी हुन्छ । यसका आधारभूत विशेषताका रुपमा देहायका गुण उल्लेख्य छनः

(क) परीक्षणका लागि सान्दर्भिक र उद्दश्यपरक सूचना र जानकारीको संकलन र विश्लेषण गरिनु पर्दछ किनकि व्यवस्थापन परीक्षण कुनै निरीक्षण नभएका हुंदा उद्देश्यमूलक सान्दर्भिकतालाई ध्यानमा राख्नु पर्दछ ।

(ख) परीक्षणको उद्देश्य प्राप्तीका लागि पर्याप्त हुने सम्मको मात्र प्रमाण तथा सूचना र जानकारीको संकलन र विश्लेषण गर्नु जरुरी हुन्छ किनकि माथि उल्लेख गरिए जस्तै परीक्षण भनेको निरीक्षण होइन जसमा विभिन्न किसिमका सूचना र जानकारीको संकलन गर्नु आवश्यक पर्दछ ।

(ग) व्यवस्थापन परीक्षणका लागि उद्देश्यपरक रुपमा परीक्षण गर्न सकिने र परीक्षणको वस्तुगत आधार) स्पष्ट हुने गरी मात्र निष्कर्ष, तथा सुधारका लागि सुझाव तथा सिफारिश तयार गर्नु पर्दछ ।

२७. व्यवस्थापन परीक्षणसम्बन्धी अन्तरराष्ट्रिय रुपमा स्वीकारिएको स्तर र मापदण्ड बमोजिम राष्ट्रियस्तरमा निर्धारित उद्देश्यको प्राप्तीका लागि गुणात्मक रुपमा कार्यान्वयन गर्न सक्ने र सो बाट अपेक्षित नतिजा हासिल गर्न सक्ने सक्षमता नै संस्थागत क्षमता हो । व्यवस्थापन परीक्षणको नेतृत्व गर्ने संस्थाका लागि आधारभूत सिद्धान्त भनेको नै निश्पक्षता, तटस्थता र स्वतन्त्रता, सहभागितात्मकता, व्यावसायिक सक्षमता, जिम्मेवारी र जवाफदेहिता, कानुनी वैधानिकता हुन (INTOSAI, 2007) ।

२८. मथि उल्लिखित आधारभूत सिद्धान्तका अधिनमा रही व्यवस्थापन परीक्षण संस्थाका मुख्य क्षमताका क्षेत्र देहाय बमोजिम छन्:

(क) ***रणनीतिक व्यवस्थापन क्षमता*** अन्तरगत व्यवस्थापन परीक्षणले हासिल गर्ने राष्ट्रिय प्राथमिकता, व्यवस्थापन परीक्षणलाई निर्देशित गर्ने दीर्घकालीन नीति, राष्ट्रिय रणनीतिक योजना, विशेषीकृत रणनीति तथा कार्यनीति एवं कार्ययोजना तथा व्यवस्थापन परीक्षणको जिम्मेवारीलाई शासकीय व्यवस्थामा मूलप्रवाहीकरण गर्ने क्षमतालगायतका पर्दछन् ।

(ख) ***संरचनागत क्षमता*** अन्तरगत पर्याप्त अधिकार र जिम्मेवारीसहितको वैधानिक संगठन, स्वायत्तता र व्यावसायिक स्वतन्त्रता, दक्षतापूर्वक कार्यसम्पादन गर्न सक्ने र अपेक्षित नतिजा दिन सक्ने, विशेषज्ञ क्षमता भएको गुणात्मकता प्रवर्द्धन समूह, गुणग्राही संजाललाई परिचालन गर्न सक्ने, रुपान्तरणीय नेतृत्व क्षमता भएको, सहभागितामूलक र टोलीगत रुपमा कार्य गर्न सक्ने, आदि क्षमता भएको ।

(ग) ***पद्धतिगत तथा कार्यविधिगत क्षमता*** अन्तरगत व्यवस्थापन परीक्षणसम्बन्धी पद्धतिको स्तरयुक्त कार्यान्वयनका लागि प्रतिस्पर्धात्मक मापदण्ड, कार्यसम्पादन व्यवस्थापन पद्धति र नतिजामूलक पद्धति, योजना र कार्यक्रम व्यवस्थापन तथा स्रोत परिचालन, सहभागितामूलक व्यवस्थापन पद्धति, व्यवस्थापन सूचना पद्धति र अभिलेख व्यवस्था, संचार तथा समन्वय व्यवस्था, नतिजामूलक अनुगमन तथा मूल्यांकन पद्धति, गुनासो व्यवस्थापन, जवाफदेहिता सुनिश्चित गर्ने संयन्त्र, अनुसन्धानका आधारमा नवीन पद्धति लागू गर्न सक्ने र निरन्तर रुपमा सुधार गर्न सक्ने क्षमता, आदि पर्दछन् ।

(घ) ***मनोव्यावहारिक क्षमता*** अन्तरगत व्यवस्थापन परीक्षणका लागि सूचना, शिक्षा तथा संचार कार्यनीतिका आधारमा पैरवी तथा वकालत र सचेतना अभिवृद्धि गर्न सक्ने क्षमता, पेशागत रुपमा सक्षम जनशक्तिको विकास तथा व्यवस्थापन, कार्यसम्पादनमा आधारित प्रोत्साहन पद्धति, कार्यउत्प्रेरणा र मनोवल बढाउने व्यवस्था, आन्तरिक तथा वाह्य तहमा सहयोगात्मक तथा

सकारात्मक मनोविज्ञानको प्राप्ती, आदि क्षमता समावेश भएका हुन्छन् । साथै यसमा संस्कारगत क्षमताका रुपमा कार्यसम्पादनको संस्कार, सूचनाको संस्कार, गुणात्मक र प्रभावकारी सेवाप्रवाहको संस्कार, नतिजा र गुणात्मकता हासिल गर्ने संस्कार, जवाफदेहिता वहन गर्ने संस्कार, आदि पर्दछन् ।

(ङ) ***सहकार्यात्मकता र साझेदारिताको क्षमता*** मा राजनीतिक नेतृत्वसंग सहकार्य गर्न सक्ने, नेपाल सरकारका विभिन्न निकायव्यावसायिक क्षेत्रका सरोकारवालासंगको सम्बन्ध विस्तार गर्न सक्ने, व्यवस्थापन परीक्षणलाई प्रभावकारी तुल्याउन व्यापक तथा सार्थक सहकार्य तथा साझेदारी गर्न सक्ने, गुणग्राही संजाल निर्माण गरी कार्यसम्पादन गर्न सक्ने, आदि क्षमता मुख्य रुपमा पर्दछन् ।

| **श्रीलंकामा व्यवस्थापन परीक्षणः एक अनुभव** |
| --- |
| श्रीलंकामा अर्थ तथा योजना मन्त्रालय अन्तरगत छुट्टै व्यवस्थापन परीक्षण विभागको स्थापना गरी एकीकृत रुपमा कार्यसंचालन गरिएको छ । उक्त विभागलाई व्यापक कार्यक्षेत्र र अधिकार दिइएको छ । यिनमा व्यवस्थापन परीक्षण, आन्तरिक लेखापरीक्षण, परिपालना र कार्यगत विषयको परीक्षण, कार्यमूलक लेखापरीक्षण, सूचना पद्धति परीक्षण, जोखिम व्यवस्थापन तथा शासकीय प्रक्रियाको परीक्षण समावेश गरिएका छन् । दिइएको जिम्मेवारी प्रभावकारी रुपमा पूरा गर्न विभागको आफ्नै योजना र कार्यक्रम तथा बजेट व्यवस्था, क्षमता विकास पद्धति, सूचना व्यवस्थापन, अनुगमन व्यवस्था र कार्यमूलक संजाल निर्माण गरेको पाइन्छ (Government of Sri Lanka, 2012)। |

२९. व्यवस्थापन परीक्षणका विभिन्न सैद्धान्तिक पक्ष र अवधारणा एवं व्यवस्थापन परीक्षणसम्बन्धी अन्तरराष्ट्रिय प्रचलन र व्यवहारको विश्लेषण बाट व्यवस्थापन परीक्षणका विशेषता तथा शर्तलाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छः

(क) सम्पूर्णताका दृष्टिले व्यवस्थापन परीक्षण भनेको कार्यालयको निरीक्षण वा परिपालनाको परीक्षण मात्र होइन । यसले व्यवस्थापकीय कार्यको हालको उपलब्धी, नतिजा र प्रभावकारिता तथा सो हासिल गर्न गर्नु पर्ने सुधारका वारेमा स्वतन्त्र र विशेषज्ञ रुपमा मार्गदर्शन गर्दछ र कार्यप्रगतिको अनुगमन र मूल्यांकनसमेत गर्दछ ।

(ख) स्वतन्त्र, पेशागत रुपमा दक्ष, एकीकृत अधिकारक्षेत्रसहितको स्तरीकृत व्यवस्था प्रभावकारी व्यवस्थापन परीक्षणले चाहेको हुन्छ ।

(ग) कार्यक्षेत्रगत जिम्मेवारीका दृष्टिकोणले व्यवस्थापन परीक्षणको कार्यक्षेत्र र जिम्मेवारी व्यापक हुन्छ न कि सीमित । यसले संगठनात्मक र सामूहिक क्रियाकलापको वारेमा लेखाजोखा र परीक्षण गर्दछ न कि कुनै व्यवस्थापक वा कर्मचारीविशेषको कार्यसम्पादनलाई मात्र सीमित गर्दछ ।

(घ) व्यवस्थापन परीक्षण वाह्य क्षमतामा भन्दा आन्तरिक रुपमा सुदृढ क्षमताका आधारमा सम्पादन गरिन्छ । त्यसर्थ यसको प्रभावकारिताका लागि संगठनले आन्तरिक नीति, संस्थागत व्यवस्था, विधि र पद्धति तथा मनोवैज्ञानिक सुदृढतामा विशेष जोड दिनु पर्दछ ।

(ङ) संगठनात्मक व्यवहारका दृष्टिले व्यवस्थापन परीक्षण सहभागितामूलक, नतिजामा आधारित एवं कर्मचारीतन्त्रीय वा प्रशासनिक व्यवस्था भन्दा व्यवस्थापकीय अवधारणामा आधारित हुन्छ ।

(च) व्यवस्थापन परीक्षणको प्रमुख आधार भनेको नै संगठनात्मक नीति, संरचनात्मक व्यवस्था, कार्यसम्पादन पद्धति एवं सेवा प्रवाह तथा नतिजामूलक प्रभावकारितासम्बन्धी आधारभूत सूचना र प्रमाण हुन् जसको लेखाजोखा, विश्लेषण तथा मूल्यांकनका आधारमा व्यस्थापकीय कार्यका वारेमा परीक्षण गर्न सकिन्छ ।

## नेपालको व्यवस्थापन परीक्षणसम्बन्धी वर्तमान अवस्था र अधिकारक्षेत्रको समीक्षा

३०. राज्यको साधन स्रोत र अधिकारको समुचित प्रयोगका माध्यमबाट नागरिकलाई उच्चतम सन्तुष्टी प्रदान गर्ने सक्षमता नै सुशासन हो भने यसको प्रत्याभूतिका लागि नीतिको प्रभावकारी कार्यान्वयन, कार्यमूलक र सेवा प्रवाह गर्न सक्षम संगठनात्मक व्यवस्था, दक्षता र नतिजा हासिल गर्न सक्ने विधि र पद्धति एवं कार्यसम्पादनयुक्त मनोव्यवहार र संस्कारको आवश्यकता पर्दछ । नागरिकले राज्यबाट प्राप्त गर्ने सेवा सुविधालाई छिटोछरितो, गुणस्तरीय, नागरिकमैत्री तथा परिणाममुखी तुल्याई सुशासन हासिल गर्न अवलम्वन गरिएका विभिन्न उपायमध्ये निजामती सेवा ऐन, २०४९ ले व्यवस्था गरेको व्यवस्थापन परीक्षणसम्बन्धी व्यवस्थालाई प्रमुख अध्यायका रुपमा लिन सकिन्छ । यस व्यवस्था अनुसार लोक सेवा आयोगको कार्यक्षेत्र भित्रका विषयहरु बाहेक सामान्य प्रशासन मन्त्रालयले केन्द्रीय कर्मचारी निकायका रुपमा नेपाल सरकारका विभिन्न निकायहरुमा कार्यरत निजामती कर्मचारीले प्रचलित कानुन तथा अन्य प्रशासकीय नियम र कार्यविधिहरु पलन गरेनगरेको सम्बन्धमा सुपरीवेक्षण, अनुगमन र मूल्यांकन गरी निर्देशन दिन र त्यसरी सुपरीवेक्षण गर्दा कुनै निजामती कर्मचारी उपर विभागीय कारवाही गर्नु पर्ने देखिएमा सोसमेत सिफारिश गर्न सक्ने र सो को वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेश गर्नु पर्ने प्रावधान रहेको छ ।

३१. नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यका सरकारी तथा गैरसरकारी संगठनहरुको संचालन र व्यवस्थापन विधिको शासन अनुकूल तुल्याई सुशासनको प्रत्याभूति दिनका लागि विशेष नीतिगत व्यवस्था गर्ने कुरा उल्लेख गरेको छ । नेपालको आठौं आवधिक योजना र तत्पश्चातका आवधिक योजनाहरुले सुशासनको प्रवर्द्धनका लागि सार्वजनिक प्रशासनलाई सार्वजनिक नीतिको नतिजामूलक कार्यान्वयनका

लागि सक्षम तुल्याउन कार्यसम्पादनयुक्त र सेवाप्रवाह गर्न सक्ने क्षमता भएको संगठन र व्यवस्थापन पद्धतिका रुपमा रुपान्तरण गर्ने प्रयास गरेको पाइन्छ र यसको प्राप्तीका लागि अनुगमन र मूल्यांकन गर्ने परिपाटीको कार्यान्वयनका लागि मार्गनिर्देशन गर्दै आएको छ ।

३२. सुशासन (व्यवस्थापन र संचालन) ऐन, २०६४ ले मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन नीतिको प्रभावकारी कार्यान्वयन, अनुशासन र सार्वजनिक कार्य र साधन स्रोतको कुशल व्यवस्थापन गर्न सक्ने गरी सार्वजनिक व्यवस्थापनको सक्षमताको परीक्षण, अनुगमन र मूल्यांकन गरी नीतिगत, संरचनागत, पद्धतिगत तथा मनोव्यवहारगत गुणात्मकता हासिल गर्ने कुरामा जोड दिएको छ र यसको क्रियान्वयनका लागि सुशासन नियमावली कार्यान्वयनमा ल्याएको छ ।

३३. लोकसेवा आयोग ऐन, २०६६ ले नेपालका संवैधानिक निकाय वा नेपाल सरकारका विभिन्न मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयले कर्मचारीको नियुक्ति, बढुवा, विभागीय कारवाही गर्दा संविधान, प्रचलित ऐन र आयोगको कार्यविधि र शर्त बमोजिम गरेको छ वा छैन भन्ने सम्बन्धमा आयोगले सुपरीवेक्षण र निरीक्षण गर्न सक्ने र गराउन सक्ने व्यवस्था गरेको छ । साथै सरकारी सेवाका सम्बन्धमा आयोगले दिएका परामर्श र निर्देशनको कार्यान्वयन भए नभएको सम्बन्धमा समेत अनुगमन तथा नियमितताको परीक्षण गरी अनियमितता गरेको पाइएमा आयोगले विभागीय कारवाहीका लागि लेखिपठाउन सक्ने व्यवस्था गरिएको छ ।

३४. नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम महालेखा परीक्षकले सरकारी तथा सार्वजनिक क्षेत्रको वित्तीय उत्तरदायित्वको परीक्षण कार्यदक्षता, मितव्ययिता, प्रभावकारिता तथा औचित्यका आधारमा गर्ने संवैधानिक व्यवस्था गरेको छ । यस अनुसार महालेखा परीक्षकले वित्तीय लेखापरीक्षणका साथै कार्यमूलक लेखापरीक्षण गरी सार्वजनिक व्यवस्थापनमा सुधारका लागि नेपाल सरकारलाई व्यवस्थापिका संसद मार्फत सुझाव र सिफारिस गर्ने व्यवस्था रहेको छ ।

३५. नेपाल सरकारको वित्तीय नियन्त्रण निकायका रुपमा महालेखा नियन्त्रक कार्यालयले कोष तथा लेखानियन्त्रक कार्यालयहरुबाट आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था छ । त्यसैगरी विशेषीकृत जिम्मेवारीका रुपमा विभिन्न निकायले नीतिगत तथा प्राविधिक क्षेत्रमा व्यवस्थापकीय परीक्षण गर्ने व्यवस्था रहेको छ । यसमा खासगरी विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयले वातावरणीय परीक्षण, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले लैंगिक परीक्षण, प्राविधिक मन्त्रालयहरु तथा राष्ट्रिय सतर्कता केन्द्रले प्राविधिक परीक्षण, विकाससंग सम्बन्धित मन्त्रालयहरुले सामाजिक लेखापरीक्षण, आदि प्रमुख छन् ।

३६. व्यवस्थापन परीक्षणलाई संस्थागत सुशासन कायम गर्ने मुल ध्येयका साथ व्यवस्थापनलाई सक्षम, प्रतिस्पर्धात्मक, मितव्ययी र बजारउन्मुख तुल्याई उत्पादकत्व र नाफामा बढोत्तरी गर्ने मुख्य आधारका रुपमा निजी क्षेत्रले प्रयोग गरेको पाइएको छ । व्यवस्थापनमा नयां नयाँ विधि, प्रविधि र पद्धतिको विकास गर्ने, गुणस्तरसम्बन्धी समस्याको पहिचान गरी सुधारात्मक उपाय अवलम्वन गर्ने, नीति निर्माण र निर्णय पद्धतिलाई सक्षम तुल्याई सेवाप्रवाहलाई प्रभावकारी तुल्याउने, सेवाग्राही तथा बजारको सन्तुष्टी हासिल गर्ने, जस्ता पक्षलाई निजी क्षेत्रले व्यवस्थापन परीक्षण गरी हासिल गरेको पाइन्छ । नेपालमा समेत निजी क्षेत्र तथा व्यावसायिक क्षेत्रको विकाससंगै खासगरी ठूला प्रतिष्ठानहरुले यस पद्धतिको गुणात्मक अनुशरण गर्ने गरेका छन् ।

### *नेपालमा व्यवस्थापन परीक्षणका लागि कार्यक्षेत्रगत जिम्मेवारी र अधिकारक्षेत्रको अवस्था*

३७. निजामती सेवा ऐन (संशोधनसहित), २०४९ ले दिएको जिम्मेवारी तथा कार्यलाई व्यवस्थित तथा कार्यमूलक तुल्याउन नेपाल सरकारले सर्वप्रथम वि.सं. २०६३ सालमा व्यवस्थापन परीक्षण निर्देशिका लागू गरेको र यसमा समयानुकूल सुधारसहित वि.सं. २०६७ सालमा परिमार्जन गरी नेपाल सरकारले कार्यान्वयनमा ल्याएको व्यवस्थापन परीक्षण निर्देशिका, २०६७ ले निर्दिष्ट गरेका अवधारणा देहाय बमोजिम रहेको देखिन्छः

(क) व्यवस्थापन परीक्षणलाई व्यवस्थित र सक्षम तुल्याउने,

(ख) कानुनी राज्यको अवधारणा अनुसार सार्वजनिक व्यवस्थापनको संचालन गर्न सघाउने,

(ग) निजामती कर्मचारीहरुको व्यवस्थापकीय कार्यको परीक्षण गर्ने,

(घ) प्रचलित कानुन तथा प्रशासकीय नियम र कार्यविधिको पालनाको स्तर मापन गर्ने,

(ङ) मानवीय र भौतिक स्रोत साधनको उपयोगको स्थितिको मूल्यांकन गर्ने,

(च) प्रशासकीय दक्षता र प्रभावकारिताको स्वतन्त्र रुपमा मापन गर्ने, तथा

(छ) नतिजामूलक सार्वजनिक व्यवस्थापनका लागि पद्धति निर्माण गर्ने ।

३८. माथि उल्लिखित जिम्मेवारीका आधारमा विश्लेषण गर्दा व्यवस्थापन परीक्षण निर्देशिकाले सामान्य प्रशासन मन्त्रालयलाई अनुसन्धानात्मक अधिकारक्षेत्र, सुधारात्मक र सुझावात्मक अधिकारक्षेत्र, विकासात्मक तथा प्रवर्द्धनात्मक अधिकारक्षेत्र, प्रशासकीय अधिकारक्षेत्र र दण्डात्मक अधिकारक्षेत्रका साथै अधिकार प्रत्यायोजन गरी अन्य निकाय मार्फत व्यवस्थापन परीक्षण गराउन सक्ने अधिकारक्षेत्रसमेत प्रदान गरेको छ ।

## *नेपालको सरकारी संगठनको व्यवस्थापन परीक्षण व्यवस्थाको कार्यान्वयनको स्थिति*


३९. सामान्य प्रशासन मन्त्रालयले व्यवस्थापन परीक्षणका लागि कार्यालय छनौटका आधारमा व्यापक र सीमित कार्यक्षेत्र भएका कार्यालयहरु, आमजनतासंग प्रत्यक्ष रुपमा सरोकार राख्ने र सेवा प्रवाहमा सघनता भएका कार्यालय, अघिल्लो आर्थिक बर्षमा छनौटमा नपरेका कार्यालय, विकासात्मक गतिविधिसंग सम्बन्धित कार्यालय, संचार माध्यममा चर्चामा आइरहने कार्यालयहरु लाई समावेश गर्ने गरिएको पाइएको छ । आर्थिक बर्ष २०५६।५७ देखि आर्थिक बर्ष २०७०।७१ को अवधिमा सम्पन्न गरिएका व्यवस्थापन परीक्षणसम्बन्धी संख्यात्मक विवरण देहाय बमोजिम रहेको छ :

| आर्थिक बर्ष | केन्द्रीय निकाय | क्षेत्रीय कार्यालयहरु | जिल्ला तथा स्थानीय कार्यालयहरु | जम्मा |
|---|---|---|---|---|
| ०५६।५७ | ३ | ८७ | ० | ९० |
| ०५७।५८ | ९ | ० | ० | ९ |
| ०५८।५९ | ४ | १ | ६५ | ७० |
| ०५९।६० | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको |
| ०६०।६१ | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको |
| ०६१।६२ | १ | ० | ३२ | ३३ |
| ०६२।६३ | ८ | ० | ० | ८ |
| ०६३।६४ | ३ | १ | ९ | १३ |
| ०६४।६५ | ३ | ० | १५ | १८ |
| ०६५।६६ | ३ | ७ | २० | ३० |
| ०६६।६७ | ३२ | १ | ३४ | ६७ |
| ०६७।६८ | २३ | १ | ३३ | ५७ |
| ०६८।६९ | १४ | ० | ३२ | ४६ |
| ०६९।७० | ६ | ० | २८ | ३४ |
| ०७०।७१ | ८ | १ | २८ | ३७ |
| जम्मा | १०७ | ९९ | २९६ | ५०२ |

स्रोतः सामान्य प्रशासन मन्त्रालय, व्यवस्थापन परीक्षण शाखा

४०. यस अनुसार सरकारी संगठनमा व्यवस्थापन परीक्षण शुरु गरेको आर्थिक बर्ष २०५६।६७ मा जम्मा ९० वटा कार्यालयको परीक्षण सम्पन्न गरेको देखिन्छ भने आर्थिक बर्ष ०७०।७१ मा जम्मा ३७ वटा कार्यालयको परीक्षण गरिएको छ । यस विवरणका आधारमा नेपाल सरकारका झण्डै पांच हजार

कार्यालय रहेकोमा आर्थिक बर्ष ०७०। ७१ सम्म जम्माजम्मी ५ सयको हाराहारीमा मात्र व्यवस्थापन परीक्षणका लागि कार्यालय समेट्न सकिएको देखिन्छ । यसका आधारमा विश्लेषण गर्दा हालको व्यवस्थापन परीक्षण क्षमता र व्यवस्थापन परीक्षण गर्नु पर्ने आवश्यकताबीच निकै ठूलो खाडल देखिएको छ । विगत १० बर्षमा सामान्य प्रशासन मन्त्रालयबाट सम्पन्न गरिएको व्यवस्थापन परीक्षणको संख्यात्मक स्थितिसम्बन्धी प्रवृत्ति देहाय बमोजिम रहेको पाइएको छ :




**नेपालमा गरिएका सरकारी संगठनको व्यवस्थापन परीक्षणको संख्यात्मक विवरण र सो को प्रवृत्ति**

## ***व्यवस्थापन परीक्षणको योजना र कार्यक्रम तथा बजेट व्यवस्था***

४१. केन्द्रीयस्तरदेखि स्थानीयस्तरसम्म झण्डै ५ हजारको संख्यामा रहेका सरकारी कार्यालयको व्यवस्थापन परीक्षण गर्नका लागि नेपाल सरकारले सामान्य प्रशासन मन्त्रालयले कार्यान्वयन गर्ने गरी आर्थिक बर्ष २०५५।५६ देखि नै बार्षिक रुपमा कार्यक्रम स्वीकृति र बजेटको व्यवस्था गर्दै आएको छ। यस अन्तरगत कार्ययोजना तर्जुमा गरी मुख्य रुपमा देहायका कार्यक्रम कार्यान्वयन हुँदै आएका छन् :


(क) व्यवस्थापन परीक्षण कार्यक्रम

(ख) सेवाग्राही सन्तुष्टी सर्भेक्षण कार्यक्रम

(ग) व्यवस्थापन परीक्षण तथा सेवाग्राही सन्तुष्टी सर्भेक्षण अभिमुखीकरण कार्यक्रम

४२. सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त जानकारी अनुसार व्यवस्थापन परीक्षण कार्यका लागि व्यवस्था गरिएको साधनस्रोत व्यवस्थापनका सम्बन्धमा देहायका तथ्य खुल्न आएको छ :

- व्यवस्थापन परीक्षणसम्बन्धी कार्यक्रम संचालनका लागि सामान्य प्रशासन मन्त्रालयलाई प्राप्त कुल बार्षिक बजेटको १ प्रतिशतभन्दा कम बजेट विनियोजन भएको,
- आर्थिक बर्ष ०६८।६९ मा सामान्य प्रशासन मन्त्रालयको कुल बजेट रकम रु १७,९८,९८ हजार रहेको थियो भने व्यवस्थापन परीक्षण कार्यक्रमका लागि रु १३,०० हजार छुट्याइएको,
- आर्थिक बर्ष ०७०।७१ मा मन्त्रालयको कुल बजेट रु २७,०७,०८ हजार रहेकोमा व्यवस्थापन परीक्षण कार्यक्रमका लागि रु २५,०५ हजार व्यवस्था गरिएको, तथा
- चालु आर्थिक बर्ष ०७१।७२ का लागि मन्त्रालयलाई प्राप्त बजेट रु २०,५५,०९ हजार मध्ये व्यवस्थापन परीक्षणका लागि जम्मा रु ९,०० हजार व्यवस्था गरिएको ।




**व्यवस्थापन परीक्षणका लागि आर्थिक बर्ष ०६७।६८ देखि आर्थिक बर्ष ०७१।७२ सम्मको बजेट व्यवस्थाको प्रवृत्ति**

४३. माथि उल्लिखित विवरण अनुसारको मूल्यांकन गर्दा सामान्य प्रशासन मन्त्रालयको कुल बार्षिक बजेटको १ प्रतिशत भन्दा कम बजेट विनियोजन गरिएको देखिन्छ । यस अनुसार व्यवस्थापन परीक्षणका लागि कार्यक्रम संकुचित र बजेट रकम घट्दो अवस्थामा रहेको पाइन्छ । व्यवस्थापन परीक्षणसम्बन्धी रणनीतिक योजना नभएकाले बार्षिक कार्यक्रम र बजेटमा प्राथमिकता पाउन नसकेको देखिन्छ ।

## व्यवस्थापन परीक्षण निदेर्शिकाको उपयुक्तता, स्तरीयता र कार्यान्वयनयोग्यता

४४. नेपालमा सरकारी निकायहरुको व्यवस्थापन परीक्षणको कार्यलाई व्यवस्थित तथा योजनावद्ध तुल्याउन व्यवस्थापन परीक्षण निर्देशिका लागू गरिएकोमा सो व्यवस्थाको समीक्षात्मक विश्लेषण गरिएको छ । यस अनुसार सार्वजनिक क्षेत्रमा विधिको शासन संचालनमा सहयोग गरी सुशासन अभिवृद्धि गर्ने ध्येयका साथ निर्देशिकाले लिएका व्यवस्थापन परीक्षणका प्रमुख उद्देश्य देहाय बमोजिम रहेका छन् :

- नेपाल सरकारका विभिन्न निकायहरुको व्यवस्थापनसम्बन्धी कार्यमा एकरुपता कायम गर्न सहयोग गर्ने,
- निजामती कर्मचारीहरुबाट गरिने कामकारवाही प्रचलित नीति र कानुन बमोजिम भएनभएको परीक्षण गरी देखिएका कमीकमजोरी, त्रुटी र अनियमिततालाई उजागर गरी समाधान र सुधारका लागि सुझाव र सिफारिस प्रस्तुत गर्ने,
- सरकारी संगठन र व्यवस्थापनका सवल र दुर्वल पक्षहरुको पहिचान गरी सवल पक्षको सम्वर्द्धन गर्न र दुर्वल पक्षको निराकरण गर्नका लागि आवश्यक उपायको सिफारिश प्रस्तुत गर्ने,
- उपलव्ध स्रोतसाधनको उच्चतम प्रयोग गरी सरकारी संगठनको कार्यमूलक गतिशीलता र प्रभावकारिता वृद्धि गन सहयोग गर्ने,
- व्यवस्थापनलाई जोखिमको पूर्वानुमान गरी रोकथाम गर्न सक्षम तुल्याउनुका साथै जवाफदेहिताको निर्माण र पारदर्शिता प्रवर्द्धन गर्न सघाउने, तथा
- संगठनात्मक व्यवस्थापन पद्धतिका सम्पूर्ण तहको कार्यक्षमताको परीक्षण गरी कार्यान्वयन तहका समस्या र कमिकमजोरी पत्ता लगाई समाधान र सुधारका लागि व्यवहारिक सुझावको सिफारिश गर्ने ।

४५. व्यवस्थापन परीक्षणको कार्यक्षेत्रगत जिम्मेवारीका रुपमा देहायका कार्यसूची समावेश गरेको छः

- संगठनात्मक नीति र व्यवहार, संगठनात्मक संरचना, कार्यपद्धति र कार्यप्रक्रिया,
- कार्यालयको भौतिक वातावरण र पूर्वाधारको व्यवस्था,
- कर्मचारी व्यवस्थापन र अभिलेख व्यवस्था,
- आर्थिक प्रशासन र जिन्सी व्यवस्थापन,
- नागरिकमा प्रवाह गरिने सेवाको व्यवस्थापन,

- पारदर्शिता र जवाफदेहितासम्बन्धी व्यवस्था,
- सूचना प्रविधिको प्रयोगको अवस्था, तथा
- कर्मचारीको गुनासो व्यवस्थापन ।

४६. व्यवस्थापन परीक्षण गराउनु पर्ने व्यवस्था अन्तरगत निर्देशिकाले विभिन्न व्यवस्था गरेको छ । यस अनुसार देहायका प्रावधान मुख्य रुपमा उल्लेख्य छन् :

(क) निजामती सेवा ऐन, २०४९ को व्यवस्था अनुसार सामान्य प्रशासन मन्त्रालयले प्रत्येक बर्ष नेपाल सरकारका सबै निकायमा आलोपालो गरी व्यवस्थापन परीक्षण गर्ने ।

(ख) मन्त्रालयले आफ्ना मातहतका विभाग र निकायहरुलाई अधिकार प्रत्यायोजन गरी व्यवस्थापन परीक्षण गर्न टोली खटाउने ।

(ग) व्यवस्थापन परीक्षणका लागि खटिएका टोलीलाई आवश्यक सहयोग गरी आफ्ना निकायमा व्यवस्थापन परीक्षण गराउने कर्तव्य सम्बन्धित विभागीय प्रमुख तथा कार्यालय प्रमुखको हुने ।

(घ) व्यवस्थापन परीक्षण गर्नु अघि आवश्यक पर्ने सूचना र जानकारीको संकलनका लागि केन्द्र तथा जिल्लास्तरीय कार्यालयका लागि छुट्‌छुट्टै प्रश्नावलीको व्यवस्था गरिएको र सो मा उल्लिखित विवरणलाई व्यवस्थापन परीक्षणका लागि आधारका रुपमा समेत प्रयोग गर्ने ।

(ङ) नेपाल सरकारका सबै विभागीय प्रमुख र कार्यालय प्रमुखहरुले प्रत्येक बर्षको बैशाख मसान्तसम्म आआफ्नो कार्यालयको व्यवस्थापन परीक्षण गरी सो को प्रतिवेदन तोकिएको ढांचामा प्रत्येक बर्षको ज्येष्ठ मसान्तभित्र तालुक निकायमा पठाउने ।

(च) सम्बन्धित केन्द्रिय निकायले आफ्नो मातहतका निकायको व्यवस्थापन परीक्षणको समष्टीगत प्रतिवेदन तयार गरी तोकिएको ढांचामा प्रत्येक बर्षको आषाढ मसान्तसम्ममा सामान्य प्रशासन मन्त्रालयमा पठाउने ।

(छ) यसरी प्राप्त भएका प्रतिवेदनको अध्ययन गरी सम्बन्धित तालुक निकायसंगको छलफलसमेतका आधारमा सामान्य प्रशासन मन्त्रालयले ती प्रतिवेदनले औंल्याएका समस्यामूलक विषयमा तत्काल सुधार गर्न सम्बन्धित कार्यालयलाई निर्देशन दिन सक्ने ।

(ज) सामान्य प्रशासन मन्त्रालयले नेपाल सरकारका कुनै निकायलाई सो निकायको व्यवस्थापन परीक्षण गरी सो को प्रतिवेदन पेश गर्न लगाउन सक्ने ।

(भ) केन्द्र र स्थानीयस्तरका कार्यालयहरुको नियमित परीक्षणका लागि सामान्य प्रशासन मन्त्रालयले प्रत्येक आर्थिक बर्षमा आफू र मातहतका निकायमा कार्यरत कर्मचारीमध्येबाट मितव्ययिता र प्रभावकारितासमेतलाई विचार गरी निश्चित समयावधि तोकी परीक्षण टोली खटाई परीक्षण गराउने र प्रतिवेदन प्राप्त गर्ने ।

४७. व्यवस्थापन परीक्षण नियमित तथा आकस्मिक रुपमा सामान्य प्रशासन मन्त्रालयले गर्ने व्यवस्था निर्देशिकाले गरेको छ । यस अन्तरगत प्रशासकीय अनियमितता भएको उजुरी तथा निवेदन र गुनासो, संचार माध्यमको सूचनाको आधारमा वा व्यवस्थापन परीक्षण गर्ने निकाय वा अधिकारीले आवश्यक देखेको समयमा कुन खास विषय वा क्षेत्रको परीक्षण गर्न सकिने व्यवस्था रहेको छ ।

४८. सामान्य प्रशासन मन्त्रालयले व्यवस्थापन परीक्षण गरिने निकाय, व्यवस्थापन परीक्षणको समयतालिका, परीक्षणमा खटिने जनशक्ति र आवश्यक स्रोतसमेतको अनुमान गरी व्यवस्थापन परीक्षणको आवधिक तथा बार्षिक योजना तर्जुमा गरी सो को आधारमा व्यवस्थापन परीक्षण गर्ने र प्रत्यायोजित अधिकार बमोजिम व्यवस्थापन परीक्षण गर्ने निकायले समेत आफ्नो निकाय अन्तरगतका कार्यालयहरुको व्यवस्थापन परीक्षण गर्दा बार्षिक योजना तथा कार्यक्रमका आधारमा गर्ने प्रावधान रहेको छ । साथै व्यवस्थापन परीक्षण कार्यका लागि आवश्यक दक्षता, सीप र क्षमता भएका जनशक्तिको व्यवस्थाका लागि सामान्य प्रशासन मन्त्रालयले दक्षता र सीप विकासका लागि तालिमको व्यवस्था गर्ने र व्यवस्थापन परीक्षणसम्बन्धी तालिम प्राप्त कर्मचारीलाई जुनसुकै निकायमा कार्यरत रहेको भएपनि सामान्य प्रशासन मन्त्रालयले काजमा राखी व्यवस्थापन परीक्षणको जिम्मेवारी दिनसक्ने व्यवस्थासमेत गरिएको छ ।

४९. आकस्मिक परीक्षणको अवस्थामा वाहेक व्यवस्थापन परीक्षणमा सामान्य प्रशासन मन्त्रालयबाट वा प्रत्यायोजित जिम्मेवारी बमोजिम खटाउनु भन्दा अगाडी नै सम्बन्धित निकायलाई लिखित रुपमा पूर्व जानकारी गराउनु पर्ने । यसरी पठाउने जानकारीमा व्यवस्थापन परीक्षणको समयतालिका, परीक्षणको विषयवस्तु, परीक्षणको विधि, परीक्षणमा संलग्न हुने कर्मचारी तथा व्यवस्थापन परीक्षणको कार्यलाई प्रभावकारी तुल्याउन परीक्षण गरिने कार्यालयबाट अपेक्षा गरिएका सहयोगका वारेमा समेत उल्लेख गर्नु पर्ने व्यवस्था गरिएको छ ।

५०. सामान्य प्रशासन मन्त्रालय वा सो मन्त्रालयले अधिकार दिई खटाइएका परीक्षण टोलीलाई परीक्षणको सिलसिलामा आवश्यक पर्ने अभिलेख, कागजात, सूचना र जानकारीलगायतका अन्य विधि र प्रक्रियाको संचालनका लागि आवश्यक सहयोग सम्बन्धित निकायले उपलव्ध गराउनु पर्ने व्यवस्था रहेको छ । साथै व्यवस्थापन परीक्षणका लागि खटिने टोली वा टोलीमा संग्न कर्मचारीले परीक्षणको कार्यसम्पादन गर्दा प्रचलित कानुन तथा निर्देशिकाको पालना गर्ने र परीक्षणको प्रतिवेदनमा उल्लिखित विषयका वारेमा पूर्ण जिम्मेवारी र जवाफदेहिता वहन गर्नु पर्ने व्यवस्था छ ।

५१.	व्यवस्थापन परीक्षणका लागि उद्देश्यपरक रुपमा सूचनाको संकलन तथा विश्लेषणका लागि निर्देशिकाले देहायका विधि अवलम्वन गर्नसक्ने व्यवस्था गरेको छः

- अवलोकन
- प्रश्नावली तथा अन्तरवार्ता
- छलफल तथा अन्तरक्रिया
- आवश्यक कागजात तथा प्रमाणहरुको अध्ययन
- विगतमा गरिएका व्यवस्थापन परीक्षणका प्रतिवेदनको समीक्षात्मक अध्ययन तथा पुनरावलोकन
- परीक्षण टोलीले आवश्यक ठानेका अन्य विभिन्न विधि

५२.	व्यवस्थापन परीक्षणलाई सहज र कार्यमूलक तुल्याउन सामान्य प्रशासन मन्त्रालयले सरकारी कार्यालयहरुको व्यवस्थापन परीक्षण दिग्दर्शन तयार गरी लागू गर्न सक्ने व्यवस्थासमेत गरिएको छ ।

५३.	व्यवस्थापन परीक्षण व्यवस्थालाई सरकारी व्यवस्थापनमा व्यवस्थित रुपमा कार्यान्वयन गर्नका लागि लागू गरिएको व्यवस्थापन परीक्षण निर्देशिकाको उपयुक्तता, कार्यान्वयनयोग्यता र स्तरीयताको समीक्षा देहायका आधारमा गरिएको छ :

(क) व्यवस्थापन परीक्षण निर्देशिकाले नेपालको सार्वजनिक निकायमा व्यवस्थापन परीक्षणका लागि आधार तथा मार्गदर्शन गरेको छ र यसलाई सचेतना अभिवृद्धि गर्ने तथा प्रशिक्षण दिने दस्तावेजका रुपमा समेत उपयोग गर्न सकिने देखिन्छ । व्यवस्थापन परीक्षणलाई राजनीतिक नेतृत्वदेखि कार्यान्वयन तह र सरोकारवालालाई सुसूचित गर्ने र पैरवी तथा सचेतना बढाउनसमेत यस निर्देशिकाको योगदानको प्रशस्त संभावना रहेको छ ।

(ख) निर्देशिकाले व्यवस्थापन परीक्षणसम्बन्धी जिम्मेवारीलाई तार्किक तथा विवेकशील एवं सर्वस्वीकृत मान्य प्रक्रिया तथा तरिकाले कार्यसम्पादन गर्ने गरी कार्यविधिगत स्पष्टता कायम गरेको छ । यसले गर्दा व्यवस्थापन परीक्षणको प्रक्रियामा एकरुपता, पारदर्शिता र कार्यान्वयनमा सहजता प्रदान गरेको छ ।

(ग) व्यवस्थापन परीक्षणको कार्य योजना निर्माण गरी कार्यसंचालन गर्ने देखि अनुगमन र मूल्यांकन तथा संस्थागत व्यवस्थापनमा सुधार गर्न सामान्य प्रशासन मन्त्रालयलगायत सबै सरकारी निकायलाई यस निर्देशिकाले मार्गदर्शन गरेको छ । यो आफैमा एक सार्थक शुरुआत हो ।

(घ) त्यसैगरी व्यवस्थापन परीक्षणका महत्वपूर्ण तरिकामा निरीक्षण तथा सुपरीवेक्षण, छानवीन, परीक्षण तथा जांचबूझ, महत्वपूर्ण तथा सान्दर्भिक पक्षको अवलोकन, सूचना र तथ्यको अन्तरसम्बन्धको सुनिश्चितता एवं तथ्यगत परीक्षण जस्ता तरिकालाई निर्देशिकाले आत्मसात गरेको छ ।

५४. व्यवस्थापन परीक्षणसम्बन्धी विश्वव्यापी मान्यता र सिद्धान्तका दृष्टिले हालको व्यवस्थापन परीक्षण निर्देशिका लाई मूल्यांकन गर्दा उपयुक्तता, स्तरीयता र कार्यान्वयनयोग्यताका दृष्टिले देहाय बमोजिम समीक्षा गरिएको छ :

(क) व्यवस्थापन परीक्षण निर्देशिकाले रणनीतिक दिशावोध गर्न सकेको छैन । व्यवस्थापन परीक्षणलाई सार्वजनिक व्यवस्थापनको राष्ट्रिय प्राथमिकताका रुपमा स्थापित गर्न स्पष्ट रणनीति, सक्षम संस्थागत व्यवस्था, योजना र कार्यक्रम एवं साधनस्रोत परिचालनका दृष्टिले हालको व्यवस्था सक्षम रहेको देखिन्न ।

(ख) प्रभावकारी व्यवस्थापन परीक्षणका लागि सार्वजनिक व्यवस्थापनसंग सम्बन्धित सबै पक्षको परीक्षण गर्ने अधिकारक्षेत्र र जिम्मेवारी एकीकृत रुपमा कार्यान्वयन गर्न सक्ने गरी कानुनी तथा पद्धतिगत व्यवस्था आवश्यक पर्दछ । तर हालको व्यवस्था एकीकृत एवं पूर्ण अधिकारसहितको नभै खण्डित र सीमित अधिकार र जिम्मेवारीमा आधारित रहेको हुंदा सम्पूर्णता तथा कार्यप्रभावकारिताका दृष्टिमा उपयुक्त मान्न सकिन्न ।

(ग) व्यवस्थापन परीक्षण भनेको कार्यालयको निरीक्षण गर्ने प्रकृतिको वा प्रक्रियागत परिपालनाको परीक्षण मात्र नभई यसले व्यवस्थापकीय कार्यको हालको उपलब्धी, नतिजा र प्रभावकारिता तथा सो हासिल गर्न गर्नु पने सुधारका वारेमा स्वतन्त्र र विशेषज्ञ रुपमा मार्गदर्शन गर्दछ । तर हालको निर्देशिकाले निरीक्षण वा परिपालनाको परीक्षण गर्ने दृष्टिकोण राखेको हुंदा सैद्धान्तिक आधार कमजोर रहेको छ ।

(घ) स्वतन्त्र, पेशागत रुपमा दक्ष, एकीकृत अधिकारक्षेत्रसहितको स्तरीकृत संस्थागत तथा पद्धतिगत व्यवस्था व्यवस्थापन परीक्षणले चाहेको हुन्छ तर निर्देशिकाले स्वतन्त्र र व्यावसायिक रुपमा सक्षम भन्दा मन्त्रालयको आंगिक जिम्मेवारीका रुपमा तथा परावलम्वनमा आधारित संस्थागत व्यवस्था कायम गर्न खोजेको देखिन्छ ।

(ङ) कार्यक्षेत्रगत जिम्मेवारीका दृष्टिकोणले व्यवस्थापन परीक्षणको कार्यक्षेत्र र जिम्मेवारी व्यापक हुन्छ न कि सीमित । यसले संगठनात्मक र सामूहिक क्रियाकलापको वारेमा लेखाजोखा र परीक्षण गर्दछ न कि कुनै व्यवस्थापक वा कर्मचारी विशेषको कार्यसम्पादनमा सीमित गर्दछ । निर्देशिकाले आत्मसात

गरेको परीक्षणको केन्द्रविन्दु समष्टीगत व्यवस्थापन भन्दा पनि निजामती कर्मचारी विशेषले गरेको कार्यको परीक्षणमा सीमित भएको देखिंदा सैद्धान्तिक उपयुक्तता र स्तरीयताका दृष्टिले सकारात्मक मान्न सकिन्न ।

(च) व्यवस्थापन परीक्षण वाह्य क्षमतामा भन्दा आन्तरिक रुपमा सुदृढ क्षमताका आधारमा गरिन्छ । त्यसर्थ यसको प्रभावकारिताका लागि संगठनले आन्तरिक नीति, संस्थागत व्यवस्था, विधि र पद्धति तथा मनोवैज्ञानिक सुदृढतामा विशेष जोड दिनु आवश्यक हने मा हालको व्यवस्थापन परीक्षणसम्बन्धी सामान्य प्रशासन मन्त्रालयमा रहेको व्यवस्थापन परीक्षण शाखा र विभिन्न केन्द्रिय निकाय र मन्त्रालयमा रहेका व्यवस्थापन परीक्षणको जिम्मेवारी वहन गर्ने संयन्त्र सुदृढ र सक्षम रहेका देखिन्नन् । निर्देशिकाले अनिवार्य जिम्मेवारीका रुपमा अन्य निकायलेसमेत आफ्नो मातहतका कार्यालयको व्यवस्थापन परीक्षण गरी प्रतिवेदन दिनु पर्ने व्यवस्था गरेको तर ती निकायमा संस्थागत क्षमता, जनशक्ति एवं पद्धतिगत क्षमता नरहेकोसमेत देखिंदा यसले व्यवस्थापन परीक्षण पद्धतिको कार्यान्वयनयोग्यतामा प्रश्नचिन्ह खडा गरेको छ ।

(छ) संगठनात्मक व्यवहारका दृष्टिले व्यवस्थापन परीक्षण सहभागितामूलक, नतिजामा आधारित, कर्मचारीतन्त्रीय वा प्रशासनिक व्यवस्थाभन्दा व्यवस्थापनवादमा आधारित हुनेमा निर्देशिकाले व्यवस्थापन परीक्षणको कार्यलाई व्यवस्थापनवाद भन्दा कर्मचारीतन्त्रीय पद्धति र व्यवहारबाट कार्यान्वयन गर्न खोजेको देखिन्छ ।

(ज) व्यवस्थापन परीक्षणको प्रभावकारी कार्यान्वयनका लागि सवल वातावरण, सक्षम कार्यान्वयन व्यवस्था, प्रभावकारी अनुगमन तथा व्यापक र सार्थक सहकार्य र साझेदारीको आवश्यकता पर्दछ । यी सबै पक्षमा हालको निर्देशिकाले गतिशीलता ल्याउन सक्ने देखिन्न । यसका लागि रणनीतिक स्पष्टता, सक्षम र समर्पित संस्थागत व्यवस्था, पेशागत रुपमा सक्षम जनशक्ति व्यवस्था, स्रोत परिचालनको सुनिश्चितता, आदि आवश्यक पर्नेमा निर्देशिकाले ती कुराको स्पष्टता सुनिश्चितता गर्न सकेको छैन ।

(झ) व्यवस्थापन परीक्षणको स्तरीयताका लागि सूचना व्यवस्थापन, प्रमाणमा आधारित परीक्षण, व्यावसायिक तथा पेशागत आचारसंहिता, स्वार्थको द्वन्द्वको व्यवस्थापन, कार्यसम्पादन व्यवस्थापन पद्धति एवं कार्यसम्पादन सूचक र मापदण्डको व्यवस्था, परीक्षणको नतिजा मापन तथा मूल्यांकनका वस्तगत आधारसमेतको दिग्दर्शन आवश्यक पर्नेमा निर्देशिकाको उद्देश्यपरक तथा वस्तुगत कार्यान्वयनका लागि यी आवश्यकताको परिपूर्ति हुन नसक्नाले निर्देशिका अपूरो देखिनुका साथै स्तरीयता तथा कार्यान्वयनयोग्यताका दृष्टिले उपयुक्त देखिएको छैन ।

## व्यवस्थापन परीक्षण प्रतिवेदन व्यवस्थाको समीक्षा

५५. व्यवस्थापन परीक्षणको नतिजालाई पारदर्शी तथा जवाफदेहीयुक्त तुल्याई वाह्य परीक्षणका लागि समेत मार्ग प्रशस्त गर्ने उद्देश्यले व्यवस्थापन परीक्षण निर्देशिकाले प्रतिवेदनको तयारी तथा प्रस्तुतीसम्बन्धी व्यवस्था गरेको छ। यस अन्तरगत देहाय बमोजिमका व्यवस्था मुख्य रुपमा देखिन्छन्:

(क) व्यवस्थापन परीक्षण टोलीले परीक्षणको कार्यसम्पन्न भएको मितिले बढीमा १५ दिन भित्र तोकिएको ढांचामा प्रतिवेदन तयार गरी सामान्य प्रशासन मन्त्रालयमा पेश गरिसक्नु पर्ने ।

(ख) कुन कार्यालय । निकायको व्यवस्थापन परीक्षण सम्पन्न भैसकेपछि परीक्षणबाट देखिएका महत्वपूर्ण प्रश्न र सुधार गर्नु पर्ने विषय जस्तै अनियमितता वा कैफियत, स्रोत साधनको उपयोगमा त्रुटी, संगठनको अवस्था, आदि मा व्यवस्थापन परीक्षणको नतिजाका वारेमा अन्तिम धारणा बनाउनु भन्दा अघि सम्बन्धित निकायको प्रमखसंग पर्याप्त छलफल गरी सो मा पर्याप्त औचित्यका आधारमा नतिजामा सन्तुष्ट हुन नसकेका विषय मात्र प्रतिवेदनमा समावेश गर्नेगरी परीक्षणको निष्कर्षलाई अन्तिम रुप दिइ प्रतिवेदन तयार गर्ने ।

(ग) कुनै निकायमा आन्तरिक रुपमा व्यवस्थापन परीक्षण हुने गरेकोमा त्यस्तो परीक्षणको प्रतिवेदनलाई मन्त्रालयको टोलीले आफ्नो परीक्षणका लागि सन्दर्भ सामाग्री वा आधारका रुपमा लिन सक्ने ।

(घ) सामान्य प्रशासन मन्त्रालयले स्थलगत रुपमा स्थानीयस्तरका निकाय । कार्यालयको व्यवस्थापन परीक्षण सम्पन्न गरी प्राप्त हुन आएको नतिजा तथा निष्कर्षलाई आफ्नो प्रतिवेदनमा समावेश गर्नु अगाडी सम्बन्धित मन्त्रालय । केन्द्रीय निकायको व्यवस्थापन संग छलफल गर्न सक्ने र छलफलबाट चित्त बुझ्दो प्रतिक्रिया प्राप्त भएमा वा औचित्य देखिएमा त्यस्ता विषयलाई प्रतिवेदनमा समावेश नगरिने ।

(ङ) व्यवस्थापन परीक्षण सम्पन्न गरी प्रस्तुत भएका सबै प्रतिवेदनका आधारमा सामान्य प्रशासन मन्त्रालयले निजामती सेवा ऐनमा भएको व्यवस्था बमोजिम नेपाल सरकार मन्त्रिपरिषदसमक्ष प्रस्तुत गर्ने गरी व्यवस्थापन परीक्षणको समष्टीगत प्रतिवेदन बार्षिक रुपमा तोकिएको ढांचामा तयार गर्ने । यस अनुसार प्रत्येक आर्थिक बर्षको श्रावण मसान्तभित्र नेपाल सरकार मन्त्रिपरिषदसमक्ष सामान्य प्रशासन मन्त्रालयले प्रतिवेदन प्रस्तुत गर्ने । यस्तो प्रतिवेदनमा व्यवस्थापन परीक्षणमा उल्लिखित विषयका अतिरिक्त बार्षिक रुपमा परीक्षण गर्न छनौट गरिएका निकाय र त्यसको सान्दर्भिकता, परीक्षणबाट देखिएका नीतिगत सवाल, उल्लेखनीय विषय र प्रतिवेदनको समष्टीगत विषयमा सामान्य प्रशासन मन्त्रालयले आफ्नो धारणा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने ।

(च) सामान्य प्रशासन मन्त्रालयले प्रस्तुत गरेको प्रतिवेदनमा नेपाल सरकार मन्त्रिपरिषदबाट आवश्यक निर्देशन भई आएपछि उक्त प्रतिवेदनलाई पारदर्शिता सुनिश्चित हुने तथा यसमा सर्वसाधारणको पहुंच हुने गरी सार्वजनिक गर्नु पर्ने ।

(छ) व्यवस्थापन परीक्षणका क्रममा देखिएका निकायगत विषयहरुका सम्बन्धमा अन्तिम टुंगो लागेपछि सो को फरफारखका लागि गर्नु पर्ने उपायसहितको सुझावको विवरण सामान्य प्रशासन मन्त्रालयले सम्बन्धित कार्यालय र सबै जिम्मेवार निकायमासमेत उपलब्ध गराउनु पर्ने तथा यसरी प्राप्त विवरण उपर सम्बन्धित कार्यालय र जिम्मेवार निकायले आफ्नो तर्फबाट भए गरेका कामकारवाहीसम्बन्धी विवरण सामान्य प्रशासन मन्त्रालयलाई उपलब्ध गराउने पर्ने ।

(ज) व्यवस्थापन परीक्षणका आधारमा विभिन्न निकायबाट प्राप्त कैफियतहरुको अभिलेख राखी प्रचलित कानुन एवं सामान्य प्रशासन मन्त्रालयको सुझाव अनसार फरफारख गर्न र कार्यप्रक्रियामा सधार गर्नु सम्बन्धित कार्यालय । निकायको कर्तव्य हुने र यसरी फरफारख भएको विषयहरुको जानकारी सम्बन्धित निकायले सामान्य प्रशासन मन्त्रालय र आफ्नो केन्द्रिय निकायमा समेत पठाउनु पर्ने । प्रतिवेदनमा उल्लिखित कैफियत वा त्रुटी फरफारख नगर्ने विभागीय प्रमुख वा कार्यालय प्रमुखलाई सामान्य प्रशासन मन्त्रालयले अवधि तोकी पुनः फरफारख गर्न लेखिपठाउने । तोकिएको अवधिभित्र पनि त्यस्ता कैफियतका विषयमा स्पष्थ नगर्ने तथा अनियमितताको फरफारख नगर्ने विभागीय प्रमुख वा कार्यालय प्रमुखलाई आवश्यक कारवाहीका लागि सामान्य प्रशासन मन्त्रालयले सिफारिश गर्न सक्ने ।

(झ) व्यवस्थापन परीक्षणको प्रतिवेदनमा देखिएका नेपाल सरकारको कुनै निकायबाट आर्थिक हिनामिना भएको वा प्रचलित कानुनको ठाडो उल्लंघन भएको भेटिएमा त्यस्ता गम्भीर प्रकृतिका त्रुटी वा गल्ती सच्याउन समयसीमा तोकी सम्बन्धित कार्यालय । निकायलाई सामान्य प्रशासन मन्त्रालयले निर्देशन दिने र यसरी निर्देशन दिंदासमेत तोकिएको समयसीमा भित्र सुधार वा फरफारख नगरेमा मन्त्रालयले सम्बन्धित अधिकारीलाई प्रचलित कानुन अनुसार कारवाहीका लागि सिफारिश गर्न सक्ने ।

(ञ) सामान्य प्रशासन मन्त्रालयबाट व्यवस्थापन परीक्षण गर्ने काममा खटिएको टोलीलाई आवश्यक सहयोग नगर्ने, व्यवस्थापन परीक्षणका कैफियतहरुको अभिलेख अध्यावधिक नगर्ने र फरफारखका लागि सामान्य प्रशासन मन्त्रालयको निर्देशनको अवज्ञा गर्ने कुनै पनि पदाधिकारीलाई विभागीय कारवाहीका लागि सामान्य प्रशासन मन्त्रालयले अख्तियारवाला समक्ष सिफारिश गर्ने र यसरी गरिएका सिफारिशलाई प्रचलित कानुन बमोजिम विभागीय कारवाही गर्नु सम्बन्धित अख्तियारवालाको कर्तव्य हुने ।

(ट) आआफ्नो निकाय र मातहत विभाग तथा कार्यालयसंग सम्बन्धित व्यवस्थापन परीक्षणको प्रतिवेदनमा उल्लिखित विषयहरुको कार्यान्वयन भए नभएको अनुगमन गरी त्यसको जानकारी सामान्य प्रशासन मन्त्रालयलाई दिनु सम्बन्धित मन्त्रालय । निकाय वा सचिवालय प्रमुखको कर्तव्य हुने र सो अनुसार भए नभएको सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयले सबै निकायको अनुगमन गर्न सक्ने ।

(ठ) व्यवस्थापन परीक्षण निर्देशिकाले व्यवस्था गरे अनुसार देहायका विधि अवलम्वन गर्ने गरिएको पाइएको छः

- केन्द्रीय तथा जिल्लास्तरीय कार्यालयका लागि छुट्टा छुट्टै अनुसूची फारमहरूको प्रयोग गरी कार्यालयको व्यवस्थापनसम्बन्धी विवरण संकलन गर्ने गरिएको ।
- प्रशासकीय तथा अन्य व्यवस्थापकीय काम कारवाहीहरूको प्रत्यक्ष अध्ययन अवलोकन गर्ने गरिएको ।
- कार्यालय प्रमुख एवं अन्य कर्मचारीहरूसँग व्यवस्थापन परीक्षणबाट देखिएका विषयहरूमा छलफल, अन्तरक्रिया एवं संवाद गरी निष्कर्ष निकालिएको ।
- सेवाग्राहीसँग सोधपुछ र अन्तरक्रिया गर्ने गरिएको ।
- कागजात तथा प्रमाणहरूको अध्ययन गरिएको ।
- कार्यालयको काम कारवाही बारे प्रत्यक्ष अवलोकन गरिएको ।

५६. व्यवस्थापन परीक्षणको स्तरीयता र गुणात्मकताका लागि प्रमाणमा आधारिता, पर्याप्त र सान्दर्भिक सूचना र तथ्यांकको संकलन र विश्लेषण, परीक्षणका नतिजाको स्पष्ट रुपमा पर्याप्त संचार गरी प्रतिक्रिया लिने, निश्पक्षता र उत्तरदायित्व वहन गर्ने, व्यवस्थापनमा सुधारका लागि आधार तयार गर्ने र निर्देशन गर्ने, सम्बन्धित सबै पक्षको सक्रिय सहभागिता जस्ता पक्ष महत्वपूर्ण हुन्छन् । त्यसैगरी व्यवस्थापन परीक्षणमा प्रयोग गरिने सूचना र जानकारी पहुंचका दृष्टिमा सहज, स्पष्ट र सही, सान्दर्भिक र पर्याप्त तथा अद्यावधिक हुनु पर्दछ । यिनै आधारमा नेपालमा हालसम्म गरिएका व्यवस्थापन परीक्षणका प्रतिवेदनहरुको स्तरीयता, समेटिएका क्षेत्र, विश्लेषणका विधि र तरिका तथा दिइएका सुझाव र सिफारिशको समीक्षा देहाय बमोजिम प्रस्तुत गरिएका छन्ः

(क) व्यवस्थापन परीक्षण प्रतिवेदनको उपयक्तता र स्तरीयताका लागि व्यवस्थापन परीक्षणका क्रममा अवलम्वन गरिएका विधि, संकलित प्रमाण तथा सूचनाको स्तर, विश्लेषणको तरिका, प्रतिवेदन तयारीका क्रममा गरिएका सहभागितात्मक पद्धति र प्रतिवेदनले निर्देशित गर्ने सुधारात्मकता प्रमुख रुपमा उल्लेख्य छन् ।

(ख) व्यवस्थापन परीक्षणका सिलसिलामा अवलम्वन गरिएका विधि तथा प्रतिवेदन तयारीका क्रममा सम्पादन गरिएका कार्य प्रारम्भिक तथ्यांकको संकलन, पूर्व जानकारीको आदान प्रदान, अन्तरक्रिया र छलफल तथा अनुपोषणका आधारमा गर्ने गरिएको देखिन्छ । परीक्षणको प्रतिवेदन तयारीका क्रममा व्यवस्थापन परीक्षणबाट देखिएका विषय, व्यवस्थापकीय त्रुटी र अनियमितताका वारेमा पर्याप्त संचार र प्रतिक्रिया लिने व्यवस्था, अन्तिम प्रतिवेदन तयार भएपछि सो को जानकारी सम्बन्धित निकायलाई दिने व्यवस्थाले हालको प्रतिवेदन व्यवस्थालाई विद्यमान क्षमता र साधनस्रोतका आधारमा सन्तोषजनक नै मान्नु पर्ने हुन्छ ।

(ग) हालसम्मका व्यवस्थापन परीक्षणका कार्यालयगत तथा समष्टीगत प्रतिवेदनहरुको मूल्यांकन गर्दा सरकारी संगठनको व्यवस्थापनका सारभूत पक्षलाई भन्दा प्रक्रियागत पक्षमा केन्द्रित गरेको देखिएको छ । व्यवस्थापन परीक्षणको कार्यक्षेत्रमा संगठनात्मक नीति र व्यवहारको परीक्षण गर्ने जिम्मेवारी लिएको देखिएतापनि नीतिगत परीक्षण र संगठनात्मक व्यवहारको परीक्षण गरेको पाइएन । नियम र प्रक्रियाको पालनाको विषयमा प्रतिवेदन केन्द्रित रहेको देखिन्छ । संगठनात्मक व्यवस्थापनको प्रभावकारिताका लागि नीतिगत र व्यवहारगत प्रभावकारिता महत्वपूर्ण हुने आधारमा प्रतिवेदनलाई स्तरीय र उपयुक्त मान्न सक्ने अवस्था देखिएन ।

(घ) नेपालको सार्वजनिक व्यवस्थापनमा कार्यसम्पादन व्यवस्थापन पद्धति लागू नभएको तथा कार्यसम्पादनसम्बन्धी व्यवस्थापन सचना प्रणालीको संचालन नभएको अवस्थामा कार्यसम्पादन सूचक, कार्यदक्षता र मितव्ययिताका आधार, कार्यनतिजाको स्तरनिर्धारण, वस्तुगत मापदण्डको आधारको अभावमा व्यवस्थापन परीक्षण वस्तुगत हुन सक्ने कुर भएन ।

(ङ) परीक्षणका क्रममा प्राप्त तथ्य र सूचनाको विश्लेषणका लागि सूचना र तथ्यको परीक्षण, वर्गीकरण, लेखाजोखा तथा नतिजा हासिल गर्ने र निष्कर्षमा पुग्ने क्षमताको उपयोग भएको पाइएन । विश्लेषण विधिमा प्रक्रियाको पालनाको विषयले बढी महत्व पाएको र नतिजामूलक क्षमताको विश्लेषण गर्ने कुनै परिपाटीको उपयोग नभएको प्रतिवेदनहरुको अध्ययनबाट देखियो । प्रतिवेदनमा उल्लिखित विषय विश्लेषात्मक भन्दा विवरणात्मक प्रस्तुतीमा आधारित रहेको पाइयो ।

(च) व्यवस्थापन परीक्षणको प्रतिवेदनमा दिइएका सुझाव र सिफारिश कार्यालय निरीक्षणका क्रममा देखिएका कुरालाई आधार मानी तयार गरिएको देखिन्छ । सुझाव र सिफारिशको कार्यान्वयनयोग्यता र व्यावहारिकताको लेखाजोखा गरेको देखिन्न । ज्यादाजसो सुझाव र सिफारिश सामान्य किसिमको भनाइमा आधारित तथा औपचारिक मात्र रहेको पाइएको छ र तिनको कार्यान्वयनका लागि पर्ने कानुनी तथा वित्तीय असरका वारेमा स्पष्ट व्याख्या भएको पाइएन ।

(छ) सरकारी निकायको संगठनात्मक पक्ष कमजोर रहेको, निजामती सेवा ऐन तथा नियमावली र अन्य प्रशासकीय कानुन र कार्यविधिको पालना नभएको, साधनस्रोतको व्यवस्थापन, समन्वय व्यवस्था, प्रशासनिक अनियमितता दोहोरिएको, यस अघिका परीक्षणबाट देखिएका त्रुटी नसच्याइएको र सुधार नगरिएको, जिन्सी निरीक्षण नगरिएको, कर्मचारीको काजसम्बन्धी विषयले प्रतिवेदनहरुमा प्राथमिकता पाएको देखिन्छ । प्रतिवेदनमा नीतिगत प्रभावकारिता, व्यवस्थापकीय कार्यदक्षता, वित्तीय प्रभावकारिता, सेवाप्रवाहको प्रभावकारिताजस्ता विषयले कम प्राथमिकता पाएको देखिन्छ । सुझाव र सिफारिशको वर्गीकरण गरी तत्काल कार्यान्वयन गर्नु पर्ने र गर्न सकिने, योजना र कार्यक्रम बनाएर गर्न सकिने तथा दीर्घकालीन सक्षमताका आधारमा गर्न सकिने, जस्ता आधारभूत पक्षमा ध्यान दिइएको पाइएन ।

(ज) व्यवस्थापन परीक्षणबाट दिइएका सुझाव र सिफारिशप्रति संगठनको नेतृत्व तह र उच्च व्यवस्थापन तहले संवेदनशील रुपमा लिने नगरेको तथा ती सुझाव र सिफारिशलाई मन्त्रालय वा केन्द्रिय निकायले संगठन र व्यवस्थापन सुधारको प्राथमिकताको कार्यसूचीमा समावेश गरेको पाइएन र संगनको नीति निर्माण तथा विकास कार्यक्रम तथा बजेट तर्जुमाका बखत ती सुझावको कार्यान्वयनले स्थान पाएको देखिएन ।

(झ) व्यवस्थापन परीक्षणमा खटिने कर्मचारीहरुको क्षमताको विश्लेषण गर्दा व्यवस्थापन परीक्षणसम्बन्धी आधारभूत तालिम नलिएका, सीप र दक्षता अपेक्षित रुपमा नभएका, अनभवको अपर्याप्तता, संगठनात्मक निर्देशन व्यवस्था कमजोर भएको, प्रतिवेदन तयारीका क्रममा विशेषज्ञ सल्लाह र सुझाव पाउन नसकेको कारणले व्यवस्थापन परीक्षणको प्रतिवेदनको स्तरीयता हासिल गर्न नसकिएको देखिएको छ ।

## व्यवस्थापन परीक्षणका लागि जनशक्ति क्षमताको लेखाजोखा तथा मूल्यांकन

५७. व्यवस्थापन परीक्षण व्यवस्थाको प्रभावकारिताका लागि व्यावसायिक रुपमा सक्षम, कार्यसम्पादनको संस्कार भएको, उत्प्रेरित र उच्च मनोवल भएको, टोलीगत आधारका कार्य गर्न सक्ने जनशक्ति आवश्यक पर्दछ । नेपालको व्यवस्थापन परीक्षणको जिम्मेवारी वहन गर्ने गरी व्यवस्था गरिएको जनशक्ति र सो को विवेचना देहाय बमोजिम गरिएको छ :

(क) निजामती प्रशासनको व्यवस्थापन परीक्षण गराउने जिम्मेवारी सामान्य प्रशासन मन्त्रालयलाई कानुनले दिए अनुसार यो जिम्मेवारी पूरा गर्नका लागि सामान्य प्रशासन मन्त्रालयमा सहसचिवको सुपरीवेक्षणमा रही कार्य गर्ने गरी व्यवस्थापन परीक्षण शाखाको स्तरमा समर्पित संस्थागत

व्यवस्थाका रुपमा रहेको छ । यो शाखाको नेतृत्व नेपाल प्रशासन सेवाको सामान्य प्रशासन समूहका उपसचिवले गर्ने व्यवस्था छ ।

(ख) व्यवस्थापन परीक्षणका लागि प्रत्यक्ष रुपमा संलग्न हुने जनशक्तिको क्षमताको स्थिति देहाय बमोजिम रहेको छ :

| **क.सं.** | **कर्मचारीको नाम** | **शैक्षिक योग्यता** | **विषयगत प्रशिक्षण** | **व्यवस्थापन परीक्षणको कार्यअनुभव** |
|---|---|---|---|---|
| १ | उपसचिव श्री प्रदीपराज अधिकारी | एम.पी.ए. | व्यवस्थापन परीक्षणसम्बन्धी तालिम नलिएको | २ महिना |
| २ | शाखा अधिकृत श्री नारायणप्रसाद ज्ञवाली | एम.ए. र एम.पी.ए. | व्यवस्थापन परीक्षणसम्बन्धी तालिम नलिएको | ३ बर्ष |
| ३ | शाखा अधिकृत श्री नरेन्द्रसिंह कुंवर | एम.ए | व्यवस्थापन परीक्षणसम्बन्धी तालिम नलिएको | १ बर्ष |
| ४ | नायब सुब्बा श्री कुमारबहादुर कट्वाल | प्रमाणपत्र तह | व्यवस्थापन परीक्षणसम्बन्धी तालिम नलिएको | ३ बर्ष |
| ५ | टा. ना. सु. श्री अजिता थापा | प्रमाणपत्र तह | व्यवस्थापन परीक्षणसम्बन्धी तालिम नलिएको | ८ बर्ष |

स्रोतः सामान्य प्रशासन मन्त्रालय, व्यवस्थापन परीक्षण शाखा ।

(ग) व्यवस्थापन परीक्षणको सिलसिलामा सामान्य प्रशासन मन्त्रालयले मन्त्रालयको अन्य शाखाका कर्मचारी तथा अन्य मन्त्रालय वा निकाय अन्तरगतका कर्मचारीलाई समेत परिचालन गर्न सक्ने व्यवस्था रहेको छ ।

(घ) व्यवस्थापन परीक्षण कार्यको नियमन, समन्वय, संचालन, अनुगमन र मूल्यांकनको जिम्मेवारी भएको यस शाखामा हाल कार्यरत कर्मचारीमा पेशागत क्षमता, अनुभव र विशेषज्ञताका आधारमा सक्षमता हासिल भएको पाइएन । सरकारी संगठनको व्यवस्थापन परीक्षण बढी जटील र चुनौतीपूर्ण हुँदै

गएको, कार्यक्षेत्र व्यापक र विस्तृत हुंदै गएको अवस्थामा हालको जनशक्ति क्षमताले बढ्दो आवश्यकता पूरा गर्न सक्ने देखिंदैन ।

(ङ) व्यवस्थापन परीक्षणको कार्यलाई प्रभावकारी तुल्याउनका लागि खास जनशक्ति योजना र प्रशिक्षण व्यवस्था गरिएको पाइन्न ।

(च) व्यवस्थापन परीक्षणसम्बन्धी कार्यसम्पादन व्यवस्थापन पद्धति, कार्यसम्पादनमा आधारित प्रोत्साहन व्यवस्था, सक्षम कर्मचारीको परिचालन योजनासम्बन्धी कुनै व्यवस्था रहेको पाइएन ।

(छ) व्यवस्थापन परीक्षणको कार्यमा संलग्न भै लामो अनुभव हासिल गरेका र योगदान गर्न सक्षम कर्मचारीको पहिचान गरी त्यस्ता कर्मचारीको समूह निर्माण र संजाल बनाउने कुनै व्यवस्था रहेको पाइन्न ।

(ज) त्यसर्थ हालसम्मका व्यवस्थापन परीक्षणको कार्यको प्रभावकारिता अध्ययन गरी कार्यमूलक अनुसन्धानसमेत गर्नु पर्ने आवश्यकतालाई दृष्टिगत गर्दा जनशक्ति व्यवस्थामा फड्को मार्नु पर्ने आवश्यकता देखिन्छ ।

## व्यवस्थापन परीक्षणको प्रतिवेदनको प्रस्तुती तथा प्रतिवेदनमा उल्लिखित बेरुजू फर्स्यौटसम्बन्धी अवस्थाको मूल्यांकन

५८. व्यवस्थापन परीक्षण निर्देशिका, २०६७ ले व्यवस्थापन परीक्षण सम्पन्न भैसकेपछि प्रतिवेदन तयार गर्ने, परामर्श गर्ने, प्रतिक्रिया प्राप्त गर्ने, प्रतिवेदनलाई अन्तिम रुप दिने कार्यलाई व्यवस्थित गर्न विभिन्न उपायसम्बन्धी व्यवस्था गरेको छ । यस अन्तरगत व्यवस्थापन परीक्षण टोलीले परीक्षणको कार्यसम्पन्न भएको मितिले बढीमा १५ दिन भित्र तोकिएको ढांचामा प्रतिवेदन तयार गरी सामान्य प्रशासन मन्त्रालयमा पेश गरिसक्नु पर्ने र यसमा कुन कार्यालय । निकायको व्यवस्थापन परीक्षण सम्पन्न भैसकेपछि परीक्षणबाट देखिएका महत्वपूर्ण प्रश्न र सुधार गर्नु पर्ने विषय जस्तै अनियमितता वा कैफियत, स्रोत साधनको उपयोगमा त्रुटी, संगठनको अवस्था, आदि मा व्यवस्थापन परीक्षणको नतिजाका वारेमा अन्तिम धारणा बनाउनु भन्दा अघि सम्बन्धित निकायको प्रमखसंग पर्याप्त छलफल गरी सो मा पर्याप्त औचित्यका आधारमा नतिजामा सन्तुष्ट हुन नसकेका विषय मात्र प्रतिवेदनमा समावेश गर्नेगरी परीक्षणको निष्कर्षलाई अन्तिम रुप दिइ प्रतिवेदन तयार गर्ने व्यवस्था रहेको छ । कुनै निकायमा आन्तरिक रुपमा व्यवस्थापन परीक्षण हुने गरेकोमा त्यस्तो परीक्षणको प्रतिवेदनलाई मन्त्रालयको टोलीले आफ्नो परीक्षणका लागि सन्दर्भ सामाग्री वा आधारका रुपमा लिन सक्ने गरी व्यापकता दिइएको छ । सामान्य प्रशासन मन्त्रालयले स्थलगत रुपमा स्थानीयस्तरका निकाय । कार्यालयको व्यवस्थापन परीक्षण सम्पन्न गरी प्राप्त हुन आएको नतिजा तथा निष्कर्षलाई आफ्नो प्रतिवेदनमा समावेश गर्नु अगाडी

सम्बन्धित मन्त्रालय । केन्द्रीय निकायको व्यवस्थापन संग छलफल गर्न सक्ने र छलफलबाट चित्त बुझ्दो प्रतिक्रिया प्राप्त भएमा वा औचित्य देखिएमा त्यस्ता विषयलाई प्रतिवेदनमा समावेश नगरिने व्यवस्था रहेको छ ।

५९. व्यवस्थापन परीक्षणप्रति कार्यपालिकाको उच्चतम नेतृत्वको स्वामित्व र सम्वेदनशीलता हासिल गर्न व्यवस्थापन परीक्षणको समष्टीगत प्रतिवेदन बार्षिक रुपमा नेपाल सरकार मन्त्रिपरिषदसमक्ष सामान्य प्रशासन मन्त्रालयले प्रस्तुत गर्ने र मन्त्रिपरिषदमा छलफल गरी नेपाल सरकारका तर्फबाट उक्त प्रतिवेदनमा उल्लिखित विषयको कार्यान्वयन गर्ने गराउने व्यवस्था गरिएको छ । नेपाल सरकार मन्त्रिपरिषदमा प्रस्तुत गरिने प्रतिवेदनमा व्यवस्थापन परीक्षणको पृष्ठभमि, व्यवस्थापन परीक्षणसम्बन्धी योजना र कार्यक्रम, व्यवस्थापन परीक्षणका लागि छनौट गरिएका निकाय र सान्दर्भिकता, परीक्षणबाट देखिएका नीतिगत सवाल, परीक्षणबाट प्राप्त उल्लेखनीय सकारात्मक पक्ष र कैफियतहरु, समग्र प्रतिवेदनप्रति सामान्य प्रशासन मन्त्रालयको धारणा र सिफारिश समावेश गरिने गरी ढांचा स्वीकृत गरिएको छ । नेपाल सरकारबाट प्रतिवेदनका सम्बन्धमा आवश्यक निर्देशनसहित कार्यान्वयनका लागि सामान्य प्रशासन मन्त्रालयमा प्राप्त भए पछि सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक जानकारीका लागि संचार माध्यम मार्फत सार्वजनिकीकरण गर्ने व्यवस्था रहेको छ । यसबाट सरकारी संगठनको व्यवस्थापन परीक्षणबाट देखिएका यथार्थका वारेमा सामाजिक परीक्षण र निगरानी गर्न मार्गप्रशस्त गरेको छ र पारदर्शिता र जवाफदेहिताका दृष्टिमा समेत उपयुक्त देखिन्छ ।

६०. व्यवस्थापन परीक्षणबाट देखिएका अनियमितता, कैफियत तथा त्रुटी र प्रशासनिक वेरुजुको फर्स्यौटका सम्बन्धमा निर्देशिकाले नियमित गर्ने, सुधारात्मक एवं प्रवर्द्धनात्मक उपाय अवलम्वन गर्ने तथा दण्डात्मक कारवाही गर्ने गरी सबै प्रकारका दृष्टिकोण समावेश भएका प्रक्रियागत व्यवस्था देहाय बमोजिम छन् :

(क) व्यवस्थापन परीक्षणका क्रममा व्यवस्थापन परीक्षण टोलीले संगठन र व्यवस्थापनका सम्बन्धमा देखिएका त्रुटी, अनियमितता, कैफियतका सम्बन्धमा आफ्नो अन्तिम धारणा बनाउनु अघि मन्त्रालय । केन्द्रिय निकायको व्यवस्थापनसंग छलफल गरी स्पष्ट गर्नु पर्ने विषयका सम्बन्धमा पुनर्विचार गर्न सक्ने व्यवस्था रहेको छ ।

(ख) सामान्य प्रशासन मन्त्रालयले व्यवस्थापन परीक्षण टोलीले तयार गरेको निकायगत कैफियतहरुको अन्तिम विवरणको संयोजन गरी सो को फरफारखका लागि गर्नु पर्ने कार्यको सुझावसहितको विवरण सम्बन्धित कार्यलय र सबै जिम्मेवार निकायमा उपलव्ध गराउने व्यवस्था छ । यसरी प्राप्त विवरणका आधारमा देखिएका त्रुटी तथा अनियमिता फरफारख गर्ने र सुझाव अनुसार सुधार गर्ने जिम्मेवारी सम्बन्धित निकायको हुने गरी जवाफदेहिताको व्यवस्था गरिएको छ । प्राप्त विवरणका

सम्बन्धमा सम्बन्धित जिम्मेवार निकायले सो को अभिलेख राखी आफ्नो तर्फबाट गरिएका कामकारवाहीको विवरण सामान्य प्रशासन मन्त्रालयलाई उपलव्ध गराउने जिम्मेवारी तोकिएको छ ।

(ग) व्यवस्थापन परीक्षणले औंल्याएका त्रुटी र कैफियत फरफारख नगर्ने विभागीय प्रमुख वा कार्यालय प्रमुखलाई सामान्य प्रशासन मन्त्रालयले अवधि तोकी पुनः फरफारखका लागि ताकेतासहित लेखिपठाउने र यसरी पठाउंदासमेत फरफारख नगर्ने विभागीय । कार्यालय प्रमुखलाई आवश्यक कारवाहीका लागि सामान्य प्रशासन मन्त्रालयले सम्बन्धित निकायमा सिफारिश गर्नसक्ने व्यवस्था छ । त्यसैगरी व्यवस्थापन परीक्षणका लागि खटिएको टोलीलाई आवश्यक सहयोग नगर्ने, सूचना नदिने, अभिलेख अद्यावधिक नगर्ने र सामान्य प्रशासन मन्त्रालयको निर्देशनको अवज्ञा गर्ने कुनै पनि पदाधिकारीलाई विभागीय कारवाहीका लागि सामान्य प्रशासन मन्त्रालयले अख्तियारवालासमक्ष सिफारिश गर्नसक्ने समेतको व्यवस्था गरिएको छ ।

(घ) यसै अनुसार निजामती सेवा नियमावलीको निजामती सेवा पुरस्कारको लागि निजामती कर्मचारीको नाम सिफारिश गर्दा व्यवस्थापन परीक्षणको प्रतिवेदनमा उल्लिखित विषयलाई समेत आधार मान्ने गरी व्यवस्था गरिएको छ ।

(ङ) सामान्य प्रशासन मन्त्रालयले नेपाल सरकारका कुनै पनि निकायको व्यवस्थापन परीक्षण गर्दा आर्थिक हिनामिना भएको वा प्रचलित कानुनको ठाडो उल्लंघन भएको भेटिएमा त्यस्तो त्रुटी वा गल्ती तत्काल सच्याउन समयसीमा तोकी सम्बन्धित निकाय । कार्यालयलाई निर्देशन दिन सक्ने र त्यसर निर्देशन दिंदासमेत तोकिएको समयभित्र सुधार वा फरफारख नगरेमा सामान्य प्रशासन मन्त्रालयले सम्बन्धित जिम्मेवार अधिकारीलाई प्रचलित कानुन बमोजिम विभागीय कारवाहीका लागि सिफारिश गर्न सक्ने व्यवस्था छ ।

(च) सामान्य प्रशासन मन्त्रालयले कुनै कर्मचारीलाई व्यवस्थापन परीक्षणको सिलसिलामा गरेको विभागीय कारवाहीको सिफारिशमा उल्लिखित कर्मचारीलाई प्रचलित कानुन बमोजिम विभागीय कारवाही गर्नु सम्बन्धित अख्तियारवालाको कर्तव्य रहने व्यवस्था छ ।

(छ) प्रतिवेदनमा उल्लिखित विषयको कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित सचिव वा केन्द्रिय निकायको प्रमुखको हुने र यसरी कार्यान्वयन गरिएको विषयको जानकारी सामान्य प्रशासन मन्त्रालयलाई दिनु पर्ने गरी कर्तव्य निर्धारण गरिएको छ ।

(ज) व्यवस्थापन परीक्षणको प्रतिवेदनको कार्यान्वयनका लागि सामान्य प्रशासन मन्त्रालयले सबै निकायको अनुगमन गर्ने सक्ने गरी जिम्मेवारी प्रदान गरिएको छ ।

६१. व्यवस्थापन परीक्षणका प्रतिवेदनहरुमा उल्लिखित अनियमितता, त्रुटी वा बेरुजुको फस्यौटसम्बन्धी व्यवस्थाको समीक्षा देहाय बमोजिम गरिएको छ :

(क) व्यवस्थापन परीक्षणको विषयले क्रमशः मान्यता पाउदै जाने अवस्थाको सृजना हुंदै गरेको भएतापनि व्यवस्थापन परीक्षणका समग्र पक्ष र यसको प्रतिवेदनमा उल्लिखित विषयका सम्बन्धमा मन्त्रालय तथा केन्द्रिय निकायका उच्च व्यवस्थापन तथा कर्मचारीहरुमा आवश्यक ज्ञान र सम्बेदनशीलता अपेक्षित स्तरमा भएको पाइएन जसका कारण व्यवस्थापन परीक्षणका लागि संस्थागत तत्परता रहेको पाइएन ।

(ख) व्यवस्थापन परीक्षणको विषयलाई मन्त्रालय । केन्द्रिय निकायहरुले आफ्नो संगठन र व्यवस्थापनमा गरिने सुधारका साथै रणनीति निर्माण र विकास आयोजना, कार्यक्रम र बजेट तर्जुमाका साथै कानुनी व्यवस्थामा गरिने सुधारका प्रयासमा आत्मसात गर्ने, एकाकार गर्ने वा प्राथमिकतामा समावेश गर्ने कुरामा खासै चासो राखेको देखिएन ।

(ग) मन्त्रालय । केन्द्रिय निकायमा गरिने विकास कार्यक्रमको चौमासिक समीक्षा वा द्वैमासिक समस्या समाधान समितिको बैठकमा महालेखा परीक्षकको कार्यालयबाट औंल्याएका बेरुजु फर्स्यौटका लागि छलफल गरी फर्स्यौटका लागि कार्ययोजना बनाई कार्यान्वयन तथा सुधार गर्ने प्रयास गर्ने गरेको तर व्यवस्थापन परीक्षणका विषयमा छलफलको कार्यसूचीमा नै नपर्ने यथार्थ अध्ययनका क्रममा जानकारी हुन आएको छ । यसका कारण व्यवस्थापन परीक्षणबाट देखिएका प्रशासनिक बेरुजू फर्स्यौटका लागि स्पष्टीकरण माग गर्ने, विश्लेषण गर्ने, फरफारख गर्ने, कानुनी कारवाही गर्ने, पुरस्कृत गर्ने, सुधार गर्ने जस्ता परीक्षणपश्चातका कार्यको प्रभावकारिता देखिएन ।

(घ) केन्द्रिय निकायका साथै कार्यालयहरुले व्यवस्थापन बेरुजुलाई फर्स्यौट गर्नु पर्ने गरी मन्त्रालय । केन्द्रिय निकायको कार्यविधि, कार्यसंचालन प्रणालीमा व्यवस्था गरेको पाइएन र यस विषयमा पर्याप्त रुपमा गम्भीर भएको पनि देखिएन । संस्थागत अनुगमन पद्धतिमा व्यवस्थापन परीक्षणको विषयले महत्व पाएको देखिएन ।

(ङ) व्यवस्थापन परीक्षणको प्रतिवेदनले औंल्याएका विषयको कार्यान्वयन तथा अनुगमनका लागि संस्थागत रुपमा कानुनी तथा नैतिक जवाफदेहिता सुनिश्चित गरी कार्यसन्चालन गर्ने तरिका अवलम्बन गरेको देखिएन ।

(च) मन्त्रालय । निकायको व्यवस्थापन परीक्षणको प्रतिवेदनलाई संगठनभित्र र सम्वद्ध सरोकारवालालाई जानकारी गराई छलफल तथा अन्तरक्रिया गर्ने संस्कार र परिपाटीसमेत देखिएन । यससम्बन्धी

अभिलेख व्यवस्थापन र सूचना व्यवस्थापन पद्धतिसमेत कमजोर स्थितिमा रहेको पाइयो । कतिपय अवस्थामा त यससम्बन्धी संस्थागत स्मरण प्रणाली नै रहेको देखिएन ।

# ४. अध्ययनको निष्कर्ष तथा नेपालमा व्यवस्थापन परीक्षण पद्धतिमा सुधारका लागि सुझाव र सिफारिश

## अध्ययनको निष्कर्ष

६२. सुशासन प्रत्याभूत गर्न र सार्वजनिक क्षेत्रको प्रभावकारी व्यवस्थापन हासिल गर्न व्यवस्थापन परीक्षणको अहम् भूमिकालाई नकार्न सकिन्न । यस पद्धतिले सार्वजनिक व्यवस्थापनलाई जवाफदेही, गुणात्मक, नतिजामूलक तुल्याई सार्वजनिक नीति व्यवस्थापन, अधिकारको प्रयोग र कानुनको कार्यान्वयन, सार्वजनिक सेवा प्रवाह जस्ता जिम्मेवारीलाई सक्षम, स्वच्छ, उद्देश्यपरक एवं पारदर्शी रुपमा कार्यान्वयन गरी सरकार र नागरिक एवं सरोकारावालाबीचको सम्बन्धलाई विश्वासयोग्य बनाउन मदत गर्दछ ।

६३. नेपालमा सार्वजनिक प्रशासनमा व्यवस्थापन परीक्षणको व्यवस्था शुरुआती अवस्थामा नै रहेको छ । कार्यान्वयनको १५ बर्ष पूरा भैसक्दा पनि यससम्बन्धी स्पष्ट नीति तथा रणनीतिक योजना छैन, सक्षम संस्थागत व्यवस्था छैन, कार्यसम्पादन व्यवस्थापन पद्धतिमा आधारित निर्देशिका र दिग्दर्शन कार्यान्वयनमा ल्याउन सकिएको छैन, पेशागत रुपमा सक्षम जनशक्ति व्यवस्थापन गर्न सकिएको छैन, यस व्यवस्थाप्रति सरोकारवाला तथा नागरिक तहमा विश्वासको वातावरण बन्न सकेको छैन । समग्रमा भन्नु पर्दा सार्वजनिक क्षेत्रको व्यवस्थापकीय सुधारमा व्यवस्थापन परीक्षणले महत्वपूर्ण योगदान गर्न सकेको छैन ।

६४. व्यवस्थापन परीक्षणका सम्बन्धमा निजामती सेवा ऐन, २०४८ ले गरेको व्यवस्थाले व्यवस्थापन परीक्षणलाई, प्रक्रियामुखी, खण्डीकृत र सीमित तुल्याएको छ । अवधारणागत रुपमा व्यवस्थापन परीक्षण नीति, कानुनी व्यवस्था र पद्धतिको परिपालना भन्दा नतिजा प्राप्ती र सेवाग्राही सन्तुष्टीको विषयसंग सम्बन्धित छ । यसमा संवैधानिक तथा कानुनी जटीलता देखिएका छन् । सरकारी संगठनको कार्यमूलक लेखापरीक्षण गर्ने अधिकार संवैधानिक निकायका रुपमा महालेखापरीक्षकलाई प्रदान गरिएको छ भने निजामती सेवामा भर्ना, बढुवा तथा विभागीय कारवाही एवं निजामती सेवाको कानुमा सुधारका विषयमा लोक सेवा आयोगलाई अधिकारसम्पन्न तुल्याइएको छ । त्यसैगरी नेपाल सरकारको कार्यविभाजन तथा कार्यसम्पादन नियमावलीले व्यवस्थापन परीक्षणसम्बन्धी विभिन्न विषयगत अधिकार र जिम्मेवारी विभिन्न निकायलाई प्रदान गरेको छ । यस अर्थमा सामान्य प्रशासन मन्त्रालयले मात्र एकीकृत अवधारणा बमोजिम सम्पूर्ण जिम्मेवारीका साथ व्यवस्थापन परीक्षणसम्बन्धी कार्यसम्पादन गर्न सक्ने देखिंदैन ।

६५. नेपालमा गरिएको व्यवस्थापन परीक्षणसम्बन्धी व्यवस्था निजामती कर्मचारीको कार्यको परीक्षणमा सीमित गरिएको छ जवकि व्यवस्थापन परीक्षणले सार्वजनिक व्यवस्थापनका समष्टीगत प्रणालीको पक्षलाई

समेट्दछ । अवधारणागत रुपमा समेत त्रुटी भएको देखिन्छ किनकि व्यवस्थापन परीक्षणले संगठनात्मक तथा समूहमा गरिने कार्यलाई परीक्षण गर्दछ नकि व्यक्तिगत कार्यसम्पादनलाई । तर निजामती सेवा ऐन, २०४८ मा गरिएको व्यवस्थाले निजामती कर्मचारीको कार्यसम्पादनको परीक्षणमा जोड दिएको छ र जसका आधारमा व्यक्तिगत तहमा निजामती कर्मचारीमाथि विभागीय कारवाही गर्ने कुरा उल्लेख गरिएको छ जुन व्यवस्थापन परीक्षणसम्बन्धी सैद्धान्तिक आधार र कार्यमूलक सिद्धान्तको विपरीत छ ।

६६. सामान्य प्रशासन मन्त्रालयमा व्यवस्थापन परीक्षणका लागि स्वीकृत कार्यक्रम र उपलब्ध बजेटको प्रवृत्तिको समीक्षा गर्दा कार्यक्रम संकुचित हुँदै गएको र साधन स्रोतको व्यवस्था न्यूनीकृत देखिन्छ । यसो हुनुको कारणमा व्यवस्थापन परीक्षणका लागि क्षमता, अवसर र नतिजाको विश्लेषणका आधारमा रणनीतिक सोच र क्षमताको अभाव, दीर्घकालीन दृष्टिकोण नराखिनु, नीतिगत तहमा व्यवस्थापन परीक्षणका लागि पैरवी र वकालतको अभाव, शासकीय सुधारको कार्यक्रममा व्यवस्थापन परीक्षणले प्राथमिकता नपाउनु, बजेटका आधारमा कार्यक्रम निर्माण गर्ने प्रवृत्ति रहनु, तथा लक्ष्य र योजना विनाको प्रयत्न गर्ने तदर्थ दृष्टिकोण राखिनु, आदि मुख्य रुपमा जिम्मेवार देखिएका छन् ।

६७. नेपालको सरकारी व्यवस्थापनमा व्यवस्थापन परीक्षणलाई व्यवस्थित र प्रणालीसंगत तुल्याउन कार्यान्वयनमा ल्याइएको व्यवस्थापन परीक्षण निर्देशिकाको सवल पक्षमा व्यवस्थापन परीक्षण विधिको वैधता हासिल गर्न सघाएको, व्यवस्थापन परीक्षणका लागि पैरवी र सचेतना बढाउने आधार र संयन्त्रका रुपमा उपयोग गर्न सकिने, व्यवस्थापन परीक्षणको संस्थागत क्षमता विकासमा टेवा पुर्‍याउन यसबाट मदत पुगेको, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने माध्यमका रुपमा रहेको हुंदा यसमा आवश्यक परिमार्जन र सुधार गरी प्रभावकारिता वृद्धि गर्न आवश्यक छ ।

६८. हालको व्यवस्थापन परीक्षण निर्देशिकाका प्रमुख कमीकमजोरीमा व्यवस्थापन परीक्षणलाई सार्वजनिक व्यवस्थापनको प्राथमिकता हासिल हुने गरी रणनीतिक आधार निर्माण गर्न नसकेको, व्यवस्थापन परीक्षणलाई पेशासगत रुपमा सक्षम र स्वतन्त्र कार्यजिम्मेवारीका रुपमा स्थापित गर्न नसकिएको, बार्षिक कार्ययोजना निर्माणमा सहभागितात्मक पद्धति अवलम्वन नगरिएको, कमजोर संस्थागत क्षमता भएको, व्यवस्थापन परीक्षण योजना, कार्यक्रम र स्रोत परिचालनका लागि कार्यनीतिक आधार बनाउन नसकेको, सक्षम संस्थागत व्यवस्था नभएको, व्यावसायिक रुपमा सक्षम विज्ञ समूहको व्यवस्था नभएको, कार्यसम्पादन पद्धति र सूचना व्यवस्थापन पद्धतिलाई संस्थागत गर्न नसकिएको, सहकार्य र साझेदारीको व्यवस्था सक्षम बनाउन नसकेको, प्रमाणमा आधारित व्यवस्थापन परीक्षण सुनिश्चित नभएको, व्यवस्थापन परीक्षकको आचारसंहिता तयार नगरिएको, आदि मुख्य रुपमा रहेका छन् । त्यसर्थ यसलाई स्तरीकृत, उपयुक्त र कार्यान्वयनयोग्य हुनेगरी परिमार्जन गर्ने आवश्यकता रहेको छ ।

६९. व्यवस्थापन परीक्षण पद्धतिको कार्यान्वयनलाई प्रभावकारी तुल्याउनका लागि कार्यान्वयनका लागि सवल वातावरणको निर्माण, सक्षम कार्यान्वयन व्यवस्था, प्रभावकारी अनुगमन प्रणाली र अर्थपूर्ण सहकार्य तथा साझेदारी आवश्यक पर्दछ । यसमा सवल वातावरण निर्माणका लागि राजनीतिक नेतृत्वको समर्थन र सहयोग,  सूचना, शिक्षा तथा संचारको माध्यमबाट व्यवस्थापन परीक्षणको वकालत तथा सचेतना बृद्धि, सरोकारवालाको सहभागिताका लागि सकारात्मक वातावरण निर्माण गर्नु जरुरी हुन्छ । त्यसैगरी सक्षम कार्यान्वियन व्यवस्था अन्तरगत रणनीतिक योजना र व्यवस्थापन, पर्याप्त र उपयुक्त कानुन व्यवस्था, सक्षम, समर्पित र कार्यमूलक संगठन, कार्यक्रम र बजेट, पेशागत रुपमा दक्ष जनशक्ति, कार्यसम्पादन व्यवस्थापन पद्धति, समन्वय व्यवस्था, सूचना व्यवस्थापन पद्धति, जस्ता पक्ष महत्वपूर्ण देखिन्छन । त्यसैगरी प्रभावकारी अनुगमन व्यवस्थामा अनुगमनको कार्ययोजना र साधनको पर्याप्तता, दक्ष कार्यटोली निर्माण, सूचना विश्लेषण, समस्याको पहिचान र सुधारका लागि मार्गदर्शन क्षमता, प्रतिवेदन प्रणाली तथा अनुपोषण व्यवस्था आवश्यक देखिन्छन । व्यवस्थापन परीक्षणका सरोकारवालाबीच व्यापक र सार्थक सहकार्य र साझेदारीको निर्माण गरी साझा तथा एकीकृत उत्तरदायित्व प्रणालीको स्थापना गर्नु पनि त्यत्तिकै जरुरी देखिन्छ ।

७०. व्यवस्थापन परीक्षणको विषयले क्रमशः मान्यता पाउदै जाने अवस्थाको सृजना हुँदै गरेको भएतापनि व्यवस्थापन परीक्षणका समग्र पक्ष र यसको प्रतिवेदनमा उल्लिखित विषयका सम्बन्धमा मन्त्रालय तथा केन्द्रिय निकायका उच्च व्यवस्थापन तथा कर्मचारीहरुमा आवश्यक ज्ञान र सम्बेदनशीलता अपेक्षितस्तरमा भएको पाइएन जसका कारण व्यवस्थापन परीक्षणका लागि संस्थागत तत्परता नरहनुका साथै संगठनको रणनीति, संरचनागत व्यवस्था, पद्धति र व्यवहारमा यस विषयले प्राथमिकता पाउन सकेको छैन र तदनुसारको क्षमता विकास भएको समेत देखिएन ।

७१. निजामती प्रशासनको व्यवस्थापन परीक्षण गराउने जिम्मेवारी सामान्य प्रशासन मन्त्रालयलाई कानुनले दिएको तर सरकारी संगठनको व्यवस्थापन परीक्षण बढी जटील र चुनौतीपूर्ण हुंदै गएको, कार्यक्षेत्र व्यापक र विस्तृत हुँदै गएको अवस्थामा अनुसार यो जिम्मेवारी पूरा गर्नका व्यवस्थापन परीक्षण कार्यको नियमन, समन्वय, संचालन, अनुगमन र मूल्यांकनको जिम्मेवारी सक्षम रुपमा पूरा गर्नका लागि पेशागत क्षमता, अनुभव र विशेषज्ञता हासिल गरेका जनशक्तिको व्यवस्था अपरिहार्य छ ।

## व्यवस्थापन परीक्षण पद्धतिलाई प्रभावकारी बनाउन अवलम्वन गर्नु पर्ने उपायसम्बन्धी सुझाव र सिफारिश

७२. निजामती प्रशासनलाई उद्देश्यपरक र कार्यसम्पादनयुक्त बनाउन व्यवस्थापन परीक्षणको आवश्यकता र औचित्यका सम्बन्धमा कुनै अन्यौल र द्विविधा रहेन । व्यवस्थापन परीक्षणसम्बन्धी नेपालको विद्यमान व्यवस्थाको विश्लेषणबाट प्राप्त नतिजा, सरोकारवालाको चाहना, व्यवस्थापन परीक्षणको कार्यमा संलग्न

निकाय र कर्मचारी तथा यसको कार्यान्वयनसंग सम्बन्धित पक्षको भावना र अनुपोषणसमेतका आधारमा व्यवस्थापन परीक्षणको व्यवस्थालाई सुदृढ गर्नु पर्ने आवश्यकता र औचित्य टडकारो देखिएको छ । सुशासन प्रवर्द्धन र सार्वजनिक क्षेत्र सुधारको प्रमुख आधारका रुपमा उपयोगी संयन्त्रका रुपमा रहेको व्यवस्थापन परीक्षण पद्धतिको विकल्प भनेको नै अझ सशक्त र सक्षम व्यवस्थापन परीक्षण पद्धतिको विकास गर्नु नै हो भन्ने मूलभूत मान्यता तथा यथार्थलाई आत्मसात गर्दै यस पद्धतिलाई रणनीतिक उपयुक्तता, संरचनागत सक्षमता, पद्धतिगत कार्यदक्षता, प्रभावकारी कार्यान्वयन र सार्थक सहकार्य र साझेदारीमा आधारित तुल्याउन देहायको सुधारको प्राथमिकताका क्षेत्रमा देहाय बमोजिमको सुधारका उपाय अवलम्वन गर्न सुझाव तथा सिफारिश गरिएको छ ।

## *व्यवस्थापन परीक्षण व्यवस्थामा रणनीतिक सुधार*

७३. व्यवस्थापन परीक्षणलाई सार्वजनिक क्षेत्रको सुधारको राष्ट्रिय प्राथमिकताको रुपमा स्थापित गरी यसमा राजनीतिक संवेदनशीलताको बृद्धि गर्ने, व्यवस्थापन परीक्षणलाई नीतिगत स्पष्टतासहित दीर्घकालीन दृष्टिकोणको सोचाइको विकास गर्ने र यसलाई सुशासनको प्राप्तीमा सकारात्मक योगदान गर्न सक्ने तुल्याउन यसको रणनीतिक स्थिति सुदृढ बनाउन जरुरी देखिन्छ । यसका लागि देहायका सुधार गर्न सिफारिश गरिएको छ :

(१) नेपालको सार्वजनिक क्षेत्रको व्यवस्थापन सुधारको मुख्य आधारका रुपमा व्यवस्थापन परीक्षण पद्धतिलाई स्थापित तुल्याउन तथा व्यवस्थापन परीक्षणको रणनीतिक स्थिति राष्ट्रियस्तरमा स्पष्ट गर्न र यस पद्धतिलाई दीर्घकालीन तथा दिगो रुपमा उपयोग गर्ने उद्देश्यले नेपाल सरकारका नीतिगत तह, जिम्मेवार कर्मचारी र सम्बन्धित विषयको विशेषज्ञसहित सबै सरोकारवालाको सहभागितामा व्यवस्थापन परीक्षणसम्बन्धी राष्ट्रिय रणनीतिको तर्जुमा गर्ने । यसले व्यवस्थापन परीक्षणका लागि उपयुक्त विकास योजना तर्जुमा गर्न तथा राष्ट्रिय बजेटमा पर्याप्त साधन प्राप्त गर्ने गरी कार्यक्रम बजेट निर्माण गर्न तथा स्रोत परिचालनका लागि आधार र सक्षमता प्रदान गर्दछ ।

(२) राष्ट्रिय रणनीतिको तर्जुमा गर्दा सहभागितात्मक आधारमा देहाय बमोजिमको प्रक्रिया अवलम्वन गरी रणनीति निर्माण तथा निरन्तर सुधार विधि अवलम्वन गर्ने:

- नेपालमा व्यवस्थापन परीक्षणको आन्तरिक तथा वाह्य वातावरणको विश्लेषण गर्ने,
- व्यवस्थापन परीक्षणमा सुधारका क्षेत्रहरुको पहिचान गर्ने,

- पहिचान गरिएका क्षेत्रहरुका सम्बन्धमा अवसरको अधिकतम उपयोग गर्ने, क्षमताको उच्चतम प्रयोग गर्ने तथा अधिकतम नतिजा हासिल गर्न कार्यान्वयन गर्न सकिने गरी प्राथमिकता निर्धाण गर्ने,
- निर्धारित प्राथमिकताका आधारमा प्रत्येक क्षेत्रका लागि कार्यनीति निर्माण गर्ने,
- कार्यनीति कार्यान्वयनको छुट्टा छुट्टै योजना तर्जुमा गर्ने,
- प्रभावकारी कार्यान्वयनका लागि समन्वय, अनुगमन र मूल्यांकनको पद्धति निर्माण गर्ने, तथा
- कार्यान्वयनको उपलब्धी र नतिजाको विश्लेषणका आधारमा निरन्तर सुधारको विधि निर्धारण गर्ने ।

(३) हालसम्मको अध्ययनका आधारमा व्यवस्थापन परीक्षणको राष्ट्रिय रणनीति तर्जुमा गर्दा देहायका विषयलाई रणनीतिको प्राथमिकताको क्षेत्रमा समावेश गर्न उपयुक्त देखिएको छः

- संस्थागत क्षमता सुदृढीकरण,
- व्यवस्थापन परीक्षणको मूलप्रवाहीकरण,
- कानुनी तथा पद्धतिगत सुधार,
- जनशक्ति विकास र विशेषज्ञताको विकास,
- कार्यक्रम कार्यान्वयन र स्रोत परिचालन,
- सूचना, शिक्षा तथा संचारको माध्यमबाट पैरवी, अधिवाचन तथा सचेतना अभिवृद्धि,
- कार्यसम्पादन व्यवस्थापन पद्धतिको विकास,
- अनुगमन र मूल्यांकन व्यवस्था,
- सहकार्य र साझेदारी प्रवर्द्धन,
- कार्यमूलक अनुसन्धानको माध्यमबाट निरन्तर सुधार ।

(४) व्यवस्थापन परीक्षण पद्धतिका वारेमा नीतिगत नेतृत्व गर्ने राजनीतिक तह एवं उच्च प्रशासनिक तहमा सचेतना र संवेदनशीलता हासिल गर्न नीतिगत सचेतना अन्तरक्रियाको आयोजना गर्ने ।

(५) व्यवस्थापन परीक्षणको प्रभावकारी शुरुआत गरी यसबाट अपेक्षित परिणाम निकाल्न सक्षम निजी क्षेत्रसंग यस विषयमा सहकार्यात्मक रुपमा अन्तरक्रिया गरी यसको रणनीतिक एवं कार्यमूलक प्रभावकारिता अभिवृद्धि गर्ने ।

## *व्यवस्थापन परीक्षणको संरचनागत सुधार*

७४. व्यावसायिक रुपमा सक्षम, कार्यमूलक र सेवा प्रवाह गर्न सक्ने संस्थागत व्यवस्थाले मात्र व्यवस्थापन परीक्षणको कार्यलाई कार्यदक्षता, उपयुक्तता, नतिजामूलकता र प्रभावकारी रुपमा संचालन गर्न सक्ने कुरालाई आत्मसात गरी व्यवस्थापन परीक्षणसम्बन्धी वर्तमान संरचनागत व्यवस्थामा देहाय बमोजिम सुधार गर्न सिफारिश गरिएको छ :

(१) व्यवस्थापन परीक्षणसम्बन्धी व्यवस्थाको राष्ट्रिय महत्व, उच्च तहको नेतृत्वको आवश्यकता, समन्वय र निर्देशन एवं नीतिगत व्यवस्थापनको आवश्यकतासमेतलाई ध्यानमा राखी यसका लागि हाल व्यवस्था भएको संगठनात्मक संरचना र हैसियतमा बढोत्तरी आवश्यक देखिएको सन्दर्भमा एक सक्षम र एकीकृत अधिकारक्षेत्र तथा स्वायत्ततासहितको समर्पित केन्द्रिय निकायको स्थापना गर्ने । यसका लागि तत्कालै विशेषज्ञसहितको सहभागितामा संगठन र व्यवस्थापन अध्ययन गराउने सो को अध्ययन प्रतिवेदनलाई आधार लिई संगठनात्मक सुधार गर्ने ।

(२) व्यवस्थापन परीक्षणको नीतिगत समन्वय र निर्देशन व्यवस्थालाई सहभागितामूलक रुपमा प्रभावकारी तुल्याउन नेपाल सरकारका मुख्य सचिवको नेतृत्वमा सामान्य प्रशासन मन्त्रालयले सचिवालयको कार्य गर्ने गरी व्यवस्थापन परीक्षण राष्ट्रिय निर्देशन तथा समन्वय समिति गठन गरी जिम्मेवारी दिने ।

(३) व्यवस्थापन परीक्षणको प्रभावकारिता मन्त्रालय त्था केन्द्रिय निकायमा रहने व्यवस्थापन परीक्षणको जिम्मा लिने संस्थागत संयन्त्रको क्षमतामा निर्भर गर्ने भएकाले सबै केन्द्रिय निकाय तथा मन्त्रालयमा व्यवस्थापन परीक्षणको केन्द्रिय निकायको समन्वय तथा सुपरीवेक्षणमा रही कार्यसम्पादन गर्ने गरी व्यवस्थापन परीक्षणसम्बन्धी सम्पर्क तथा कार्यसंचालनको जिम्मेवारी भएको व्यवस्थापन परीक्षण समितिका रुपमा छुट्टै संरचना निर्माण गर्ने र सो को नेतृत्व सम्बन्धित निकायको सहसचिवस्तरले गर्ने । सो को संचालनका लागि कार्यक्रम बजेटको व्यवस्था सम्बन्धित निकायमा नै व्यवस्था गर्ने । उक्त संरचनागत व्यवस्थाका लागि आवश्यक पर्ने क्षमता विकासको कार्य सामान्य प्रशासन मन्त्रालयले गर्ने । यस अन्तरगत प्रभावकारी व्यवस्थापन परीक्षणका लागि स्वतन्त्र रुपमा क्षमताको लेखाजोखा गराउने र सो का आधारमा सुधारात्मक उपाय अवलम्वन गर्ने ।

(४) महालेखा परीक्षकबाट हुने अन्तिम तथा कार्यमूलक लेखापरीक्षण, लोक सेवा आयोगबाट हुने निजामती सेवाको कर्मचारी भर्ना, नियुक्ती तथा विभागीय कारवाहीसम्बन्धी परीक्षण, महालेखा नियन्त्रक कार्यालयबाट हुने आन्तरिक लेखापरीक्षण, विशेषीकृत रुपमा विभिन्न निकायबाट गरिने परीक्षणबीच पारस्परिकताको सम्बन्ध हुने र एक अर्काको क्रियाकलाप र अनुभवबीच तालमेल हुनु

आवश्यक हुने हुंदा व्यवस्थापन परीक्षणको एकीकृत क्षमता हासिल गर्न ती निकायबीच नीतिगत र पद्धतिगत तहमा संयुक्त परामर्श र समन्वयको संयन्त्र निर्माण गर्ने ।

(५) व्यवस्थापन परीक्षणजस्तो समन्वयात्मक र सहभागितात्मक रुपमा संचालन गर्नु पर्ने जिम्मेवारी भएको विषयमा कुनै एक संस्थाको परिचालनबाट मात्र सम्भव हुँदैन । यसका लागि व्यवस्थापन परीक्षणको क्षेत्रमा दखल भएका विज्ञहरुको एकीकृत सहभागिता र योगदान आवश्यक पर्दछ । यसै तथ्यलाई मध्यनजर गरी व्यवस्थापन परीक्षणको संस्थागत प्रभावकारिताका लागि व्यवस्थापन परीक्षणसम्बन्धी विज्ञहरुको कार्यमूलक संजाल निर्माण गरी परिचालन गर्ने ।

(६) व्यवस्थापन परीक्षणलाई नतिजामूलक तुल्याउन यसले औंल्याएका अनियमितता उपर सही कारवाही र सुधारका विषयको प्रभावकारी कार्यान्वयन गराउने क्षमता आवश्यक देखिएको सन्दर्भमा व्यवस्थापन परीक्षणका बेरुजु तथा अनियमितताका विषयमा उपयुक्त निर्णय लिन तथा सो को कार्यान्वयनको अनुगमन गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सचिवको नेतृत्वमा व्यवस्थापन परीक्षण वेरुजु फर्स्यौट समितिको गठन गरी जिम्मेवारी दिने ।

(७) व्यवस्थापन परीक्षणसम्बन्धी अध्ययन अनुसन्धान गरी यसमा निरन्तर सुधार विधि अवलम्वन गर्ने । यस पद्धतिको सैद्धान्तिक तथा व्यावहारिक आधार फराकिलो तथा विकसित तुल्याउन तथा अध्ययन अनुसन्धान एवं सिकाइको संस्कारको विकास गर्न व्यवस्थापन परीक्षण प्रलेख स्रोत तथा सचना केन्द्रको स्थापना गर्ने ।

## *व्यवस्थापन परीक्षणमा पद्धतिगत तथा कार्यविधिगत सुधार*

७५. व्यवस्थापन परीक्षणलाई सार्थक, स्तरीकृत तथा नतिजामूलक तुल्याई यसको वैधता र उद्देश्यपरकता सुनिश्चित गर्न व्यवस्थापन परीक्षणसम्बन्धी हालको पद्धति तथा कार्यविधिमा सुधार गर्न देहायका क्षेत्रमा सुझाव प्रस्तुत गरिएका छन्:

(१) व्यवस्थापन परीक्षणको कार्यलाई एकीकृत अधिकारक्षेत्रसहित यसलाई स्वतन्त्र तथा व्यावसायिक रुपमा संचालन गर्न सक्षम हुने गरी हालको सीमित कानुनी प्रावधानलाई एकीकृत, व्यापक र फराकिलो तुल्याइनु जरुरी देखिन्छ । यसका लागि हालको निजामती सेवा ऐनमा व्यवस्थापन परीक्षणसम्बन्धी छुट्टै विस्तृत प्रावधानसहितको कानुनी व्यवस्था गर्ने वा विद्यमान सुशासनसम्बन्धी

कानुनमा  व्यवस्थापन परीक्षणसम्बन्धी छुट्टै परिच्छेद समावेश गर्ने गरी कानुनी सुधार गर्न उपयुक्त हुन्छ ।

(२) संवैधानिक तथा कानुनी अधिकारक्षेत्र फरक परेको सम्बन्धमा सामन्जस्यपूर्ण तरिकाले एकीकृत क्षमतासहित सरकारी निकायको व्यवस्थापन परीक्षण गर्न सक्षम हुनेगरी पर्याप्त कानुनी आधार निर्माण गर्ने । यसमा अधिकारक्षेत्र कानुनी रुपमा नै फरक हुने गरी निर्धारण भएको तर व्यवस्थापन परीक्षणको जिम्मेवारीभित्र पर्ने भएमा सहकार्यात्मक रुपमा कार्यसन्चालन गर्ने, केन्द्रिय व्यवस्थापन परीक्षण निकायलाई पर्याप्त अधिकार र जिम्मेवारी दिने, वाह्य क्षेत्रको क्षमतालाई उपयोग गर्न सक्नेगरी कानुनी रुपमा फराकिलो बनाउने, अनुगमन र कार्यान्वयनको अधिकार र क्षमतालाई स्पष्ट र व्यापक तुल्याउने, आदि सुधारसहितको कानुनी व्यवस्था स्थापित गर्ने ।

(३) व्यवस्थापन परीक्षण भनेको निरीक्षण वा परिपालनाको लेखाजोखा तथा परीक्षण मात्र होइन र सैद्धान्तिक तथा व्यवहारिक रुपमा यो भनेको व्यवस्थापकीय कार्यसम्पादनको गुणात्मकता र नतिजामा आधारित लेखाजोखा तथा परीक्षण हो । यसै आधारमा कार्यान्वयनमा रहेको व्यवस्थापन परीक्षण निर्देशिकाको सैद्धान्तिक तथा कार्यमूलक आधारलाई परिमार्जन गर्ने ।

(४) हालको व्यवस्थापन परीक्षण निर्देशिकाले व्यवस्थापन परीक्षण पद्धतिलाई संचालन गर्न शुरुआती आधार तयार गरेको भएतापनि व्यवस्थापन परीक्षणको कार्यलाई कार्यसम्पादन सूचकमा आधारित, नतिजामूलक व्यवस्थापनमा आधारित, व्यवस्थापन परीक्षणसम्बन्धी अन्तरराष्ट्रिय प्रचलन र स्तरको पालना हुनेगरी, पेशागत व्यावसायिकताका आधारमा कार्यान्वयन गर्न सकिने गरी, वस्तुगत मापदण्डमा आधारित भै परीक्षण तथा लेखाजोखा र मूल्यांकन गर्न सकिने गरी निर्देशिकामा सुधार गर्ने ।

(५) निर्देशिकाले व्यवस्थापन परीक्षणको आधारभूत तरिका र प्रक्रियाका आधारमा निर्देशित गर्दछ भने यसको वस्तुगत क्रियान्वयनका लागि छुट्टै दिग्दर्शन आवश्यक पर्ने भएकाले विस्तृत व्याख्या, सूचक, मापदण्ड र वस्तुगत तरिकासहितको व्यवस्थापन परीक्षण दिग्दर्शन तयार गरी कार्यान्वयनमा ल्याउने । यसका सम्बन्धमा निर्देशिकाले व्यवस्थापन परीक्षणको कार्यलाई सहज र सरल तुल्याउन सामान्य प्रशासन मन्त्रालयले सरकारी कार्यालयहरुको व्यवस्थापन परीक्षण दिग्दर्शन तयार गरी लागू गर्न सक्ने व्यवस्था गरिसकेको छ तर दिग्दर्शन तयार गरी कार्यान्वयनमा ल्याउन भने बांकी नै रहेको अवस्था विद्यमान    छ ।

(६) व्यवस्थापन परीक्षण दिग्दर्शन तयार गर्दा सबै सरकारी कार्यालयमा कार्यसम्पादन मापनका लागि वस्तुगत सूचकको विकास गरी कार्यान्वयनमा ल्याउनु जरुरी देखिएको हुंदा सामान्य प्रशासन

मन्त्रालयले एक विज्ञ समिति गठन गरी दिग्दर्शनको विस्तृत संरचना तयार गर्न जिम्मेवारी दिने । यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट विभिन्न मन्त्रालय तथा केन्द्रीय निकायको बार्षिक रुपमा कार्यसम्पादन सूचक तयार गरी मूल्यांकन गर्ने परिपाटीको विकास गरिसकिएको हुंदा सोही कार्यसम्पादन सूचकसंग समन्वय र सामन्जस्य कायम गर्ने व्यवस्था हुन समेत आवश्यक छ ।

(७) व्यवस्थापन परीक्षणको प्रतिवेदनले औंल्याएका विषयको प्रभावकारी कार्यान्वयनबाट नै यस पद्धतिको गुणात्मकता सुनिश्चित हुने हुंदा यसका लागि व्यवस्थापन परीक्षण अनुगमन तथा मूल्यांकन कार्यविधि दिग्दर्शन तयार गरी लागू गर्ने ।

(८) व्यवस्थापन परीक्षणका लागि आवश्यक पर्ने सूचनाको सही व्यवस्थापन र उपयोगबाट नै हालको व्यवस्थापन परीक्षण व्यवस्थालाई स्तरीकृत र सक्षम तुल्याउन सकिने हुंदा व्यवस्थापन परीक्षण सूचना व्यवस्थापन प्रणालीको विकास गरी सूचना प्रविधिको विस्तारित प्रयोग गर्ने क्षमता विकास गर्ने ।

(९) हालको अवस्थामा सामान्य प्रशासन मन्त्रालय र पछि विकास गरिने व्यवस्थापन परीक्षण केन्द्रिय निकायले विकेन्द्रित व्यवस्थापन परीक्षण पद्धतिको अवलम्वन अन्तरगत नीतिगत र महत्वपूर्ण व्यवस्थापकीय विषयको व्यवस्थापन परीक्षण गर्ने र कार्यगत तहको व्यवस्थापन परीक्षणका लागि सम्बन्धित मन्त्रालय वा केन्द्रिय निकायको व्यवस्थापन परीक्षण संयन्त्रलाई नै अधिकार र जिम्मेवारी दिने परिपाटी अवलम्वन गर्ने । साथै सामान्य प्रशासन मन्त्रालय वा व्यवस्थापन परीक्षण केन्द्रिय निकायले अन्य निकायले गरेको व्यवस्थापन परीक्षणको पद्धतिगत परीक्षण र लेखाजोखा गरी सुधारको विषयलाई निर्देशन तथा समन्वय एवं अनुगमन र मूल्यांकन गर्ने जिम्मेवारी वहन गर्ने गरी हालको व्यवस्थामा सुधार गर्ने ।

(१०) विभिन्न मन्त्रालय तथा केन्द्रिय निकायको विकास कार्यक्रमको चौमासिक समीक्षा तथा द्वैमासिक समस्या समाधान समितिको वैठकमा समीक्षा, अनुगमनको विषयवस्तु तथा मूल्यांकन गर्ने विषयका रुपमा व्यवस्थापन परीक्षणको प्रतिवेदनले औंल्याएका विषय र सुधारको पक्षलाई अनिवार्य रुपमा समावेश गर्ने गरी नेपाल सरकारका तर्फबाट निर्देशन दिने ।

***व्यवस्थापन परीक्षणका लागि जनशक्ति व्यवस्था तथा मनोव्यवहारिक सुधार:***

७६. पेशागत रुपमा सक्षम र कार्यगत रुपमा दक्ष जनशक्तिको परिचालन र व्यवस्थापनबाट नै सरकारी संगठनको व्यवस्थापन परीक्षणजस्तो महत्वपूर्ण जिम्मेवारीलाई सार्थक रुपले वहन गर्न सकिने हुन्छ ।

व्यवस्थापन परीक्षणको प्रमुख आधारका रुपमा रहेको जनशक्ति व्यवस्थामा सुधारका लागि देहाय बमोजिमको सुझाव र सिफारिश प्रस्तुत गरिएका छन्:

(१) व्यवस्थापन परीक्षणलाई व्यावसायिक तथा पेशागत रुपले सक्षम तुल्याउन यसको वर्तमान आवश्यकता र भविष्यको आवश्यकतालाई समेत दृष्टिगत गरी व्यवस्थापन परीक्षण जनशक्ति योजना तयार गर्ने ।

(२) व्यवस्थापन परीक्षणको कार्यमा संलग्न हुने र हुन सक्ने जनशक्तिको क्षमता विकासका लागि तालिमको आवश्यकताको लेखाजोखा तथा पहिचान गरी प्रशिक्षण कार्ययोजना निर्माण गर्ने । यसका लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसंगको सहकार्यमा विशेषीकृत पाठ्यक्रम निर्माण गरी सहकार्यमा प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।

(३) व्यवस्थापन परीक्षणको कार्यलाई पेशागत रुपमा सक्षम र मान्य तुल्याउन आधारभूत तथा उच्च सक्षमता विकास तालिमको व्यवस्था गर्ने र यसमा सहभागी भै न्यूनतम मापदण्ड पूरा गर्ने जनशक्तिलाई प्रामाणिक उपलब्धीका आधारमा प्रमाणित र मान्य व्यवस्थापन परीक्षकका रुपमा मान्यता दिई त्यही समूहबाट मात्र व्यवस्थापन परीक्षणको कार्य गराउने गरी व्यवस्था गर्ने ।

(४) विभिन्न निकायमा कार्यरत प्रमाणित र मान्य व्यवस्थापन परीक्षकहरुको विशेषज्ञ संजाल बनाई आवश्यकता अनुसार परिचालन गर्ने ।

(५) व्यवस्थापन परीक्षणको कार्यलाई कार्यसम्पादनमा आधारित तथा गुणात्मक नतिजा उन्मुख तुल्याउन र दक्ष जनशक्तिको पेशागत कार्य प्रतिको उत्प्रेरणा र मनोवल उच्च पार्न यसको कार्यसम्पादन पद्धति निर्माण गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्ने । यसका लागि विशेषज्ञ समिति बनाई व्यवस्थापन परीक्षणको प्रतिवेदनको मूल्यांकन गर्ने र सो का आधारमा पुरस्कृत गर्ने व्यवस्था गर्न समेत सिफारिश गरिएको छ ।

(६) सरकारी संगठनको व्यवस्थापन परीक्षणको नीति, योजना, कार्यक्रम तथा क्रियाकलाप एवं यसको नतिजा र प्रभावकारिता प्रति राजनीतिक संगठन, पेशागत संगठन, सामुदायिक संस्था, नागरिक समाज एवं निजी क्षेत्र तथा विदेशी दातृ समुदायको सकारात्मक सोचको विकास गर्न र यसको प्रभावकारिता बढाउन सार्थक सहभागिता र सहयोगको वातावरण विकास गर्न व्यवस्थापन परीक्षणको सूचना, शिक्षा र संचारको कार्यनीति  बनाई उपयोग गर्ने ।

(७) व्यवस्थापन परीक्षणलाई संगठनात्मक र कार्यप्रक्रियागत रुपमा प्रभावकारी ढंगले संचालन गरेको जानकारीका आधारमा मित्रराष्ट्र श्रीलंकालगायत दक्षिण एशियाका विभिन्न मुलुकको कार्यमूलक

अनुभव तथा तुलनात्मक सक्षमता हासिल गने अवसर प्रदान गर्न उपयुक्त देखिएको हुंदा सामान्य प्रशासन मन्त्रालयमा व्यवस्थापन परीक्षणको कार्यसंचालनको जिम्मेवारी वहन गर्ने कर्मचारीको समूहलाई ती मुलुकको अध्ययन भ्रमण गराई सीप र दक्षताका साथै नवीनतम ज्ञान हासिल गराउने उपाय अवलम्वन गर्ने ।

## व्यवस्थापन परीक्षण व्यवस्थामा गरिने सुधारको कार्यान्वयनका लागि कार्ययोजना

७७. व्यवस्थापन परीक्षण पद्धतिलाई सक्षम र सुदृढ तुल्याई अपेक्षित नतिजा हासिल गर्न माथि उल्लिखित सुझाव तथा सिफारिशको व्यवस्थित रुपमा कार्यान्वयन गर्नका लागि देहाय बमोजिमको कार्ययोजना प्रस्ताव गरिएको छः

(क) **तत्काल सुधार गर्नु पर्ने विषयको कार्ययोजना (६ महिनाभित्र सम्पन्न गर्ने)**

| क.सं. | सुधारको क्षेत्र | सुधारका क्रियाकलाप | कार्यसम्पन्न गरिसक्ने समयावधि | जिम्मेवार निकाय | उपलव्धी सूचक | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | रणनीतिक सुधार | १. व्यवस्थापन परीक्षणको राष्ट्रिय रणनीति तर्जुमाका लागि परामर्श गोष्ठीको आयोजना गर्ने । | ३ महिनाभित्र | सामान्य प्रशासन मन्त्रालय | परामर्श गोष्ठीको आयोजना र रणनीति निर्माणका लागि अनुपोषण प्राप्ती । | |
| | | २. व्यवस्थापन परीक्षण सम्बन्धी नीतिगत सचेतना अन्तरक्रिया गर्ने । | ३ महिनाभित्र | सामान्य प्रशासन मन्त्रालय | अन्तरक्रियाबाट सचेतना अभिवृद्धि हुने । | |
| | | ३. व्यवस्थापन परीक्षण राष्ट्रिय रणनीति निर्माणका लागि विज्ञ कार्यदल गठन गर्ने । | १ महिनाभित्र | सामान्य प्रशासन मन्त्रालय | विज्ञ कार्यदल निर्माण । | |
| २. | संरचनागत सुधार | १. व्यवस्थापन परीक्षणका लागि प्रभावकारी तथा सक्षम संगठनको विकास गर्न संगठन र व्यवस्थापन अध्ययनका लागि कार्यदल गठन गरी अध्ययन गराउने । | ६ महिनाभित्र | सामान्य प्रशासन मन्त्रालय | संगठन र व्यवस्थापन अध्ययनको प्रतिवेदन प्राप्त हुने । | |
| | | २. व्यवस्थापन परीक्षण राष्ट्रिय समन्वय तथा निर्देशन समिति गठन गर्ने । | ३ महिनाभित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | समन्वय तथा निर्देशनका लागि उच्चस्तरीय संरचना निर्माण हुने । | |
| | | ३. व्यवस्थापन परीक्षण बेरुजू फर्स्यौट समिति गठन गर्ने । | १ महिनाभित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको | समिति गठन हुने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ४. हालको व्यवस्थापन परीक्षण शाखालाई सहसचिवस्तरको नेतृत्व दिई महाशाखाका रुपमा स्तरोन्नति गर्ने । | १ महिनाभित्र | कार्यालय<br><br>सामान्य प्रशासन मन्त्रालय | व्यवस्थापन परीक्षण महाशाखा गठन हुने । | |
| ३. | पद्धतिगत तथा कार्यविधिगत सुधार | १. व्यवस्थापन परीक्षण निर्देशिका परिमार्जनका लागि कार्यदल निर्माण गर्ने ।<br>२. व्यवस्थापन परीक्षण निर्देशिका परिमार्जन गर्ने ।<br><br>३. व्यवस्थापन परीक्षण दिग्दर्शन तयार गर्न विज्ञ समिति गठन गर्ने ।<br><br>४. विभिन्न केन्द्रीय निकायले गर्ने आवधिक विकास समीक्षामा व्यवस्थापन परीक्षणको प्रतिवेदनमाथि छलफल गर्ने पद्धति अवलम्वन गराउने । | १ महिनाभित्र<br>६ महिनाभित्र<br><br>१ महिनाभित्र<br><br>३ महिनाभित्र | सामान्य प्रशासन मन्त्रालय<br>सामान्य प्रशासन मन्त्रालय<br><br>सामान्य प्रशासन मन्त्रालय<br><br>सामान्य प्रशासन मन्त्रालय | कार्यदल निर्माण भै परिमार्जनको कार्य शुरु हुने ।<br>परिमार्जित व्यवस्थापन परीक्षण निर्देशिका कार्यान्वयनमा ल्याइने ।<br>दिग्दर्शन तयारीका लागि विज्ञ समिति निर्माण तथा कार्य शुरु ।<br>व्यवस्थापन परीक्षणको विषय संगठनात्मक विकासको प्राथमिकतामा समावेश हुने । | |
| ४. | व्यवस्थापन परीक्षणका लागि जनशक्ति व्यवस्था तथा मनोव्यवहारिक सुधार | १. व्यवस्थापन परीक्षण जनशक्ति योजना तयार गर्ने ।<br>२. व्यवस्थापन परीक्षण सूचना शिक्षा तथा संचार कार्यनीति तर्जुमा गर्ने | ६ महिनाभित्र<br>६ महिनाभित्र | सामान्य प्रशासन मन्त्रालय<br>सामान्य प्रशासन मन्त्रालय | जनशक्ति योजना तयार हुने ।<br><br>सूचना शिक्षा तथा संचार कार्यनीति तजुमा भै पैरवी र अधिवाचनको कार्य शुरु हुने । | |

(ख) **मध्यकालीन सुधारको कार्ययोजना (२ बर्षभित्र सम्पन्न गर्ने)**

| क.सं. | सुधारको क्षेत्र | सुधारका क्रियाकलाप | कार्यसम्पन्न गरिसक्ने समयावधि | जिम्मेवार निकाय | उपलव्धी सूचक | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | रणनीतिगत सुधार | १. व्यवस्थापन परीक्षण राष्ट्रिय रणनीति स्वीकृत गरी कार्यान्वयन गर्ने । | १ बर्ष भित्र | सामान्य प्रशासन मन्त्रालय | रणनीति कार्यान्वयनमा ल्याइने । | |
| | | २. रणनीतिक प्रभावकारिताका लागि निजी व्यावसायिक क्षेत्रसंग सहकार्यात्मक अन्तरक्रिया गर्ने । | १ बर्ष भित्र | सामान्य प्रशासन मन्त्रालय | निजी क्षेत्रसंगको सहकार्य अभिवृद्धि हुने । | |
| २. | संरचनागत सुधार | १. व्यवस्थापन परीक्षणको केन्द्रीय सक्षम निकायको स्थापना गर्ने । | १ बर्ष ६ महिना भित्र | सामान्य प्रशासन मन्त्रालय | सक्षम निकायको स्थापना हुने । | |
| | | २. सबै केन्द्रीय निकायमा व्यवस्थापन परीक्षणको संरचना निर्माण गर्ने । | २ बर्ष भित्र | सामान्य प्रशासन मन्त्रालय | व्यवस्थापन परीक्षणको संस्थागत संजाल निर्माण हुने । | |
| | | ३. व्यवस्थापन परीक्षणका विभिन्न विषयगत जिम्मेवारी भएका निकायबीच संयुक्त परामर्श र समन्वयको संयन्त्र निर्माण गर्ने । | २ बर्ष भित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | एकीकृत संरचना निर्माण भै कार्य शुरु हुने । | |
| | | ४. व्यवस्थापन परीक्षणसम्बन्धी विज्ञहरुको कार्यमूलक संजाल निर्माण गर्ने । | १ बर्ष ६ महिना भित्र | सामान्य प्रशासन मन्त्रालय | विज्ञहरुको संजाल निर्माण हुने । | |
| | | ५. व्यवस्थापन परीक्षण प्रलेख स्रोत तथा सूचना केन्द्र स्थापना गर्ने । | २ बर्ष भित्र | सामान्य प्रशासन मन्त्रालय | अभिलेख तथा सूचना संयन्त्र निर्माण हुने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | पद्धतिगत तथा कार्यविधिगत सुधार | १. एकीकृत तथा सक्षम व्यवस्थापन परीक्षणका लागि कानुनमा संशोधन गर्ने ।<br>२. व्यवस्थापन परीक्षणका लागि सबै निकायमा कार्यसम्पादन व्यवस्थापन पद्धति लागू गर्ने ।<br>३. व्यवस्थापन परीक्षणको अनुगमन तथा मूल्यांकन कार्यविधि स्वीकृत गरी लागू गर्ने ।<br>४. व्यवस्थापन परीक्षण सूचना व्यवस्थापन पद्धतिको विकास गर्ने । | १ बर्ष बर्षभित्र<br>१ बर्ष ६ महिना भित्र<br>१ बर्ष भित्र<br>१ बर्ष भित्र | सामान्य प्रशासन मन्त्रालय<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>सामान्य प्रशासन मन्त्रालय<br>सामान्य प्रशासन मन्त्रालय | पर्याप्त र उपयुक्त कानुनी व्यवस्था प्राप्त हुने ।<br>कार्यसम्पादन सूचक निर्माण भै व्यवस्थापन परीक्षणको कार्य वस्तुगत र व्यवस्थित हुने ।<br>व्यवस्थापन परीक्षण गुणात्मक र नतिजामा आधारित हुने ।<br>सूचना र अभिलेख व्यवस्थापन तथा सूचना संजाल निर्माण भै व्यवस्थित हुने । | |
| ४. | जनशक्ति व्यवस्था तथा मनोव्यवहारिक सुधार | १. सक्षम व्यवस्थापन परीक्षणका लागि जनशक्ति योजना अनुसार तालिमको आवश्यकता पहिचान गर्ने तथा प्रशिक्षण कार्ययोजना निर्माण गर्ने ।<br>२. व्यवस्थापन परीक्षण विशेष प्रशिक्षण संचालन गर्ने ।<br>३. Certified र Accredited Management Auditor का रुपमा मान्यता दिने व्यवस्था गरी दिई त्यही समूहबाट मात्र व्यवस्थापन परीक्षणको कार्य गराउने व्यवस्था | १ बर्ष ६ महिनाभित्र<br>२ बर्ष भित्र<br>२ बर्ष भित्र | सामान्य प्रशासन मन्त्रालय<br>सामान्य प्रशासन मन्त्रालय<br>सामान्य प्रशासन मन्त्रालय | आवश्यकता अनुसार प्रशिक्षणको कार्ययोजना निर्माण हुने ।<br>प्रशिक्षित जनशक्ति हासिल हुने ।<br>व्यावसायिक क्षमतासहितको व्यवस्थापन परीक्षकको समूह निर्माण हुने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गर्ने । <br> ४. व्यवस्थापन परीक्षणको कार्यलाई गुणात्मक र नतिजामूलक तुल्याउन कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्ने । | २ बर्ष भित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | व्यवस्थापन परीक्षणको कार्य नतिजामूलक हुने । | |
| | | ५. व्यवस्थापन परीक्षणसम्बन्धी सीप र दक्षता अभिवृद्धिका लागि दक्षिण एशियाका मुलुकको अध्ययन भ्रमणमा पठाउने । | १ बर्ष ६ महिना भित्र | सामान्य प्रशासन मन्त्रालय | व्यवस्थापन परीक्षणको प्रभावकारिता हासिल गर्न नवीनतम ज्ञान, अनुभव, सीप र दक्षता अभिवृद्धि हुने । | |

७४. व्यवस्थापन परीक्षणको हालको व्यवस्थामा सुधारका लागि प्रस्ताव गरिएको सुझाव र सिफारिशको प्रभावकारी कार्यान्वयनका लागि उच्च राजनीतिक तहको प्रतिवद्धता र समर्थनका साथै सरोकारवालाको सार्थक सहभागिता र सहयोगका आधारमा सवल वातवरणको निर्माण गर्नु आवश्यक हुन्छ । त्यसैगरी व्यवस्थापन परीक्षण पद्धतिको सुधारको कार्ययोजनाको सक्षम कार्यान्वयन व्यवस्थाका लागि रणनीतिक व्यवस्थापन, पर्याप्त र उपयुक्त कानुनी व्यवस्था, सक्षम र उत्प्रेरित जनशक्ति, समन्वय व्यवस्था, विकास कार्यक्रम र पर्याप्त बजेट व्यवस्थाको सुनिश्चितता गर्नु जरुरी देखिन्छ । व्यवस्थापन परीक्षण व्यवस्थामा सुधारको कार्यलाई नतिजामूलक र गुणात्मक तुल्याउन प्रभावकारी रुपमा अनुगमन र मूल्यांकनको व्यवस्था त्यत्तिकै महत्वपूर्ण हुन्छ । साथै सुधारका सम्पूर्ण कार्यमा सरोकारवालाको सहभागिता हासिल गरी साझेदारी, स्वामित्व, योगदान र सामूहिक उत्तरदायित्व सुनिश्चित गर्नका लागि सार्थक सहकार्य र साझेदारीको आवश्यकता पर्दछ ।

*** *** ***

## मुख्य सन्दर्भ सामाग्री


Arter, Dennis R. (2000). *Management Auditing*, Quality Digest, April, 2000.

Craig-Cooper, Michael and Philippe De Backer (1993). *The Management Audit: How to Create an Effective Management Team.* Financial Times, Pitman Publishing..

Government of Sri Lanka, Department of Management Audit (2012). *Performance Report.*

INTOSAI (2007). *Building Capacity in Supreme Audit Institutions: A Guide*, UK National Audit Office, first edition.

Leonard, William P. (1962). *The Management Audit: An Appraisal of Management Methods and Performance.* Englewood Cliffs, NJ: Prentice Hall, 1962.

नेपाल सरकार, निजामती सेवा ऐन, २०४९ ।

Rose, Thomas G.(1944). *The Management Audit.* Gee and Co.

Sayle, Allab J. (1997). *Management Audits: The Assessment of Quality Management Systems*, Brigton, MI: Allan Sayle Associates.

सामान्य प्रशासन मन्त्रालय, व्यवस्थापन परीक्षण निर्देशिका, २०६७

सामान्य प्रशासन मन्त्रालय, व्यवस्थापन परीक्षणका बार्षिक तथा कार्यालयगत प्रतिवेदनहरु ।

Sheldon, Debra R. (1996). *Achieving Accountability in Business and Government: Managing for Efficiency, Effectiveness, and Economy.* Westport, CT: Quorum Books.

Talley, Dorsey J. (1988). *Management Audits for Excellence: The Manager's Guide to Improving the Quality and Productivity of an Organization.* Milwaukee, WI: ASQC Quality Press.

The Institute of Internal Auditors (2012). *Supplemental Guidance: The Role of Auditing in Public Sector Governance*, $2^{nd}$ Edition, January 2012. www.globaliia.org